CC-0. In Public Domain. Digitization by eGangotri

बागलुङ्को बास्सा नाच

४.३
४25बा

प्रेम छोटा

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

बागलुङको बास्सा नाच

(ऐतिहासिक लोक संस्कृतिमूलक कृति)

प्रेम छोटा

प्रकाशक
दीअ प्रकाशन
रत्न-श्रेष्ठ पुरस्कार गुठी, बागलुङ

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक तथा वितरकः

दीअ प्रकाशन
रत्न-श्रेष्ठ पुरस्कार गुठी
धवलागिरि अञ्चल, बागलुङ
फोन : ०६८-५२०५८०/५२०९७४

ग्रन्थ	:	बागलुङको बास्सा नाच (ऐतिहासिक लोक संस्कृतिमूलक कृति)
कृति	:	शोधमूलक
शोधकर्ता	:	प्रेम छोटा
संस्करण	:	प्रथम
प्रकाशन काल	:	२०६५ ज्येष्ठ १५ गते संघीय लोकतान्त्रिक गणतन्त्र दिवसको उपलक्ष्यमा
अक्षराङ्कन	:	विष्णुप्रसाद सुवेदी
लेआउट	:	रत्न श्रेष्ठ
सर्वाधिकार	:	शोधकर्ता स्वयम्
आवरण चित्र	:	परिकल्पना स्वयम्
पृष्ठ	:	१८०+२८
प्रकाशन प्रति	:	५००
ISBN	:	978-9937-8014-3-0
सहयोग स्वरुप	:	रू. ३००/-
मुद्रक	:	प्रज्ञा अफसेट प्रिन्टिङ्ग प्रेस प्रा.लि.,ललितपुर, ५५३४९५२

An AnalyticalBook of Dance BassaNach of Baglung
- By Prem Chhota

Published: Deea Prakasan,Baglung

G ACC No 3069

394.3
छो४२१बा

CC-0. In Public Domain. Digitization by eGangotri



प्रेम छ्योटा

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

वर्तमान समाजमा कोही चुरोट, सुर्ती, खैनीको नसामा व्यग्र छन् त कोही जाँड, बियर र रक्सीको । त्यस्तै कोही जुवाको खालमा मस्त छन् त कोही आर्थिक उपार्जनको क्षेत्रमा । हाम्रा वरिष्ठ साहित्यकार एवम् अन्वेषक श्री प्रेम छोटालाई भने धवलागिरिका साहित्यिक गतिविधि, बागलुङको नेवारी इतिहास र संस्कृतिका सम्बन्धमा अध्ययन, अनुसन्धान र अन्वेषण गर्नमा भ्याई-नभ्याई छ । हाम्रो साहित्य र संस्कृतिको शोध-खोज र गवेषणाका क्रममा यसपटक हाम्रा संस्कृतिशोधक प्रेम छोटाज्यूले बागलुङमा भक्तपुर, ललितपुर, बनेपालगायतका ठाउँबाट बसाईंसराई गरी वा विस्थापित भै आएका नेवार जातिका जागरुक नेवार दाजुभाइ दिदीबहिनी तथा यो जातिबाट प्रभावित अन्य जातिका (जस्तै शाक्य-बज्राचार्य थरका बौद्धमार्गी शाक्यवंशीबन्धु, थकाली जातिका गौचनबन्धु, ब्राम्हण जातिका अधिकारीबन्धुसमेत) बाट अपनाइएको ८१ बर्ष अगाडिदेखिको गाईजात्रा पर्वको अवसरमा देखाइने बास्सानाच (रामलीला/कृष्णलीला/विष्णुलीला/ शिवलीला/दत्तात्रय नाच आदि) ऐतिहासिक लोकसंस्कृतिसम्बन्धी सांस्कृतिक शोध-ग्रन्थ हामीमाझ प्रस्तुत गर्नुभएको छ ।

रत्नश्रेष्ठ पुरस्कार गुठीअन्तर्गत स्थापित दीप-अमृत (दिअ) प्रकाशनको मुख्य उद्देश्य नेपाली तथा जनजातिको समेत इतिहास र संस्कृतिको शोधखोजमूलक लेख रचनाहरुको सेवा र प्रकाशन गर्नु रहेको हुँदा यो शोधकार्यलाई समस्त पाठकसामु प्रस्तुत गर्न पाउँदा दिअ प्रकाशन शोधकर्ताप्रति हार्दिक आभार व्यक्त गर्दछ । यसरी नै यस पुस्तकलाई प्रकाशनार्थ सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दछौ ।

२०६५ जेठ १५

दिअ प्रकाशन
बागलुङ

CC-0. In Public Domain. Digitization by eGangotri

बास्सानाचको कलात्मक र आध्यात्मिक पक्षः उत्तिकै उदात्त हुन्छ !

आजभन्दा भण्डै ४३/४४ बर्षपहिलेको बागलुङको प्रसङ्ग हो : त्यहाँका मेरा तत्कालीन विद्यार्थीहरुमध्ये प्रेम छोटा एक जेहन्दार विद्यार्थी थियो । मेधावी छात्र हुनुको कारणले पनि मलाई ऊ सधैं प्रिय लाग्थ्यो । भनिन्छ- **गुरु-शिष्य बीचको सम्बन्ध अतिशय प्रगाढ हुन्छ, घनिष्ठ हुन्छ** । जब शिष्यले एउटा होनहार शिष्यका रुपमा गुरुकासामु आफूलाई उभ्याउन समर्थ हुन्छ तब ऊ स्वतः गुरुका लागि सर्वाधिक प्रिय बन्छ, अत्यतम बन्छ ।

त्यतिखेरै साहित्यिक सिर्जना तर्फ उनको एक विशेष प्रकारको नैसर्गिक रुभान थियो । उनका दुबै चमचमायमान आँखाका गहिराइमा त्यसबेला एकसाथ भावुकता र कल्पनाशीलताका हल्का भलकहरु प्रष्टसित देख्न पाइन्थ्यो । ऊ जति भावुक थियो । उत्तिकै रसिक थियो, सहृदय थियो । तसर्थ मलाई ऊ सदैब प्रियः लाग्थ्यो, अत्युतम लाग्थ्यो ।

हिन्दीमा एउटा रमाइलो भनाइ छः **"चेला चिनी बनगया गुरु गुड रह गया ।"** वास्तवमा हो पनि- म जहाँको त्यहीं छु जबकि मेरो शिष्य ऊ कहाँबाट कहाँ पुगेछ । बागलुङको उर्वर माटोमा उसले आफूलाई एक सिद्धहस्त साहित्यकारकारुपमा अलग पहिचानकासाथ सगर्व उभ्याउन सफल भएछ ! आज प्रेम छोटालाई आफ्नो विद्यार्थी भन्न पाउँदा मेरो शिर उतुङ्ग हिमशिखरभैं गर्वले उन्नत हुन्छ । यो स्वतः सिद्ध कुरो हो कि जब शिष्य आफ्नो निर्दिष्ट मञ्जिल तर्फ द्रुतगतिले अगाडि लम्कन्छ अपार धैर्य, परिश्रम र अध्यवसायकासाथ अविश्रान्त पथिक भएर; जब साँच्चिकै उसलाई गौरवमय सफलताले वरण गर्छ; जब उसको सपना साँच्चिकै साकार हुन्छ; मूर्तिमान हुन्छ; तब त्यो देखेर उसको गुरु हर्षले त्यसै त्यसै गद्गद् हुन्छ; प्रफुल्ल र आनन्दित वन्छ । आमाको प्रेम निर्मल, निश्छल र निर्विकार भए जस्तै गुरुको प्रेम पनि निर्मल, निश्छल र निर्विकार हुन्छ जसमा न कुनै स्वार्थ लुकेको हुन्छ न त कुनै लिप्सानै छिपेको हुन्छ ।

प्रेम छोटा बागलुङमा एक परिपक्व साहित्यिक स्रष्टा हुनुको साथसाथै इतिहास र संस्कृतिका मर्मज्ञ भएको कुरा सर्वविदित छ । हाल ऊ त्यस क्षेत्रमा

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक तथा साँस्कृतिक शोधखोजको गहन कार्यमा तल्लीन भएको पाइन्छ। प्रस्तुत ग्रन्थ त्यसैको ज्वलन्त नमुना हो। यसमा बालगुङ्गेहरुको मानसपटलबाट क्रमशः धूमिल हुँदै र लोप हुँदै जानलागिरहेको **बास्सानाच** जस्तो अमूल्य साँस्कृतिक धरोहरको खोजीनिति गर्दै त्यसको रोचक वृत्तान्त प्रस्तुत गर्ने जुन प्रयास गरिएको छ। त्यो स्तुत्य छ, प्रशंसनीय छ।

यसै सन्दर्भमा बागलुङमा मेरो आफ्नै घरमा मेरा पूजनीय स्वर्गीय पिता-माताको मधुर-स्मृतिमा क्रमशः वि.सं. २००७ र २०२२ सालमा सजधजकासाथ निकालिएका भव्य बास्सानाचको मलाई अद्यापि राम्रो सम्झना छ। बुवाको बास्सानाचको बेला म अल्लारे केटो थिएँ। जबकि मुमाको बास्सा नाच ताक म जवान भइसकेको थिएँ। तर यतिखेर भने मलाई पुरै वयोवृद्धभन्दा हुन्छ किनकि अहिले म ७० औं वर्षगाँठ पार गर्ने तरखरमा छु। बूढेसकालमा प्राप्त हुनु भएका कविवर सिद्धिचरण श्रेष्ठले भने झैं मलाई पनि उत्तिकै विस्मयकासाथ भन्न मन लाग्छः **"ओहो ! मलाई त थाहै भएन, म त बूढो पो भइसकेको रहेछु।"**

हुन त म प्रेम छोटा झैं संस्कृतिविद् होइन तथापि मेरो तुच्छ विचारमा बास्सानाच प्रदर्शनको एक प्रमुख उद्देश्य मृतात्माको चिरशान्तिको प्रवल कामनाकासाथै मृतकले पूर्ण सद्गति प्राप्त गरोस् भन्ने हार्दिक अभिलाषा त्यसमा निहित भएको हुन सक्छ। **बागलुङमा बास्सानाचको कलात्मक पक्ष जति मोहक हुन्छ-चित्ताकार्षक हुन्छ। त्यसको आध्यात्मिक पक्ष उत्तिकै उदात्त हुन्छ।** सारांशमा त्यसले जनमानसमा पार्ने प्रभाव दिव्य हुन्छ, अलौकिक हुन्छ।

बास्सानाचको अर्को तट्कारो प्रयोजन यो पनि हुनु सम्भव छः आफ्ना स्वर्गीय आत्मीय जनहरुको अधुर-स्मृतिलाई मनमा सधैं ताजा बनाई राख्नु; उनीहरुको यादमा आँसु बगाउँदै विरहको गीत गाउनु तथा उनीहरुद्वारा निर्दिष्ट सत्मार्ग पक्रेर जीवनलाई सुखद्, सार्थक र सम्मृद्ध तुल्याउनु। शायद यस्तै सन्दर्भलाई लिएर महाकवि लक्ष्मीप्रसाद देवकोटाले भन्नु भएको हुन सक्छः

यी यादका विमल आँसु उडेर जाँदा।
देखिन्न के झलक सुन्दर ज्योति सादा ?
जो देखिँदैन उही सम्झनुको विषाद।
आनन्द बन्दछ मीठो यसको प्रसाद॥

अस्तु

बैकुण्ठप्रसाद बिजुक्छे
ललितपुर

CC-0. In Public Domain. Digitization by eGangotri

'बागलुङ्को बारसानाच' लाई पर्गेल्न खोज्दा

प्रकृतिमा विभिन्न चराचर जगत् - प्राणी जगत् (जसअन्तर्गत मानवलगायतका पशु पन्छी र वनस्पति जगत्समेत पर्दछन्) र अन्य जड पदार्थहरु रहेका हुन्छन् । प्रकृतिका हरेक अंगको परिवर्तन एक निरन्तर प्रक्रिया हो - कुनैमा अल्पकालमा त कुनैमा दीर्घकालमा मात्र परिवर्तन देखा पर्दछ । मानिस प्रकृतिको एक महत्वपूर्ण अंग हो । ऊ यही पृथ्वीमा जन्मन्छ, हुर्कन्छ र एकदिन यो सारा सन्सार छोडेर पृथ्वीमै विलीन हुन्छ । आफ्नो जन्मस्थान वा आफू विचरण गरेको स्थानमा रमाएको मानिस समुदाय वा समाजका अरु सदस्यबाट प्रभावित भैरहेको हुन्छ भने उसले पनि अरुलाई प्रभाव पारिरहेको हुन्छ ।

प्रकृतिमा विचरण गर्ने विभिन्न प्राणीहरुमा मानिस जातिको आपसी सम्बन्ध विशिष्ट छ । त्यसो त एउटा कमिला वा कुनै चरा विशेष वा बाँदरका बीच पनि विशेष सम्बन्ध हुन्छ । चराचुरुङ्गी र जन्तुजनावरहरु पनि आफ्नै किसिमले घनिष्ट सम्बन्ध राख्दछन् । सृष्टिको प्रारम्भमा मानिस आजको अवस्थामा नभै एक किसिमको बाँदर जातिका रुपमा रहेको विज्ञ वैज्ञानिकहरुले बताएका छन् । त्यसबेलाका बानररुपि मानिसको आफ्नै किसिमको चालचलन र रस्तीबस्ती थियो भने कालक्रमले तथा सभ्यताको क्रमिक विकास र परिवर्तनले मानिसको रहनसहन, कलाकौशल, संस्कार तथा संस्कृति यथोचित रुपमा परिमार्जित र परिष्कृत अवस्थामा पदार्पण गर्दै आइरहेको पाइन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

जङ्गली अवस्थाबाट गुज्रिरहेको मानिसलाई आफ्नो दैनिक खानपिनको समस्या टार्न बनजङ्गलमा घुमफिर गर्नुपर्ने बाध्यता थियो । वनजङ्गलमा सधैं फलफूल र कन्दमूल उपलब्ध नहुँदा भोकभोकै बस्नुपर्ने प्रतिकूल परिस्थितिबाट आफूलाई बचाउन मानिसले वनका अन्य जनावरको शिकार गरी जीवन यापन गर्ने गरेको तथ्य हाम्रा वैज्ञानिक, इतिहासविद् र अनुसन्धाताहरु बताउँछन् । यस किसिमको विषम पृष्ठभूमिबाट अगाडि बढेको मानव समुदाय आज विश्वका नेपाललगायतका विभिन्न भूभागमा रमिरहेको पाइन्छ । नेपालको भूभागमा रमाइरहेका नेपालीहरुको आफ्नै विशिष्ट रहनसहन, कलाकृति, संस्कार-संस्कृति र गौरवगाथा तथा पीडा-व्यथाहरु छन् ।

धवलागिरि अञ्चलका वरिष्ठ साहित्यकार तथा अनुसन्धाता प्रेम छोटाज्यूको शोधग्रन्थ "बागलुङको बास्सा नाच" (ऐतिहासिक लोकसंस्कृतिमूलक कृति) को पाण्डुलिपि यतिखेर मेरो हातमा परेको छ । कलासंस्कृतिका बारेमा अभिरुचि राख्ने म आफू यस क्षेत्रमा कम जानकारी राख्ने व्यक्तिहरुको कोटिमा पर्ने भएतापनि मेरा आदरणीय गुरुसमेत रहनुभएका साहित्यकारको शोधकार्यको गहन अध्ययन गर्न मलाई कुत्कुत्यायो र आफ्ना भावनालाई यहाँ पस्कन मलाई क्रियाशील तुल्यायो । वास्तवमा यस किसिमको काममा घोत्लिनका लागि मैले बेलाबखत वहाँबाट प्रेरणा पाउने गरेको यथार्थ यहाँ उल्लेख गर्नु म सान्दर्भिक सम्झन्छु ।

कविला समाज हुँदै आजको अवस्थामा आएको मानिसले विभिन्न समयमा अपनाएको विभिन्न आहार-विहार तथा चालचलन र संस्कृति हिन्दू र अन्य विभिन्न धार्मिक संस्कृतिका धार्मिक ग्रन्थहरुमा श्रुति-स्मृतिका आधारमा लिपिवद्ध गरिएतापनि मानव समुदायका सबै पुराना सीप, कला, संस्कृति र व्यवहार तिनमा अक्षरशः उतारिए होलान् भन्न कठिन छ । यसै सन्दर्भमा बागलुङमा विभिन्न ठाउँबाट आई बसोबास गरेका नेवार जातिका विभिन्न खलःका परिवारजनले आफ्नो परिवारका अभिन्न अङ्ग आफ्नो परिवारबाट विलय भैदिंदा भोग्नुपरेको पीडा, दुःखका अवसरमा आयोजना गरेको बास्सा नाचको संक्षिप्त ऐतिहासिक नालीबेली, जुन कतिपय बागलुङबासी समाजसेवी तथा संस्कृतिकर्मीहरुले बिर्सिसकेका थिए, लाई लिपिवद्ध गरी प्रकाशन गर्ने जुन जमर्को साहित्यकार तथा संस्कृतिशोधक श्री प्रेम छोटाज्यूले गर्नुभएको छ त्यो अत्यन्त सराहनीय छ । यो बागलुङबासीका साथैं समग्र

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालबासी नेवारी समुदाय र अन्य जातिका लागिसमेत शिक्षाप्रद बनेको छ र विभिन्न स्थानमा बसोबास गर्ने सबै जातजातिका नेपाली जनमानसका लागि समेत अनुकरणीय छ भन्दा अत्युक्ति नहोला ।

बास्सा नाच मूलतः नेवारी समुदायमा प्रचलित प्राचीनतम लोकसंस्कृतिको एक स्वरुप हो जुन श्रावण वा भाद्र महिनामा पर्ने ऋषितर्पणी (रक्षाबन्धन)को भोलिपल्ट कृष्णपक्षको प्रतिपदाका दिन पर्दछ । यो धार्मिक कार्य मूलतः मृत आत्मालाई शान्ति मिलोस् भन्ने कामना गर्ने उद्देश्यबाट सम्पन्न गर्ने गरिन्छ । हरेक बर्ष अघिल्लो बर्षको भाद्र कृष्णपक्षको प्रतिपदादेखि सो बर्षको करिब श्रावण अमावस्यासम्म देहावसान भएका बजारबासी नेवार समुदायका मृत व्यक्ति (पुरुष वा महिला वा बालबालिका) को स्मृतिमा तायोमचा वा गाई-गोरुको प्रतिमूर्ति तयार गरिन्छ र उक्त तयारी तायोमचा वा गाइ-गोरुको प्रतिमूर्तिमा मृतकको फोटो (उपलब्ध भएसम्म) पनि टाँग्ने वा झुण्ड्याउने गरिन्छ । यो प्रतिमूर्तिलाई पहिला राधाकृष्ण चोकमा जम्मा गरी उक्त दिन विहान ३/४ बजे नै नुहाउनका लागि लैजाने भनी बाजागाजाका साथ बजार परिक्रमा गराई त्यही ठाउँमा ल्याई विसर्जन गरिन्थ्यो, पछि यहाँका व्यापारीहरु पाल्पा-बुटवल जाँदा त्यहाँका नेवारहरुले परम्परागत रुपमा चलाउँदै आएको नेवार जातिको लोकसंस्कृति बास्सा नाच देखेपछि त्यसको महत्वबाट प्रभावित भै बागलुङमा पनि सो लोकसंस्कृतिको अनुकरण गरी बास्सा नाचको थालनी भएपछि तायोमचाको सुरुवात र बिसर्जन गर्ने स्थल परिवर्तन गरी लक्ष्मीनारायण मन्दिरअगाडिको चोकमा स्थानान्तरण गरी त्यहीं नै बिसर्जन गर्ने गरिएको तथ्यलाई प्रस्तुत शोध मुलक कृतिमा पुस्तकमा उजागर गरिएको छ । मृत व्यक्तिको स्मृतिमा तयार गरिएका सबै तायोमचा र गाई-गोरुको प्रतिमूर्तिलाई दिउँसो करिब एक बजेपछि खासगरी उक्त दिनको मौसमअनुसार पुनः स्थानीय नारायणचोकको लक्ष्मीनारायण मन्दिरमा लगिन्छ र बाजागाजाका साथ **मकचानाच** सहित बजार परिक्रमा गराइन्छ । उक्त दिन सम्पन्न हुने नेवारी लोकसंस्कृतिको एक झलक हो ।

बास्सा नाच मृत व्यक्तिको सम्झनामा रामलीला वा कृष्णलीला वा विष्णुलीला वा शिवलीलाका रुपमा शोभायात्रा गरिने यसै दिनको अर्को महत्वपूर्ण

CC-0. In Public Domain. Digitization by eGangotri

पहलु हो । यो नाचका लागि भजनको रचना गरी त्यसमा संगीत भरी बजारभरि गायनसमेत गर्नुपर्ने भएकाले कमसेकम १०/१५ दिनअगाडिदेखि नै विशेष तयारी गर्नुपर्ने हुन्छ जसका लागि ठूलै जनशक्ति र यथेष्ट आर्थिक स्रोतको समेत खाँचो पर्दछ। त्यसैले यो नाच खासगरी जनबल र धनबल भएका परिवारले आँटने गर्दछन्। अन्य किसिमका परिवारले आफ्नो इच्छा भएर पनि दबाएर अरु परिवारद्वारा सञ्चालित रामलीला, कृष्णलीला, विष्णुलीला र शिवलीलामा प्रसाद चढाई आफ्ना मृतकजनको आत्मालाई शान्ति मिलोस् भनी कामना गर्ने चलन रही आएको छ। केही बर्षअघि केवल सीताराम, राधेश्याम, लक्ष्मीनारायण र गौरीशंकरलगायत दत्तात्रय भगवान्को भजन सङ्कीर्तनका साथ शोभायात्रा गर्ने प्रचलन रहेकोमा केही बर्षयता ती भगवान्को भजन सङ्कीर्तनका अलावा मृत व्यक्तिको परिवारजनसँगको सम्बन्धमा आधारित जीवनी र समाजमा निजबाट भएको योगदानको गुणगान मिश्रित जीवन-गाथा गाउँदै रामलीला/कृष्णलीला/विष्णुलीला/ शिवलीला/दत्तात्रय नाचको शोभायात्राद्वारा बजार घुमाउने चलन आजपर्यन्त कायम छ जसको वर्णन शोधकर्ताले यस ग्रन्थमा पेश गर्नुभएको छ।

नेपालको राजधानी काठमाडौंदेखि करिब २०० कि. मि. (मोटरबाटोको दृष्टिबाट २७२ कि. मि.) पश्चिम धवलागिरि हिमालको काखमा अवस्थित मनोरम बागलुङ नगरी नेपालका बासिन्दाका लागि सुपरिचित नाम हो। बागलुङको पुरानो बजारको स्वरुप, यहाँ निर्मित विभिन्न चोकहरुका मन्दिर, गुम्बा, यहाँ जगेर्ना गरिएका धार्मिक नृत्य, कलासंस्कृति आदिले यो प्रमाण दिइरहेको भान हुन्छ कि यहाँ बसाईंसराई गरेर आएका नेवारहरु कलासंस्कृतिमा विशेष दखल भएका समूह थिए जसले आफ्नो भाषा, रीतिस्थिति र कलासंस्कृतिलाई दरोसँग जगेर्ना गर्नका लागि आफ्ना सन्तानदरसन्तानसम्म बलियो छाप पारे। साथै यहाँको बस्तीको स्वरुपको आँकलन गर्दा यस्तो लाग्छ, बागलुङ बजार नेवार जातिद्वारा बसाइएको बस्ती हुनुपर्दछ अर्थात् यो बजारमा नेवार जाति आउनुभन्दा अघि अन्य जातिको बस्ती नहुनुपर्दछ। नेवार समुदायका श्रेष्ठ, प्रधानाङ्ग, राजभण्डारी, जोशी, मुलेपती, शाक्य, बज्राचार्य आदि यस थलोमा स्थायी रुपमा बसोबास गर्न

CC-0. In Public Domain. Digitization by eGangotri

थालेपछि नै अन्य जातिका मानिसहरु पनि यो बजारमा स्थायी बसोबासका लागि आकर्षित भए होलान् ।

कलासंस्कृतिको दृष्टिबाट भन्नुपर्दा म आफूलाई बागलुङे भन्नमा गर्व महसूस गर्दछु । बागलुङको संस्कृतिमा गठेमुगल, घिन्तांकिसी, तायोमचा (कतै परी नाच), मकचा नाच, गाईजात्रा बास्सा नाच, कट्टुवाल नाच, हलो नाच, रोपाईं नाच, जोगीनाच, शिकारी नाच, घोडा नाच, धानको बाला नाच, नागनागिनी नाच, थिएटर नाच, भजनथरी (भर्थरी), हनुमान नाच, आदिका अतिरिक्त चाडपर्वअनुसारका रागात्मक भजनहरु मालश्री, चाँचरी, फागु आदिसमेत अद्यापितक गाउने प्रचलन रहेकाले पनि हामी बागलुङबासी नेवारहरुले आफूलाई बागलुङको नेवार भनी आफ्नो परिचय दिन पाउँदा गौरव गर्न पाइने प्रशस्त आधारहरु रहेको म ठान्दछु किनकि भन्ने गरिन्छ नेवार जाति भनेको जात होइन, मुलुककै एक संस्कृति हो, जुन संस्कृतिको अध्ययन र अवलोकनका लागि विभिन्न देश विदेशका मानिसहरु हाम्रो देश नेपाल आउने गर्दछन् ।

नेपाल सानो देश भैकन पनि विभिन्न भाषा-भाषी बोल्ने थुप्रै जातिका मानिसहरु यहाँ बसोबास गर्दछन्। सबै जातिको आफ्नै भाषा, रीतिस्थिति, रहनसहन, कलाकौशल, संस्कार-संस्कृति छन् जसले नेपालको सांस्कृतिक धरोहरको रुपमा सगर्व परिचय दिइरहेछन् । खुसीको कुरा हो नेपालमा सबै जाति र धर्मका मानिसहरु एकआपसमा जातीय तथा धार्मिक सहिष्णुता कायम राख्दै सहकार्य गरिरहेछन् । हरेक जातिको आफ्नै किसिमको कला, संस्कृति र संस्कार रही आएको छ । हरेक जातिको संस्कार, संस्कृति र कलामा निहित राम्रो पक्षले अर्को जातिलाई समेत प्रभावित गरेको हुन्छ ।

जसरी बागलुङबासी नेवारहरुले बुटवल-पाल्पाबासी नेवारहरुबाट प्रभावित भै बागलुङमा बास्सा नाचको प्रारम्भ गरेका थिए, त्यसरी नै बागलुङमा बसोबास गर्ने अन्य जातिका परिवारजनले पनि यहाँका नेवार जातिको परम्परा र लोकसंस्कृतिबाट प्रभावित भै आफ्नो घरपरिवारमा समेत यो नाच वि. सं. २००१ मा बागलुङेहरुका काका ओमप्रसाद गौचनज्यूले आफ्ना अर्धाङ्गिनी श्रीमती नीलकुमारी गौचनको स्मृतिमा ब्रम्हा, विष्णु, महेश्वरको एउटै स्वरुप जनाउने दत्तात्रय नामको बास्सा नाच र वि. सं. २००३ मा स्व. देउरुपा अधिकारीको स्मृतिमा

CC-0. In Public Domain. Digitization by eGangotri

निजका परिवारजनले विष्णुलीलारुपि बास्सा नाच निकाली बजारमा शोभायात्रा सम्पन्न गराइएबाट बागलुङबासी विभिन्न जातिका मानिसहरुबीच बलियो सांस्कृतिक एकता रहेको छनकलाई अन्वेषक श्री छोटाले प्रस्तुत ग्रन्थमा सहर्ष उतार्नु भएको पाइन्छ ।

प्रस्तुत संग्रहमा शोधकर्ताको खोजीका आधारमा ज्ञात हुन आएको वि. सं. १९८३ सालको गाईजात्रादेखि २०६४ सालको गाईजात्रासम्म सम्पन्न ६४+२ = ६६ वटा बास्सा नाचहरु संग्रहित छन् । यस अतिरिक्त लेखकीयका रुपमा "लोकसंस्कृतिजनहरुको सामु बढी के भनूँ ?", **"नेपालमा गाईजात्रा पर्वको ऐतिहासिक महत्व", "बागलुङको बास्सानाचः परम्परित लोक संस्कृतिको रुपमा",** विषयसूचीका रुपमा बास्सानाचको क्रम र यसको स्वरुप तथा अन्तमा सन्दर्भ ग्रन्थ तथा स्रोत व्यक्तिहरु र ३५ वटा कारुणिक सङ्कीर्तन र उपलब्ध वृत्तचित्रहरु यस ग्रन्थमा समाहित छन् । यसका अतिरिक्त नेपालको नक्सा, भक्तपुरको नक्सा, बागलुङ जिल्लाको नक्सा, बागलुङ नगरपालिकाको नक्सा र बागलुङ बजारको नक्साको प्रविष्टिले प्रस्तुत ग्रन्थको महत्तालाई थप आकर्षक बनाएको छ । भक्तपुरको नक्साको प्रस्तुतिले बागलुङेहरु आज पनि आफ्नो उद्‌गमस्थल भक्तपुरलाई सदा स्मृतिरेखाभित्र राख्न चाहन्छन् भन्ने संकेत गर्दछ भने बागलुङ बजारको नक्साको प्रस्तुतिले वर्तमानमा आफू क्रियाशील रहेको स्थानलाई सदा आफ्नो मानसपटलमा राखी यहाँको कलाकौशल र संस्कृति-संस्कारलाई सदा जीवित र सशक्त राख्नुपर्ने आवश्यकता दर्शाउन खोजेको भान हुन्छ । त्यसरी नै नेपालको नक्साको समाविष्टिले मुलुकका समस्त जातजातिले आ-आफ्ना सांस्कृतिक विशेषतालाई बढावा दिई तिनको जगेर्ना गर्न सकेमा समग्रमा समुच्च नेपालको सांस्कृतिक छटाले विशालता एवम् व्यापकता पाउन सक्नेछ भन्ने सन्देश दिन चाहेको अनुभूत हुन्छ ।

बास्सा नाचसम्बन्धी विशद् चर्चा गरी ८१ बर्षदेखिका कला, कलाकार, भजन, रचनाकार, संगीतकार आदि सबैलाई समेटी तयार पारिएको यो शोधकार्य, यस आलेखकारको जानकारीमा रहेको आधारमा लाग्छ, सम्भवत: नेपालकै पहिलो कृति हो । वि. सं. १९८३ देखिका मृत व्यक्ति, तिनको स्मृतिमा गाइएको भजन,

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस लोकसंस्कृतिमा संलग्न भजनका रचयिता, संगीतकार र कलाकारहरुको पूरा नालीबेली प्रस्तुत गर्नु त्यति सहज कार्य अवश्य पनि होइन । यसका लागि यस ग्रन्थका शोधकर्ताले निकै श्रम, सीप र समय लगानी गर्नु भएको छ। यस शोधग्रन्थमा संस्कृतिकर्मीले बास्सा नाचको उत्पत्ति, बास्सा शब्दको उत्पत्ति, यससम्बन्धमा हाम्रा ऐतिहासिक वंशावली के भन्छन् ? यसको पृष्ठभूमि के थियो ? आदि सवालमा समेत प्रकाश पार्नु भै सबै पाठकमाझ नेवारी संस्कृतिको महिमा र वैशिष्ट्यता छरपष्टाउनु भएको छ। शोधकर्ताको यो प्रयासले कतिपय परिवारजनलाई आफ्ना प्रातःस्मरणीय प्रपितामह, प्रमातामह, पितामह, मातामह, माता-पिता तथा बन्धुबान्धवका क्रियाकलाप र बोली वचनको ताजा सम्झना गराएको छ भने कतिपय भजन रचयिता र संगीतकार तथा कलाकारहरुलाई आफ्ना पूर्वावस्थामा फर्केर स्मरण गर्न बाध्य गराएको छ ।

कुनै ग्रन्थको सबल पक्ष र दुर्बल पक्षको बारेमा भन्न वा टीका-टिप्पणी गर्न जति सजिलो हुन्छ त्यो त्यस ग्रन्थ तयार गर्ने समयमा हुँदैन। हरेक ग्रन्थकारले यो महायज्ञमा धेरै-धेरै कष्ट र पीडा खप्दै आफूले आँटेको कार्यलाई सिद्धिको दिशामा डोऱ्याउनुपर्ने हुन्छ । यस सन्दर्भमा यस ग्रन्थका शोधकर्तालाई पनि थुप्रै समस्याहरु आए होलान् । यस ग्रन्थमा वि. सं. १९८३ देखिका बास्सा नाचसँग सम्बद्ध मृत व्यक्तिहरुको नामावलीलाई संग्रहित गर्ने प्रयास गरिएको छ । यस पुस्तकलाई प्रकाशनयोग्य तुल्याउन भजन, कलाकारहरुको नामावली, फोटो र वृत्तचित्र उपलब्ध गराई सहयोग गर्नुहुने महानुभावहरु धन्यवादका सुपात्र हुनुहुन्छ। यस ग्रन्थप्रति सकेसम्म कुनै परिवारजनबाट आफ्नो पिता-माता, पितामह-मातामह, प्रपितामह-प्रमातामहको नाम छुटेछ नि भन्ने प्रतिक्रिया वा गुनासोको कुनै गुञ्जायस नरहोस् भन्नाका खातिर यस पुस्तकका शोधकर्ताले कुनै कसर बाँकी नराख्नुभएको महसूस हुन्छ । यसमा करिब आधाजसो बास्सानाचका भजन सङ्कीर्तन छुट्न गएको हामीलाई भान हुन्छ तापनि बागलुङबासीको तत्कालीन शैक्षिक चेतनास्तरका कारण केवल भगवान्हरुको नाम सङ्कीर्तनमा आधारित **"हरेराम हरेराम, हरेकृष्ण हरेकृष्ण ...."** जस्ता भजनहरु गाएर बजार परिक्रमा गर्ने गरिएका कारण यहाँ समावेश हुन नसकेको प्रतीत हुन्छ । विगत

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहासको कालखण्डमा भएगरेका यस किसिमका क्रियाकलाप र घटनाको शोधखोज गर्ने कार्यमा सम्बन्धित परिवारजनबाट यस कार्यका लागि जुन सहयोगको हात बढेको छ त्यो केवल हाम्रो संस्कृतिका अन्वेषकको लागि मात्र नभै समुच्चमा बागलुङको नेवारी समुदायकै निम्ति हो, साथै यो केवल शोधकर्ताको मात्र उपलब्धि नभै समग्रमा हामी सबै नेवार र नेपालीहरुकै निधि हो भन्दा अतिशयोक्ति नहोला । वि. सं. १९८३ देखिका ती परिवारजन जसले आफ्ना प्रात:स्मरणीय मृतात्माको बास्सा नाचसम्बन्धी भजन सङ्कीर्तन, फोटो वा वृत्तचित्र तथा अन्य विवरण उपलब्ध गराउन सक्नु भएन, मलाई लाग्छ, यो ग्रन्थको प्रकाशनले वहाँहरुमा यसको आगामी संस्करणमा समाहित गर्नका लागि प्रोृत्साहित गर्नेछ ।

बागलुङमा करिब ३०० बर्ष (?) देखि बसाईसराई गरी आएका बागलुङबासी नेवार जातिले थुप्रै पुराना कला, संस्कृतिलाई अद्यापि जगेर्ना गरी आएको सन्दर्भमा बास्सा नाच वि. सं. १९८३ अर्थात् ८१ बर्षपूर्व मात्र बागलुङमा थालनी भएको भन्ने खोजलाई अझ गहन रुपमा खोजी पस्नु पर्ने आवश्यकता देखिन्छ ।

यस संग्रहमा उल्लिखित मृत व्यक्तिको नाम, उनको स्मृतिमा आयोजित रामलीला, कृष्णलीला, शिवलीला, विष्णुलीलामा संलग्न कलाकार, भजनका रचनाकार तथा संगीतकार र गायक गायिकाको नामावली सम्भव भएसम्म समावेश गर्ने प्रयास गरिएको छ । यसमा सम्बन्धित मृत व्यक्तिका छोराछोरी, नातिनातिनीहरुको नाम र परिवार संख्या पनि समावेश हुन सकेको भए यसले सुनमा सुगन्धको काम गर्ने थियो होला । आशा गरौं, यस संग्रहको आउँदो संस्करणमा यो अभाव खट्किने छैन ।

संस्कृतमा एउटा भनाइ छ, **"जातिर्जिवति संस्कृत्या"** अर्थात् मानव जातिको संस्कृतिले नै उसको जातिलाई जीवित तुल्याउँछ । त्यस्तै नेवारीमा अर्को भनाइ छ **"भाषा म्वा:सा जाति म्वा:ई"** अर्थात् भाषा जीवित रहेमा नै जाति जीवित रहन्छ । यसबाट हामी यो सार खिंच्न सक्छौं कि कुनै पनि जातिको भाषा र संस्कृति लोप भयो भने जातिको अस्तित्व पनि नामेट हुन धेरै समय लाग्ने छैन । तसर्थ अन्वेषक श्री प्रेम छोटाले यस्तो अवस्था आउन नदिनका लागि सम्बन्धित समुदाय, समाज र जातिलाई अप्रत्यक्ष रुपमा सचेत गराउँदै सबैलाई

CC-0. In Public Domain. Digitization by eGangotri

एकत्रित भै आ-आफ्ना भाषा, कला, संस्कार, संस्कृतिको जगेर्नाका लागि शंखघोष गर्न खोज्नुभएको एक अमुक प्रयास हो भन्ने म ठान्दछु। बागलुङमा बास्सा नाचलगायतका विभिन्न परम्परागत लोकसंस्कृतिलाई यहाँका बृद्ध, प्रौढ, युवा र बालबालिकासमेतले आजपर्यन्त राम्रै मलजल लगाइरहेको पाइन्छ। तर आउँदा दिनहरुमा तिनले के कति निरन्तरता पाउने हो यो भविष्यको गर्भमा रहेको छ। जे होस् यस किसिमका खोज, अनुसन्धानका कृतिले यहाँका युवापिंढीलाई आफ्ना पुर्खाहरुले संरक्षण गरी आएको कला, संस्कृति र संस्कार, जुन विदेशीहरुको आकर्षण बनेको छ, लाई अझ विस्तार गरी लैजानका लागि अभिप्रेरित गर्नेछ भन्ने आशा गर्न सकिन्छ।

अन्तमा यति गहन कार्यको भूमिका लेख्न बस्दा म अपार हर्षको अनुभूति गरिरहेछु। मलाई यस किसिमको सुअवसर प्रदान गर्नुहुने वरिष्ठ साहित्यकार तथा संस्कृतिशोधक आदरणीय गुरु श्री प्रेम छोटाज्यूप्रति हार्दिक आभार प्रकट गर्दै सांस्कृतिक अन्वेषण, अनुसन्धान र साहित्य लेखनको क्षेत्रमा वहाँबाट भैरहेका प्रयत्नले धवलागिरिको शिखरमा थप चुली चुलाउन सफलता मिल्दै जाओस् भन्ने शुभकामना व्यक्त गर्दछु। अस्तु !

महेशचन्द्र प्रधान

२०६५ ज्येष्ठ १५ गते

बागलुङ

CC-0. In Public Domain. Digitization by eGangotri

लोक संस्कृतिजनहरूको सामु बढी के भनूँ ?

नेपालको नेवारी समाजमा आफ्नो जातीय कुलकुलाचार, रीति-रिवाज, संकृति , परम्परा मूल्य, मान्यताको जगेर्ना गर्नमा यिनीहरुको अहम् भूमिका रहेको पाइन्छ । त्यस अनुरुप बर्षदिन भित्र कुनै व्यक्तिको मरण भएको घरबाट गाइजात्रा पर्वको अवसरमा आ आफ्नो ठाउँ थलोका अनुसार मृतक व्यक्तिको स्मृतिमा गाईको प्रतीक स्वरुप एकातिर **"धिन्ताकिसी नाच","ताहासा","परी नाच", "तायोमचा" र "साँढे"** को श्रृंगार गराइन्छ भने अर्कोतिर तिनै मृतक व्यक्तिको सम्झनामा भगवान विष्णु ,राम, कृष्ण, शिव आदि नामका स्वरुपमा स्थानीय नव-युवा युवतिहरुलाई श्रृंगार गरी देवी देवताको परिवार वनाएर सो को साथमा वाजा गाजा सहित बजारमा प्रदर्शन गरिने सस्कृति नेवारी समाजमा अध्यापि छ । अनि भगवानको स्वरुपको स्मरणमा बास्सा नाच निकाल्ने समयमा मृतक व्यक्तिको जीवनीसँग सम्बद्ध गाथा गाइने गरिन्छ । यसरी गाउँदै वजार परिक्रमा गरीने परम्परालाई **बास्सा नाच** भन्ने प्रचलन छ ।

बाछा, बाच्छा, बादशाह,बास्सा आदि शब्दहरुका सम्बन्धमा छिचोल्न खोज्दा वा बास्सा नाच कसरी र कहिले देखि प्रचलनमा ल्याइयो भन्ने सवालमा पनि पहिलो र दोस्रो शब्द बाछा वा बाच्छा शब्दको अर्थ हुन्छ गाईको बाच्छो वा गाईले जन्माएको बच्चालाई बाच्छो भन्ने बुझाउँछ । अर्को अर्थमा बाछा वा बाच्छा शब्दको अर्थ कुनै आवश्यक कुराका निम्ति पारिने चाहना, इच्छा र अभिलाशा आदिलाई जनाउँछ । यसरीनै वादशाह शव्दको अर्थ धेरै मुलुकको अधिपत्यको रुपमा अर्थ रहेका एउटै मुख्य राजालाई जनाउँछ भने तासको ते-ह्रौ पत्ती मध्ये **बास्सा पत्तीको** प्रमुख भूमिका रहेको देखिन्छ ।

उक्त उल्लिखित शब्दहरुले आ–आफ्नो प्रकारको अर्थ बुझाउन खोजेपनि निचोडमा करिव करिव एउटै विन्दुमा आएर यिनिहरुको अर्थाभास भएको अनुभूति हुन आउँछ अर्थात् भन्नुको अर्थ हो हिन्दू धर्मको मान्यता अनुसार पनि बाछा वा वाच्छालाई भगवान विष्णुको प्रतीक मानिन्छ भने वादशाहा भन्नाले कुनै राज सिंहासनमा विराजमान हुने माहापुरुष, त्यसलाई पनि विष्णुको अवतारको रुपमा लिने गरेका छन् । यसर्थ वास्सा शब्दको अर्थले पनि यिनै राज प्रासादका शिखर पुरुषलाई लिने गरेको पाइन्छ । कुनै विशेष प्राणी वा प्रमुख व्यक्ति विशेषलाई सर्वोपरि स्थान ओगट्ने भएकालेनै यसको स्थान उच्च स्थानमा रहेको बुझ्नु पर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

यिनै आध्यात्मिक र धार्मिक मान्यतालाई मुख्य आधार मानी नेपाल अधिराज्यभर जुन-जुन गाउँ,वजार,शहरहरुमा नेवार जातिले वसोवास गरेका छन् वा बस्ती बसालेका छन् तत्तत् ठाउँहरुमा आजभन्दा ७२६ वर्ष पहिले राजा जयस्थिति मल्ल (प्रताप मल्लका पाला देखि पनि भनिन्छ ।) को पालादेखि प्रत्येक बर्ष जनैपूर्णिमाको भोलिपल्ट गाईजात्रा पर्वको अवसरमा आ–आफ्ना मृत्युभएका व्यक्तिहरुको स्मरणमा आफ्नो जातीय लोक संस्कृति अनुसार कतै **घिन्ताकिसी**, कतै **ताहासा** कतै **परी नाच** र कतै **तायोमचा** र **साँढे** आदि नाउँका गाईको प्रतिमा वनाइ नाच निकालिन्छ भने तिनै मृतक व्यक्तिको संम्झनामा भगवान विष्णु, राम,कृष्ण र शिवको स्वरुपमा युवा कलाकारलाई सिंगारी मृतक व्यक्तिको जीवनसँग सम्वद्ध गाथा गाउँदै गाजा वाजासहित बजार परिक्रमा गर्ने गरिन्छ । यसरी नेवार जातिको आफ्नो लोक संस्कृतिलाई जगेना गर्नमा यिनीहरु पहिले देखिनै सचेत देखिन्छन् ।

यिनै सिलसिलामा बागलुङमा पनि नेवार जातिको आगमन र तिनीहरुको बस्ती बिस्तार हुन थाले पछि यिनले आफ्नो संस्कृति अनुसार प्रत्येक गाईजात्रा पर्वको अवसरमा आफ्ना पितृहरुको संम्झनामा पुरुष भए पुरुषको भेषमा, महिला भए महिलाको भेषभूषामा र वालबच्चाको हकमा साँढेको प्रतिमा बनाइने चलन छ । बागलुङमा देखाइने तायोमचाको बारेमा यहाँका नेवार जातिहरु मध्ये विशेष गरिकन साहु खलकका **"छ थरे (राइथोर– विना नामका नेवार मात्र) नेवारहरुको घरमा कुनै महिलाको मरण भएको भए महिलाकै भेषमा र पुरुषको मरण भए पनि महिलाकै भेषमा तायोमचा बनाइने चलन छ ।"**

बागलुङका तायोमचाको साथमा दुईजना युवाकलाकारहरुलाई सिंगाएर करिव डेड फुट जति डोलो काठको डण्डी जुधाएर **मकचानाच** नाच्ने नचाउने चलन कहिले देखि शुरु भयो त्यस बारेमा कसैले पनि निश्चित रुपमा भन्न सकेका छैनन्, तर बास्सा नाच भने वि.सं.१९८३ साल देखि शुरुआत भएको इतिहास छ । यसबाट के वुझिन्छ भने तायोमचा नाचको ऐतिहासिक पृष्ठभूमि, यसको थालनी र बास्सा नाचको पौराणिक महिमा र महत्व एक अर्काको बीचमा परिपूरकको रुपमा मिल्ने देखिन्छ तापनि यी दुई नाचको थालनी एकै साथ भएको भन्न मिल्दैन ।

बाछा–बाच्छा नाच वा बादशाह–बादसाह नाचबाट पनि किन बास्सा नाचमा रुपान्तरण हुन गयो भन्ने विषयमा के भन्न सकिन्छ भने बाच्छा (बाच्छी)लाई भगवान विष्णुको अवतार (प्रतीक) मानिन्छ । हिन्दू शास्त्रमा यसरी मान्यता प्राप्त भई आएकै कारण भगवान विष्णु, राम, कृष्ण वा शिवको लीलाको रुपमा प्रदर्शन गराइने सो नाचको शोभा यात्राको समयमा निकालिने कलाकारहरु भगवानकै स्वरुपमा प्रमुख कलाकार (विष्णु, राम, कृष्ण) मध्ये कुनै एक जनाको कम्मरमा बाँधिएको सेतो मलमलको मोटो डोरो (कपडा) द्वारा बाच्छाको पुच्छरमा

CC-0. In Public Domain. Digitization by eGangotri

झुण्डयाएर शोभा यात्राको अधिमुख अघि डोराउदै वजार परिक्रमा गर्ने गराउने परम्परा छ । अर्को तिर मृतक आत्माको चिरशान्तिको लागि गाईजात्राको उपलक्ष्यमा बास्सा नाचको शोभा यात्रा गराइनुबाट पनि **बाच्छा**बाट **बादशाह** नाच **बादसाह**बाट पनि अपभ्रंश भई **बास्सा** नाचमा परिणत भएको देखिन्छ । यस दृष्टिकोणबाट विष्णु,राम र कृष्ण लीला मध्ये कुनै एक नामको शोभा यात्रामा कलाकारहरुको सक्रिय सम्लग्नता रहन गएता पनि समग्रमा भन्नुपर्दा मूलभूतरुपमा **बास्सा नाच** नै भन्ने प्रचलन छ ।

बागलुङको नेवारी समाजमा वि. सं. १९८३ सालदेखि अर्थात करिव ८१/८२ वर्ष पहिले देखि देखाउँदै आएको यो लोक प्रसिद्ध बास्सा नाच हो । यस नाचको वारेमा खोज तथा अध्ययन अनुसन्धान गरी यसको ऐतिहासिक महत्व र महिमालाई जनसमक्ष ल्याउने मेरो पहिले देखिको अन्तरमनको तीव्र इच्छा हो । प्रस्तुत अनुसन्धान मूलक कृति तयार पार्दा सम्बन्धित व्यक्ति र तिनका नजिकका नातेदारहरु समक्ष पुगी तिनीहरुसँग भएका सत्य तथ्ययुक्त आधारहरु बुझ्नुकासाथै त्यससँग सम्बन्धित पुस्तक, लोककथन, जनश्रुति किम्वदन्ती तथा विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरुको आधार मानी **बागलुङको प्रसिद्ध बास्सा नाच** नामक लोक संस्कृतिमूलक आलेखमा फेला पारेसम्मका मृतक व्यक्तिहरुका फोटाहरु, जीवनी गाथा, भजन र भगवानको स्वरुपमा सहभागी कलाकारहरुको सामुहिक फोटाहरु समेत समावेस गराएको छु । यसमा कतिपय मृतक व्यक्तिका विवरण छुट्न पनि सक्छन् । तर त्यसलाई प्राविधिक कारणवाट त्रुटि हुन गएको ठानी क्षमा याचनाको लागि विशेष आग्रह गर्दछु । यदि छुट्नै गएको भए अर्को संस्करणमा समावेस गराइने छ ।

प्रस्तुत अनुसन्धानमूलक कृति लेखन कार्यको सिलसिलामा एकातिर अधिकांश मृत व्यक्तिको जन्म मितिको सम्बन्धमा सम्वन्धित दाताहरुबाट नै स्पष्ट मिति प्राप्त नभएको हुँदा मरणकालको मिति मात्र उल्लेख गरिएको छ भने सो लेखन कार्यका लागि आवश्यक पुस्तक तथा पत्रपत्रिकाहरु **रत्न-श्रेष्ठ पुरस्कार गुठी** बागलुङबाट प्राप्त भई अध्यंयन अनुसन्धानको निम्ति सर्वसुलभ भएकोमा गुठीप्रति आभारी छु ।

त्यस्तै कतिपय आधारभूत विषयमा काठमाडौमा गई स्थायी रुपमा वसोवास गरेका वागलुङका उक्त नाचसित सम्बन्धित व्यक्तिहरुसँग सम्पर्क राखी आवश्यक कागज वा भजन संकलन गरी सहयोग गरेकी बागलुङकी स्थापित नारी स्रष्टा सन्तु श्रेष्ठ,सावधानिक पूर्वक अक्षराङ्कन गरी सहयोग गर्ने विष्णु सुवेदी र कम्प्युटर लेआउट गरि सहयोग गर्नुहुने काठमाडौंका भाई रत्न-श्रेष्ठलाई र विष्णु सुवेदीलाई विशेष धन्यवाद ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत अनुसन्धान मूलक ग्रन्थ तथा लोक संस्कृतिको गहनतम् महत्वका बारेमा कालजयी शब्द अभिव्यक्त गरी अनुग्रहित तुल्याई दिनुहुने नेपालका लब्ध प्रतिष्ठित विद्वान, संस्कृतिविद् एवम् पूर्वप्राचार्य श्रद्धेय दाजु बैकुण्ठप्रसाद बिजुक्ष ज्यूमा हृदयदेखि नै आभार प्रकट गर्दछु । साथै आवश्यक सरसल्लाहका अतिरिक्त विश्लेषणात्मक भूमिकाका लागि अमृत आदर्श उच्च माध्यामिक विद्यालयका प्राचार्य संगीत संयोजक महेशचन्द्र प्रधानलाई दिलैदेखि आभार प्रकट गर्दछु । यसरी नै मेरो यस कार्यमा हरहमेसा अनुकुल अनुसारको इच्छा र भावनालाई बुझी साथ दिने मेरी अर्धाङ्गिनी इन्द्र श्रेष्ठ तथा सम्पूर्ण परिवारजनबाट सदा झै सहयोग प्राप्त हुने र भैरहने विश्वास गर्दछु ।

यसैगरी कृति प्रकाशन जस्तो गहन कार्यमा यससँग सम्वद्ध शुभ–चिन्तक सर्वश्री **डा.रामकुमार श्रेष्ठ, सम्पूर्ण नारायण भारी, विराटकुमार श्रेष्ठ, जगतनारायण भारी, अमृतलाल श्रेष्ठ, दीपक प्रधान, श्रीमती मँगलादेवी श्रेष्ठ, श्रीमती मोहनकुमारी गौचन, बैकुण्ठप्रसाद विजुक्ष, द्वारिकानारायण भारी, हिमालकिशोर श्रेष्ठ, किशोर राजभण्डारी(अध्यक्ष शंखधर बहुमुखी सहकारी संस्था) अशोक राजभण्डारी, सुश्री इन्द्र श्रेष्ठ, अगम पालिखे, श्यामप्रसाद वझान्थाछैं, दीपशंकर श्रेष्ठ, रञ्जित मलेपति, कल्याण वझा, डा.कृष्णबहादुर श्रेष्ठ, विकास श्रेष्ठ, श्रीमती बालकुमारी राजभण्डारी, श्रीमती पार्वती श्रेष्ठ, भीमसेनकुमार श्रेष्ठ, शत्रुध्न श्रेष्ठ, इन्द्रराज श्रेष्ठ, मनमोहन श्रेष्ठ, मनोविज्ञान श्रेष्ठ, सुश्री मनोरमा श्रेष्ठ, लालचन्द्र राजभण्डारी, पद्मचन्द्र-रघुनाथ राजभण्डारी, ईश्वरजंग-युवाराज राजभण्डारी, सुकुन्द प्रधान, सुनिल सुमन प्रधान, श्रीमती मिलन प्रधान, विरेन्द्र नारायण श्रेष्ठ, सुश्री कृष्णा श्रेष्ठ, देवी जोशी, विणा वैद्य, विजुना राभ, हिमालकिशोर श्रेष्ठ, लक्ष्मण श्रेष्ठ**बाट आ-आफ्ना प्रातः स्मरणीय माता पिता प्रपितामह, प्रमातामह, श्रीमान्, श्रीमती, पुत्रवधू भाइ-भतिजा वा भगिनी आदिको पुण्य स्मृतिमा यथोचित आर्थिक सहयोग प्रदान गर्नुभएका महानुभावहरुमा उहाँहरुको उदार भावनाको कदर गर्दै उहाँहरुमा हार्दिक कृतज्ञता अर्पण गर्दछु ।

अन्तमा यस कृति भित्रका त्रुटि पक्षलाई सकारात्मक दृष्टिले हेरी उचित सल्लाह र सुझाउकालागि सम्पूर्ण संस्कृतिकर्मी तथा विज्ञ पाठकहरु समक्ष पुर–याउन पाएकोमा आफूले गौरवको अनुभूति गरिरहेको छु ।

प्रेम छोटा

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

शीर्षक पृष्ठ

क) प्रकाशकीय

ख) मन्तब्य:- बास्सानाचको कलात्मक पक्ष र आत्याधमिक उत्तिकै उदात्त हुन्छ ।

ग) भूमिका-बागलुङको बास्सानाचलाई पर्गेल्न खोज्दा

घ) लेखकीय:-लोक सँस्कृतिजनहरुको सामु बढी के भनूँ ?

१.	नेपालमा गाईजात्रा पर्वको ऐतिहासिक महत्व	१-५
२.	बागलुङको बास्सानाच: परम्परित लोक सँस्कृतिको रुपमा	८-१५
३.	बास्सानाचको क्रमागत र यसको स्वरुप	१६-१७७
४.	सन्दर्भ ग्रन्थ तथा स्रोत ब्यक्तिहरु	१७८-१७९

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको नक्सा



CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तपुर जिल्लाको नक्सा
चित्तपोल गा.वि.स. स्थित खुबु टोल



CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

सि.नं.	विवरण	चिन्ह
१	अञ्चल सिमाना	
२	जिल्ला सिमाना	
३	गा. वि. स. सिमाना	
४	जिल्ला सदरमुकाम	⊙
५	क्षेत्र सिमाना	+ + +
६	मतदाता संख्या	२०५६
७	शिकार क्षेत्र सिमाना	
८	१ नं. क्षेत्र	
९	२ नं. क्षेत्र	
१०	३ नं. क्षेत्र	
११	जंगल	

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा गाईजात्रा पर्वको ऐतिहासिक महत्व

मध्यकालीन नेपालको प्रारम्भिक कालको सांस्कृतिक इतिहासमा ताहामचा वा गाईजात्राको प्रचलन आज भन्दा झण्डै ६२७ वर्ष पहिले राजा जयस्थिति मल्लको(नेपाली संवत् ५००–५४२) पालादेखि शुरु भएको देखिन्छ। उनकी कान्छी रानीको एक मात्र एक वर्षे छोराको अकाल मरण भएबाट विव्होल हुन पुगेकी रानीको सान्त्वनाको निम्ति त्यसबेलाका एक जना वुद्धिमान मन्त्रीको जुक्तीद्धारा–उपत्यका भित्रका मृतक व्यक्तिहरुको स्मृतिमा गाई जात्राको पावन अवसरमा **ताहासा** वा **ताहामचा** वा **तायोमचा** गाईको प्रतीक बनाउन लगाई शहर परिक्रमा गर्न लगाइएको थियो, जसबाट जनताको असंख्य छोरा छोरी के–कति मर्दा रहेछन् भन्ने प्रत्यक्ष दृष्टान्त उक्त दृश्यबाट रानीले पाएपछि चित्त बुझाएकी थिइन् रे ! यसर्थ सो समयदेखि नेपालमा मृतक व्यक्तिका नाममा **ताहासा वा ताहामचा** बनाई निकाल्ने प्रथा चलाएको हो भन्ने लोक कथन छ।

नेवारी समाजमा जनैपूर्णिमा, **गून्ही-पुन्ही, क्वातिपून्ही, क्वाटीपून्ही**" वा रक्षावन्धनको दिनमा मृतक व्यक्तिको स्मरणमा निर्मित ताहासा वा मृतक व्यक्तिको गाईको स्वरुप (प्रतीक)वनाई सो दिनको भोलिपल्ट अर्थात् प्रतिपदाको दिन प्रभातकालीन कालको पूर्व सन्ध्यामा करिव ४ र ५बजे विहान हुनु भन्दा अगावै बागलुङ बजारभित्र वर्षभरिमा मरण भएका पुरुष महिला वा बच्चा बच्चीहरुको उक्त प्रतीकहरुलाई नारायण चोक स्थित लक्ष्मी नारायण मन्दिर स्थलमा एकत्रित पारिन्छन्। अनि सो ठाउँबाट बजार परिक्रमा गराइने परम्परा छ। मूल थलोदेखि यसरी मृतक व्यक्तिको स्मृतिमा गाईको प्रतीक बनाई वजार परिक्रमा गराउने चलनलाई नेवारी भाषामा "**सापारु**" भनिन्छ। यस दिन धार्मिक हिसावले स्वर्गको द्वार गाईको ईशारामा आफ्नो अगाडि आई परेका कठिन पूर्ण यात्रालाई पनि सजिलैसँग पार गर्न सकिन्छ भन्ने किम्वदन्ती छ।

CC-0. In Public Domain. Digitization by eGangotri

बागलुङमा प्रदर्शित तायोमचा नाचको झलक

गाई–जात्रा वा ताहासाको पूनित अवसरमा बागलुङ, म्याग्दी र पर्वत जिल्ला लगायत यसका आसपासमा बसोबास गरेका नेवार परिवारमा जो कोही पुरुष महिला वा बच्चा बच्चीहरु मरण भएको किन नहोस्, ती मृतक व्यक्तिहरुको स्मरणमा इच्छुक परिवारको घरबाट "बास्सा नाचको शोभायात्रा गरिन्छ। त्यसका लागि युवा कलाकारहरु राधा, कृष्ण, विष्णु, लक्ष्मी, सावित्री, राम, सीता, लक्ष्मण र हनुमान आदि (पौराणिक ग्रन्थमा आधारित) देवी देवताको स्वरुपमा सिंगारिने गरिन्छ। सम्बन्धित व्यक्तिको घरबाट मृतकआत्माको चिरशान्तिको लागि गाजा बाजा र करुण रसले युक्त सामुहिक भक्ति संङ्कीर्तनका साथमा "**शोभा–यात्रा**" गराइने चलन छ। तिनै मृतक व्यक्तिहरुको नाममा मरण भएको प्रत्येक घरबाट पुरुष भए पुरुषको भेषभूषामा, महिला भए महिलाको भेषभूषामा र वच्चा बच्ची भएमा डोको माथि भेडा वा मृत च्याँङ्ग्रा वा बोकाको सिङ् जडान गराई वाच्छो वा साँढेको आकृति तयार पारिने र तिनीहरुको वीचमा सिङ् जुधाउने काम पनि गरिन्छ। उक्त मूल थलोबाट प्रस्थान गरिएको ताहासा वा तायोमचा चलान गरेको लगत्तै पछि **"बास्सा नाच"** को शोभायात्रा गराइने चलन बागलुङमा आज भन्दा करिव ८१ वर्ष पहिले देखिनै रही आएको पाइन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

"बास्सा नाच" को शोभायात्रा संचालन गर्न सम्बन्धित परिवारबाट १५/२० दिन अगावै पूर्व तयारीकालागि लाग्नु पर्ने हुन्छ, किनभने करुण रसमा आधारित भक्ति-संङ्कीर्तनका लागि स्थानीय कलाकार, हार्मोनियम वादक, वाद्य वादक तथा गायक-गायिकाहरुको समेत आवश्यक पर्दछ ।

हरेक वर्ष जनपूर्णिमाको भोलिपल्ट प्रतिपदाको दिनमा मात्र गाई–जात्रा वा तायोमचाको पूर्णरुपेन सवै कलाकारहरु, गायक-गायिकाहरु, वाद्य वादकहरु, आफन्तजन तथा आमन्त्रित महानुभावहरुको सहभागितामा मृतक व्यक्तिको घरबाट प्रदर्शन गराइने भगवानको स्वरुपमा सिंगारिएका कलाकारहरुको शोभा–यात्राको विधिवत आजापूजा गराइन्छ । विधिपूर्वक पूजा कार्य सिध्दिए पछि मृतक व्यक्तिसँग सम्बद्ध जीवनी गाथा सहित गाजा वाजाको धुनसँगै हातमा लिइएका काठको डण्डी एकापसमा जुधाएर **मकचानाच**लाई समेत बजार परिक्रमाको निम्ति प्रस्थान गरिने प्रचलन छ । वजारको अधिकाँश भाग परिक्रमा गराई सके पछि आफ्नै मूलघरमा पुनःऔपचारिक रुपमा पूजा गराई भित्र्याइने परम्परा अद्यापि कायमै छ । तत्पश्चात् उपस्थित सम्पूर्ण सहभागी कलाकार तथा आमन्त्रित जनहरुमा फूलप्रसाद वितरण गर्ने गरिन्छ ।

बास्सा नाचको शोभा–यात्राको साथ साथै मृतक व्यक्तिको घर परिवारवाट पुरुष वा स्त्रीको रुपमा निर्मित तायोमचाहरु सोही समयमा वजार परिक्रमा गर्ने गराइन्छ भने तायोमचाकोसमेत औपचारिक रुपमा सम्बन्धित घरमा पूजा गराई भित्र्याउने चलन छ । यस किसिमको मृत ब्यक्तिको गाईको स्वरुपमा निर्मित तायोमचा तयार पार्न निम्न अनुसारको स्थानीय सामानहरुको आवश्यक पर्दछ ।

करिव ६ फूट लामो साढे एक ईन्च जति मोटाई भएको चार ओटा बाँसका डण्डीहरुलाई डोको माथि ठड्याइन्छ । यसरी ठड्याइएको बाँसको डण्डीमा पाँचफूट जति माथिल्लो भागमा ३ फूट जति तेर्सो बाँसकै हातको जस्तो आकार बनाई तेर्सो पारी जोडिने गरिन्छ । यसरी नाङ्गो रुपमा तयार पारिएको उक्त तायोमचाको आकृतिलाई सेतो कपडाले मोडेर हु-वहु मृतक व्यक्तिको स्वरुप तयार पार्ने काम गरिन्छ । उक्त मृतकको स्वरुप पुरुष भएमा पुरुषको भेषभूषामा र महिला भएमा महिलाको विभिन्न दामी भेषभूषा लगायत

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली शैलीका चौबन्दीचोलो, शलको खास्टो र अन्य लुगाहरु पहिराइन्छ। त्यसपछि गाईको अनुहारको चित्र र मृतक व्यक्तिको तस्बीर उक्त प्रतिमा (तायोमचा) को टाउको निर टाँसिन्छ। यसरी नै सो तायोमचाको शीरमा चौंरीगाईको रौं को झुप्पा र हातमा पञ्जा लगाई हुबहु मृतक व्यक्तिको आकृति तयार पारिन्छ। तयारी अवस्थाको-तायोमचालाई आ–आफ्ना छोराहरु वा नातेदारहरुले पालै पालोगरी आफ्नो निवासस्थानबाट एकाविहानै र सोही दिनको करिव २/३ बजेतिर बजारमा परिक्रमा गर्ने गराउने गरी बागलुङ बजार स्थित लक्ष्मीनारायण मन्दिरको मूलस्थानमा सबैका तायोमचाहरु व्यवस्थित रुपले एकत्रित गराउने गरिन्छ।

तायोमचा नेवारी समाजमा परम्परागत रुपमा प्रदर्शन गराउनुको अर्थ हो, स्थानीय क्षेत्रमा नेवार जातिमा वर्ष भरिमा कति जना मरण भएका छन् त्यसको सही जानाकारी प्राप्त गर्नु हो। अर्को कुरा धार्मिक अर्थमा गाईको सिङ्ले यमराजको दरवारको वन्द ढोकाहरु वैशाख त्रयोदशीको दिनमा मात्र खोल्न सकिन्छ भन्ने किम्बदन्ती वा जनविश्वास छ।

पारम्परिक रुपमा संचालित नेवारी संस्कृतिलाई बागलुङका अधिकाँश नेवार समुदायले पूर्णरुपमा पालना गर्दै आइरहेको पाइन्छ भने कालान्तरसम्म पनि समयानुकूल आवश्यक सुधार गरी यस क्रमलाई निरन्तरता प्रदान गर्दै लैजाने छ।

पहिले-पहिले जनैपूर्णिमाको भोलिपल्टदेखि कृष्णाष्टमी अर्थात सात दिन सम्म बागलुङ बजारमा प्रदर्शन गराइने गाईजात्रे हास्य व्यग्य रमाइलो कार्यक्रमहरुमा **"बास्सा नाच, कटुवाल नाच, हली गोरु नाच, भदौरे रोपाई नाच, जोगी भरथरी नाच, जोगी नृत्य, नाग-नागिनी नाच, घोडे नाच, शिकारी नाच, धानकोवाला नाच, लाखे नाच, ठेटर नाच** जस्ता अति मार्मिक तथा लोकप्रिय मनोरञ्जन युक्त सवै व्यग्यात्मक लोक सँस्कृति तथा लोक नृत्यहरुले बागलुङको परिसरलाई नै पुरै लोक संस्कृतिमय पारिदिन्थे। यस्ता रमाइलो कार्यक्रम हेर्न गाउँ गाउँबाट असंख्य नरनारीहरु (कृषकहरु) बजारमा ओइरिने गर्थे। अहिले आएर यी महत्वपूर्ण लोकनृत्यहरु कता गए कता ? यो सोचनीय कुरा भएको छ। हाम्रो लोक संस्कृतिलाई हेर्न

CC-0. In Public Domain. Digitization by eGangotri

आउने हाम्रा ती गाउँले दाजुभाइहरुलाई अव कहाँ गएर भेट्न सकिन्छ ? जबकी जनैपूर्णिमाको भोलिपल्टदेखि भगवान कृष्ण जन्मेको दिन अर्थात् कृष्णाष्टमी सम्म त्यस्ता हास्यव्यङ्ग्य तथा मनोरञ्जन पूर्ण कार्यले हाम्रा ती गाउँले दाजुभाइहरुको हँसिलो अनुहारसँग आत्मसात् गर्ने अवसर मिल्थ्यो । अब ती सबै अवसरहरु अहिले हराउँदै गएका छन् । त्यसो त यसलाई यो अर्थमा पनि लिन सकिन्छ कि वर्तमान समयमा विज्ञानका विभिन्न मनोरञ्जनका साधनहरु, विदेशी विकृतिजन्य संस्कृतिको प्रयोजनले गर्दा हाम्रा लोक संस्कृतिमाथि नराम्रोसँग आक्रमण र अतिक्रमण भइरहेको हुँदा हाम्रा संस्कृतिहरुमा ठूलो मार परेको देखिन्छ । यस्ता प्रहारबाट बच्नको लागि स्थानीय क्षेत्रका संस्कृतिकर्मीहरु बेलामै सचेत हुनुपर्छ, होइन भने स्थानीय क्षेत्रलाई चिनाउने राष्ट्रिय स्तरका यस्ता लोक संस्कृतिहरु बागलुङमा कुनै समयमा थिए अब छैनन् पनि भन्नु पर्ने अवस्था आउन सक्छ ।

शेषको रुपमा बागलुङ बजार स्थित लक्ष्मीनारायण मन्दिर र राधाकृष्ण मन्दिरबाट प्रत्येक बर्ष कृष्णाष्टमीको दिनमा भगवान कृष्णको जन्मोत्सवको उपलक्ष्यमा वर्षेनी लक्ष्मीनारायण र राधाकृष्णको रथ यात्रा गर्ने परम्परा रहिआएको पाईन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

बागलुङ नगरपालिकाको नक्सा



बागलुङ बजारको क्षेत्र



CC-0. In Public Domain. Digitization by eGangotri

बागलुङको बास्सा नाच परम्परित लोक संस्कृतिको रुपमा

नेपालमा लोक संस्कृतिको जगेर्ना नेवारी समाजमा भएको पाइन्छ। यी जातिमा आफ्नो परम्परागत संस्कारको प्रभाव परेकै कारण यिनले आफ्नो जातीय संस्कतिलाई मेट्उन दिएका छैनन् । इतिहासको विभिन्न कालखण्डमा उपत्यकाबाट नेवार जाति कुनै न कुनै कारणबाट देशव्यापी रुपमा विस्थापित हुन गएको भएता पनि बागलङमा आएका नेवार जातिले आफ्नो प्राचीनतम् लोक संस्कृतिको संरक्षण गरेका छन् ।

यिनै सिलसिलामा बागलुङ बजारमा समय समयमा देखाइने विभिन्न खालका पुराना लोक संस्कृतिहरु मध्ये नेवारी संस्कृति अनुरुप प्रत्येक वर्ष रक्षाबन्धन, जनैपूर्णिमा वा श्रावण वा भाद्र पूर्णिमाको भोलिपल्ट कृष्णपक्ष, प्रतिपदाको दिन तायोमचाको साथमा साँढे लगायत मृतक व्यक्तिको चिर–शान्तिको लागि बेग्लै प्रकारको (विशेष खाले)"बास्सा नाच"को समेत शोभा–यात्रा (नगर भरि)चलाइने चलन छ। यसको मूल आधार हिन्दूहरुको पौराणिक ग्रन्थ, रामायण,महाभारत र विष्णु पुराण आदि हुन्, किनकि मरण भएका पुरुष वा महिला वा बालबच्चाको नाममा तायोमचा र "साँढेको" प्रतिमा बनाइन्छ भने अर्कोतिर आफ्नो हैसियत अनुसार सम्बन्धित मृत व्यक्तिको घरबाट उनको स्मृतिमा भगवानको प्रतीकको रुपमा **"रामलीला, "कृष्णलीला", विष्णु लीला र शिवलीला** मध्ये कुनै एक लीलाको स्वरुपमा **"बास्सा नाच"** नचाइने प्रथा छ अर्थात नेवारी भाषामा यसलाई **"सापारु"** पनि भनिने चलन छ।

यसरी एक वर्षभित्र मरण भएका व्यक्तिको सम्भनामा विभिन्न स्वरुपमा स्थानीय लोक संस्कृतिलाई आफ्नो जातीय संस्कृतिको आधारमा रुपान्तरण गरी विविध खालका नृत्य रचना सिर्जना गराई नेवार समुदाय भएका गाउँ,बजार,शहर र टोलटोलमा गाईजात्रा पर्व मनाइएको इतिहास छ, यसले आफ्नो जातीय लोक संस्कृतिलाई जगेर्ना गरेको छ। हिन्दूधर्माबलम्बीहरुमा विशेष गरेर नेवार समुदायमा भगवान राम, कृष्ण, विष्णु, शिव आदिको आराधना गर्नाले शक्ति मिल्छ भन्ने यिनीहरुमा विश्वास भएको पाइन्छ। यसर्थ नेवार समुदायमा मात्र प्रत्येक वर्ष अर्थात् सो वर्ष भरि जुन जुन घरमा लोग्ने

CC-0. In Public Domain. Digitization by eGangotri

मान्छे वा स्वास्नी मान्छे वा बालबच्चाको मरण भएको छ। तिनको प्रतीकको रुपमा पुरुष भए पुरुषको भेषमा, महिला भए महिलाको भेषमा र बच्चा भए साँढेको भेषमा कतै **घिन्ताकिसी** (भक्तपुर)को रुपमा, कतै **"ताहासा"**(भक्तपुर)को रुपमा,कतै **"परीनाच"** (पोखरा) को रुपमा नचाइएको पाइन्छ भने बागलुङमा "तायोमचा"का अतिरिक्त "बास्सा नाच"को स्वरुपमा नाचहरु निकाली नगर परिक्रमा गराई मृत आत्माको चिरशान्तिको कामना गर्ने गरिन्छ।

यसै क्रममा बागलुङमा वि.स. १९८३ सालको रक्षाबन्धन अर्थात् जनैपूर्णिमाको भोलिपल्ट कृष्ण पक्ष, प्रतिपदाको दिन गाईजात्रा पर्वको शुरुआत भएको कुरा बागलुङ बजार माझकोट टोल (हाल बागलुङ नगरपालिका वडा न.४) निवासी तत्कालीन ८४ वर्षीय वयोवृद्ध प्रतिष्ठित् व्यापारी अश्विनी कुमार श्रेष्ठ(वझा हाइते साहु) सँग मिति २०५३ भाद्र १३ गते यसका पंक्तिकारले लिइएको अन्तरवार्ता अनुसार बागलुङ बजार कम्पुटोल (बानपा–४)निवासी स्वर्गीय **चित्रलाल** श्रेष्ठको स्मृतिमा वि.सं.१९८३ सालमा सर्वप्रथम **बास्सा नाच** को श्रीगणेश(शुरुवात) भएको कुरा उहाँको मुखबाट खुलासा भएको थियो। यसर्थ सो वर्षलाई बास्सानाचको पहिलो बर्ष मानिन्छ। यसभन्दा अगाडि बागलुङमा बास्सा नाचको प्रचलन नभएको बुझिन्छ।

नेपालमा गाईजात्रा कुन बेला, कसरी उत्पत्ति भएको हो भन्ने बारेमा प्रष्टिएको लोक कथन यस प्रकार छ।

नेपालमा गाईजात्रा पर्वको सम्बन्धमा खोज अनुसन्धान गर्ने सिलसिलामा मध्यकालीन नेपालको साँस्कृतिक इतिहासलाई मूल आधार मान्नु पर्ने देखिन्छ। यस सम्बन्धमा नेपालका लब्ध प्रतिष्ठित् लोक संस्कृतिविद् सत्यमोहन जोशीद्वारा लिखित **नेपालको चाड पर्व** नामक कृतिमा (ने.रा.प्र.प्र. रजत जयन्तीमाला–११–२०३९)"राजा जयस्थिति मल्लको (नेपाल संवत् ५००–५४२/४३)पालामा काठमाण्डौ उपत्यकामा शीतला रोग (विफर)को प्रकोप थियो। फलत: राजारानीका नाबालक छोरा (राजकुमार) को असामयिक मृत्यु भयो। रानी पुत्रशोकबाट थलानै परिन्। यस अवस्थामा एकजना बुद्धिमान मन्त्रीले गाईजात्राको परम्परा चलाउन सुझाउ प्रस्तुत गरे। त्यो वर्ष

CC-0. In Public Domain. Digitization by eGangotri

शीतला रोगबाट राजारानीका पुत्रको मात्र मृत्यु भएको होइन जनताका कैयन छोरा छोरीहरुको पनि शीतला रोगबाट मृत्यु हुन गएको थियो, फेरि अन्य रोगव्याधिबाट पनि कैयन मानिसहरुको मृत्यु भएको थियो । त्यसैले त्यस वर्ष जसजसका घरपरिवारका सदस्यहरुको मृत्यु भएको छ, लोग्ने मरेको भए जोगीको भेषमा निस्कने, स्वास्नी मान्छे मरेको भए गाईको भेषमा निस्कने, अनि नगर परिक्रमा गरी राजप्रासाद भएर जानु पर्ने उर्दी दिइयो। फेरि विव्होल अवस्थामा अशान्त भइरहेकी रानीको मनःस्थितिलाई प्रफुल्लित पार्न ख्याल प्रदर्शन, हास्य–व्यग्य प्रदर्शन गर्ने पनि उर्दी दिइयो । अनि सबैले उर्दी पालना गरेर भाद्र कृष्ण प्रतिपदाको दिन गाईजात्रा चलाउने परम्परा बस्यो भन्ने उक्त कृतिमा उल्लेख गरिएको देखिन्छ । इतिहासविद् हरिराम जोशीद्वार ा लिखित **गोयात्रा** लेखमा चौधौं शताब्दीदेखि नेपालमा **गोयात्रा**को शुरुवात भएको उल्लेख गरिएको पाइन्छ। अर्कोतर्फ नेपालमा गाइजात्राको प्रारम्भ सत्रौं शताब्दीताक राजा प्रताप मल्लको पालामा भएको विषयमा अहिलेका एन. टि. भी. लगायत 'अन्नपूर्ण पोष्ट दैनिक (वर्ष ६,अंक १२२ पृष्ठ–२,२०६४भाद्र १३सोही मितिको गोर्खापत्र राष्ट्रिय दैनिक पत्रिकाबाट प्रकाशित विवरणमा उल्लेख गरेका छन् । उल्लेखित धारणाबाट गाईजात्रा पर्व शुरुआतको बारेमा करिव तीन सय वर्षको फरक पर्ने देखिन्छ । यसर्थ कुन चाही मल्लराजाको पालामा गाइजात्रा पर्वको शुरु भएको हो भन्ने विषयमा सम्पूर्ण संस्कृतिकर्मीहरुमा सो विषयले द्विविधा (अन्यौल) सिर्जना गरिदिन सक्छ। यसबारेमा विशिष्ट अनुसन्धाता ,इतिहासविद् तथा लोक संस्कृतिविद्हरुद्वारा स्पष्ट धारणा सार्वजनिक रुपमा गराइनु पर्छ भन्ने यसका पंक्तिकारको राय छ, ताकि भ्रम पैदा हुन नपाओस् । त्यसो त प्रो.ढुण्डिराज भण्डारीद्वारा लिखित **नेपालको ऐतिहासिक विवेचना** नामक ऐतिहासिक कृतिमा"राजा प्रताप मल्लका छोरा जयचक्रवर्तेन्द्र मल्लदेव राजा भएको चौथो दिनमै मृत्यु भएकोले रानी पुत्रशोकले विब्होल भइन् । रानीको सान्त्वनाको लागि दरवार हाइस्कुल अगाडि एक ठूलो पोखरी निर्माण गरी त्यहाँ विभिन्न ठाउँबाट पानी ल्याई भरेका थिए । उक्त पोखरी **"रानी पोखरी"** को नामवाट अद्यापितक प्रसिद्ध छ (पृष्ठ १२८) भनी

CC-0. In Public Domain. Digitization by eGangotri

स्पष्टरुपमा उल्लेख गरेको देखिन्छ । यसबाट राजा प्रताप मल्लले पुत्र शोकमा डुवेकी आफ्नी रानीको सान्त्वनाको लागि ठूलो पोखरी निर्माण गरी दिएको थियो भन्ने प्रमाण मिल्न आउँछ । रानीको सान्त्वनाको लागि कुन चाही इतिहासमा गाईजात्राको शुरुआत भएको हो भनी उल्लेख गरिएको छ त्यो जानकारी आउन नितान्त आवश्यक देखिन्छ । यो प्रसङ्ग यति नै ।

प्रस्तुत संस्कृति सम्बन्धी लेखमा बागलुङमा वर्षेनी देखाइने तायोमचाको प्रतिमा (नाच) का अतिरिक्त आ–आफ्ना प्रातःस्मरणीय स्वर्गीय पितृ (आत्मा) को सम्भनामा गाई अथवा गाईको प्रतिमा वा तिनको प्रतीकको रुपमा एकातिर बाँसको १०।१२ फूट अग्लो आकारको तायोमचा बनाइन्छ भने अर्को तर्फ सिपालु व्यक्तिहरुद्वारा कलाकारहरुलाई सिँगारी तिनको शोभायात्रा गराइने परम्पराको बारेमा चर्चा गर्नु यस लेखको प्रमुख उद्देश्य हो ।

बागलुङमा बास्सानाच कसरी र कुन वेलादेखि शुरु भयो ?

नेवारी संस्कृति र परम्परा अनुरुप मृत व्यक्तिको सम्भनामा देखाइने "बास्सा नाच" बागलुङमा शुरुआत हुनु भन्दा पहिले मरण भएका व्यक्तिको प्रतीकका रुपमा तायोमचा र बालबच्चाको हकमा साँढे अर्थात गाईको प्रतिमा र डोकोमाथि ठड्याइएको बाँसको डण्डीलाई डोरिले बेरेर त्यस माथि मृग वा अन्य कुनै जनावरको दुईओटा सिङ सज्याएर प्रतिमा बनाई एकैसाथ वजार परिक्रमा गर्ने गरिन्थ्यो । यो चलन शुरु शुरुमा बागलुङ बजारको उत्तरतिर पर्ने राधाकृष्ण टोल (बलमान श्रेष्ठ पूर्तिघाटे नेवारको घर नेर) का प्रमुख व्यक्ति **काजीमान चौधरी**, माथबर चौधरी र बागलुङ बजार किनारा टोलका पहलमान चौधरी आदिको अग्रसारितामा नचाइने गरिन्थ्यो भने तत्कालीन समयका युवा समुदायको सहभागितामा उक्त स्थानबाट शुरुगरी सोही स्थानमा ल्याई विसर्जन गर्ने गरिने कुरा बागलुङ देउराली चोकका ९० वर्षीय मोती कुमार श्रेष्ठसँग यसका पंक्तिकारले मिति २०६४।५।२३ मा जानाकारी लिईएको थियो ।

समयको कालक्रमानुसार वि.स.१९८३ साल पछि साहु अश्विनी कुमार श्रेष्ठ (वभा) का अनुसार उनका हजुरबुवा सत्यलाल श्रेष्ठ बागलुङवासी भएको नाताले सत्यलालका छोरा कृष्णबहादुर श्रेष्ठ र छोरा अश्विनी कुमार श्रेष्ठ बुटवल पाल्पाबाट बागलुङमा दैनिक उपभोग्य जस्ता मालसामानहरु

CC-0. In Public Domain. Digitization by eGangotri

ल्याई बिक्री वितरण गर्ने क्रम जारी नै भई रहन्थ्यो । त्यस समयमा वुटवल र पाल्पाका नेवार जातिले पहिले देखिनै परम्परागत रुपमा संचालन गर्दै आएको आफ्नो जातीय लोक संस्कृति बास्सानाच देख्ने अवसर पाएको हुदाँ त्यसको गहीरो प्रभाव उनीहरुमा परेको थियो । फलत बुटवल र पाल्पामा संचालित बास्सानाचको महिमा, महत्व र त्यसबाट अपूर्व सुखानुभूति प्राप्त भएको आधारमा उक्त नाचलाई बागलुङमा देखाउन उपयुक्त ठानी अश्विनी कुमार श्रेष्ठको पहलमा शुरुआत गरिएको कुरा उनको मुखबाट यसका पंक्तिकारलाई जानाकारी प्राप्त भएको थियो । यसर्थ बागलुङमा देखाइने बास्सानाचलाई बुटवल र पाल्पाको साँस्कृतिक सिकोका रुपमा लिइन्छ । यस प्रसङ्गमा अश्विनी कुमार श्रेष्ठको सो नाचसँग भावनात्मक अन्तरसम्बन्ध जोडिएको हुँदा प्रस्तुत आलेखमा तिनका सन्तानहरुको संक्षिप्त विवरण प्रस्तुत गरिन्छ ।



अश्विनी कुमार श्रेष्ठ
वि.सं. १९७०।३।१३- मृत्यु २०६४।२।१९

CC-0. In Public Domain. Digitization by eGangotri

सत्यलाल श्रेष्ठको संक्षिप्त वंशावली

सत्यलाल श्रेष्ठ



श्रोत व्यक्ति:
संवत् २०६४ भाद्र ११ गते सो वर्षको गाइजात्राको अवसरमा वुटवलवाट अग्निकुमार श्रेष्ठ र काठमाण्डौवाट डा.राम कुमार श्रेष्ठ वागलुङमा आउनु हुदा उहाँहरुवाट प्राप्त जानकारी अनुसार।

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो जातीय संस्कृति,परम्परा,मूल्य र मान्यताको संरक्षण र सम्वर्द्धन गर्ने सिलसिलामा वर्ष दिन भित्र नेवार समुदायको वीचमा कुनै व्यक्तिको मृत्यु भएको घरबाट गाइजात्राको दिन मृतक व्यक्तिको स्मृतिमा निर्मित तायोमचा र साँढेका अतिरिक्त आ–आफ्नो हैसियत मुताविक पौराणिक ग्रन्थ रामायण महाभारतमा आधारित ईश्वरीय स्वरुपमा युवा कलाकार र बालकलाकारहरुलाई सिंगारी आफन्त तथा आमन्त्रित महिला तथा पुरुषहरुको सहभागितामा गाजा वाजासहित शोभा यात्रा गराइने साँस्कृतिक प्रचलन नेवारी समाजमा अद्यापि कायमै छ। शोभा यात्राको क्रममा मृतक व्यक्तिको जीवनी सँगसम्वध्द गाथा (भक्ति सङ्गीर्तन भजन) कारुणिक रसमा गाइन्छ। तिनै गाथालाई नै उक्त धार्मिक नाम वा देवताको शोभा यात्रा भन्ने चलन छ।

यस प्रकारको धार्मिक शोभा यात्रा बागलङमा वि.स.१९८३ देखि २००७ साल सम्म अर्थात शुरु शुरुको अवस्था देखि वि.स.२००७ साल सम्म नियोजित रुपमा मृतक व्यक्तिको जीवनी गाथा गाएर बजार परिक्रमा गर्ने चलन नभएको बताइन्छ। केवल मृतक आत्मको चिर-शान्तिको लागि बास्सानाचको पछाडि (विष्णुलीला,रामलीला,कृष्णलीला,शिवलीला)
हरे राम। हरे कृष्ण।

पार लगाउ प्रभु !

पार लगाउ प्रभु !

पार लगाउ

जस्ता आदि कारुणिक रसका भजन वा धार्मिक भजन मात्र गाएर बजार परिक्रमा गर्ने गरेको बुझिन्छ। तत्पश्चात् स्थानीय समाजमा चेतनाको विकास र नयाँ नयाँ शैलीमा क्रमिक सुधार हुँदै आएको सम्भवत वि.स.२०१३।२०१४ सालदेखि बागलुङमा भगवान राम, कृष्ण, विष्णु र शिव लीला नामका लीलारुपी बास्सा नाचको शोभा यात्राको पछाडि मृतक व्यक्तिको जीवनीसँग सम्वद्ध लिखित भजन वा गाथा गाएर उक्त नाचको शोभा यात्रा शुरु गर्ने गरेको देखिन्छ। तत्कालीन समयमा भगवानको लीला लेखनकलामा शास्त्रीय संगीतका उस्ताद स्व.हीरामान शाक्य, स्व.गोविन्दश्याम वैद्य तथा संगीतकर्मी बद्रीनारायण भारीको प्रसिद्धिता रहेको पाइन्छ भने त्यसपछि शब्दरचना वा जीवनी गाथाका रुपमा भजन रचना र संगीतमा युवा कलाकार वालकृष्ण नेभा (फाटफुट रुपमा

CC-0. In Public Domain. Digitization by eGangotri

वैकुण्ठप्रसाद विजुक्ष) र यसका पंक्तिकार प्रेम छोटाको नाम विशेष रुपमा उल्लेख गर्न सकिन्छ । वर्तमान समयमा यस विषयमा स्थानीय युवा संगीतकारहरुको अभिरुचि क्रमश :वृद्धि हुँदै गएको पाइन्छ ।

प्रत्येक वर्ष जनैपूर्णिमाको भोलिपल्ट श्रावणे वा भाद्रपूर्णिमा को दिनदेखि अधिराज्यभरिका नेवार वस्तीहरुमा सातौ दिनसम्म गाइजात्रा पर्व आ–आफ्नो रीतिरिवाज अनुसार मनाइने परम्परा भएको भएपनि बागलुङका नेवार समुदायमा आफ्नै प्रकारको सो पर्व मनाउने चलन अद्यापि छदै छ । आफ्ना दिवगत् व्यक्तिको सम्झनामा सो अवसरमा गाईको प्रतीकको रुपमा एकातिर तायोमचा बनाइन्छ भने अर्कोतिर इच्छुक परिवारको तर्फबाट तिनै मृतकको चिरशान्तिको निम्ति ईश्वरको स्वरुपमा **"बास्सा नाचको"** शोभायात्रा गराइने चलन छ । यस शोभायात्राको साँस्कृतिक मान्यता मृत व्यक्तिसितको अन्तरसम्बन्धसँग जोडिएको छ ।

बागलुङको इतिहासमा सवभन्दा पहिले वि.स.१९८३ सालको गाइजात्रा (सापारु) को अवसरमा बागलुङ बजार माझकोटका स्व.अश्विनी कुमार श्रेष्ठको अग्रसरतामा बागलुङ बजार कम्पुटोल (वा.न.पा.४) निवासी स्व. चित्रलाल श्रेष्ठको सम्झनामा सर्वप्रथम बास्सानाचको शुरुआत भएको कुराको उल्लेख यसभन्दा अघिल्लो लेखमा उल्लेख भैसकेको छ । समयको विभिन्न कालक्रममा विगतका समयदेखि हाल (२०६४) सम्मको करिव ९० वर्ष सम्मको लामो अन्तरालमा बागलुङ बजार क्षेत्रभित्रका हाम्रा प्रातःस्मरणीय दिवगंत् हुनु भएका मृतक (व्यक्ति) हरुको स्मृतिमा प्रर्दशित बिभिन्न नामको बास्सानाच, सोसँग सम्वद्ध कलाकारहरु गायक गायिका ,वाद्य वादक, प्रमुख संयोजकहरु र फेला परे सम्मका तिथि मिति र तिनको सत्य तत्थ्यताको आधारमा शोध खोज गरी तयार पारिएको विवरणका अतिरिक्त यथास्थान, यथावस्थामा भए गरेका कृयाकलापहरुको वृत्तचित्र क्रमशः यसमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । तर उल्लेख गरिएका वृत्तचित्रहरु बाहेक अज्ञानतावस अरु कसैको छुट्न गएको भए अन्यथा नमानीकन सुझाउ तथा सहयोगको निम्ति विनम्रताका साथ यहाँहरु समक्ष आइपुगेको छु ।

CC-0. In Public Domain. Digitization by eGangotri

बास्सानाचको क्रमागत र यसको स्वरूप

मृतक व्यक्तिको नामावली

(मृतक व्यक्तिहरुको स्मृतिमा निकालिएको बास्सा नाचको सम्वत् र नामावली)

क्र.सं.		शोभायात्राकाल	पृष्ठ
१	स्वर्गीय चित्रलाल श्रेष्ठ	वि.सं. १९८३	
२	" जगत्प्रसाद श्रेष्ठ	वि.सं १९९७	
३	" नीलकुमारी गौचन	वि.सं २००१	
४	" देउरुपा अधिकारी	वि.सं. २००३	
५	" मानकुमारी श्रेष्ठ	वि.सं २००३	
६.	" रत्नदेवी राजभण्डारी	वि.सं. २००६	
७.	" देवीबहादुर विजुक्ष	वि.सं. २००७	
८.	" डम्बरबहादुर वझान्थाछे	वि.सं. २००७	
९.	" हरिकुमारी श्रेष्ठ	वि.सं. १०१०	
१०.	" नन्दकुमार श्रेष्ठ·	वि.सं. २०११	
११.	" सन्तकुमारी श्रेष्ठ	वि.सं. २०११	
१२	" बखतनरसिंह राजभण्डारी	वि.सं. २०११	
१३	" मानबहादुर वझान्थाछे	वि.सं. २०१२	
१४	" खड्गकुमारी श्रेष्ठ	वि.सं. २०१४	
१५	" मनकाजी श्रेष्ठ	वि.सं. २०१४	
१६	" हरिप्रसाद वझान्थाछे	वि.सं. २०१८	
१७	" बमबहादुर श्रेष्ठ	वि.सं. २०१९	
१८	" ज्योतिमान प्रधान	वि.सं. २०१९	
१९	" गुरु सूर्यप्रसाद श्रेष्ठ	वि.सं. २०२०	
२०	" मानकुमारी श्रेष्ठ	वि.सं. २०२१	

CC-0. In Public Domain. Digitization by eGangotri

२१	"	भुवनमाया देवी विजुक्ष	वि.सं. २०२२
२२	"	वंशमान श्रेष्ठ	वि.सं. २०२२
२३	"	पूर्णकुमारी वभ्हान्थाछें	वि.सं. २०२३
२४	"	विष्णुकुमारी शाक्य	वि.सं. २०२३
२५	"	लालबहादुर श्रेष्ठ	वि.सं. २०२५
२६	"	वंशमान श्रेष्ठ	वि.सं. २०२५
२७	"	सत्यमान श्रेष्ठ	वि.सं. २०२६
२८	"	भक्तिलाल श्रेष्ठ	वि.सं. २०२६
२९	"	गणेशप्रसाद वभ्हान्थछैं	वि.सं. २०२७
३०	"	दुर्गालक्ष्मी श्रेष्ठ	वि.सं. २०२७
३१	"	नन्दप्रसाद प्रधान	वि.सं २०२७
३२	"	तिलकप्रसाद मलेपति	वि.सं. २०२८
३३	"	चमेलीकुमारी श्रेष्ठ	वि.सं. २०२९
३४.	"	बुध्दिलक्ष्मी पालिखे	वि.सं. २०२९
३५.	"	हरिमाया भारी	वि.सं. २०२९
३६.	"	टेकनारायण भारी	वि.सं २०३०
३७.	"	हीरादेवी श्रेष्ठ	वि.सं. २०३१
३८.	"	राजकुमारी श्रेष्ठ	वि.सं. २०३१
३९.	"	इन्द्रकुमारी शाक्य	वि.सं. २०३२
४०.	"	ताराप्रसाद वभ्हान्थाछें	वि.सं. २०३३
४१	"	रत्नकुमारी श्रेष्ठ	वि.सं. २०३४
४२	"	पानकुमारी श्रेष्ठ	वि.सं. २०३६
४३	"	पृथ्वीदेवी श्रेष्ठ	वि.सं. २०३७
४४	"	भद्रकुमारी श्रेष्ठ	वि.सं. २०३७
४५	"	बालकुमारी श्रेष्ठ	वि.सं. २०३९
४६	"	बहुतप्रसाद भारी (श्रेष्ठ)	वि.सं. २०३९
४७	"	लल्लहरीजङ्ग राजभण्डारी	वि.सं. २०४०

CC-0. In Public Domain. Digitization by eGangotri

४८	"	मैनाकुमारी श्रेष्ठ	वि.सं. २०४२
४९	"	पृथ्वी जोशी	वि.सं. २०४३
५०	"	चन्द्रकुमारी श्रेष्ठ	वि.सं. २०४३
५१	"	हरिबहादुर श्रेष्ठ	वि.सं. २०४५
५२	"	हेलमाया श्रेष्ठ	वि.सं. २०४५
५३	"	यज्ञमान श्रेष्ठ	वि.सं. २०४७
५४	"	खड्गबहादुर श्रेष्ठ	वि.सं. २०४८
५५	"	हरिशंकर श्रेष्ठ	वि.सं. २०५३
५६	"	होमकुमारी राजभण्डारी	वि.सं. २०५५
५७	"	मोहनमाया राजभण्डारी	वि.सं. २०५६
५८	"	सन्तकुमारी श्रेष्ठ	वि.सं. २०५८
५९	"	दिलप्रसाद प्रधान	वि.सं. २०५९
६०	"	लोकनरसिंह राजभण्डारी	वि.सं. २०५९
६१	"	भीमकुमारी श्रेष्ठ	वि.सं. २०६०
६२	"	मायादेवी भारी	वि.सं. २०६१
६३	"	माथवरसिंह श्रेष्ठ	वि.सं. २०६४
६४	"	डा.बद्रीनारायण भारी	वि.सं. २०६४

द्रष्टव्यः रत्नबहादुर वझान्थाछैँ, गोपालप्रसाद वझान्थाछैँको मिति खुल्न नसकेको

CC-0. In Public Domain. Digitization by eGangotri

१. स्व. चित्रलाल श्रेष्ठ(भारी)को स्मृतिमा बास्सा नाच-१९८३

वि.सं. १९८३ सालको गाइजात्रा(सापारु) पर्व अर्थात जनैपूर्णिमाको भोलिपल्ट प्रतिपदाको दिन, गाइजात्राको अवसरमा अश्विनीकुमार श्रेष्ठको अग्रसरमा भगवान विष्णुको स्वरुपमा बागलुङ बजार कस्पुटोल निवासी स्व. चित्रलाल श्रेष्ठको मरण वि.सं. १९८२ सालमा भएको हुँदा उनको स्मृतिमा परिवारजनबाट बास्सानाचको प्रर्दशन गरिएको यो नै बागलुङको इतिहासमा पहिलो नाच हो । बास्सानाचको साथमा तत्कालीन समाजका मान्यजनहरुद्वारा हरेराम, हरेकृष्णको नामको भजन मात्र गाएर बजार परिक्रमा गरिएको कुरा अश्विनीकुमार श्रेष्ठबाट जानकारी प्राप्त भएको थियो । उक्त पहिलो बास्सा नाचमा भगवान विष्णुको स्वरुपमा खेल्नु हुने कलाकार सर्वश्री अश्विनीकुमार श्रेष्ठ, लक्ष्मीको रुपमा तत्कालीन युवा कलाकार नारायणप्रसाद श्रेष्ठ (वहुला नारायण) र सावित्रीको रुपमा बहुतप्रसाद श्रेष्ठ (भारी)को सहभागिता रहेको थियो ।



अश्विनीकुमार श्रेष्ठ, नारायण प्रसाद श्रेष्ठ, बहुत प्रसाद भारी
भगवान विष्णु लीलाको स्वरुपमा खेल्नुहुने
पहिलो कलाकारहरु

CC-0. In Public Domain. Digitization by eGangotri

२.स्व. जगत्प्रसाद श्रेष्ठको स्मृतिमा बास्सा नाच १९९७

बागलुङ बजार नैवीसे टोल निवासी स्व. जगत्प्रसाद श्रेष्ठ (घोल्म वज्यैको पति) मरण वि.सं. १९९६ मा भएको थियो। उनको स्मृतिमा परिवारजनबाट वि.स.१९९७ भाद्र ७ गते कृष्णपक्ष प्रतिपदा, गाइजात्राको अवसरमा विष्णु भगवानको स्वरुपमा सिङ्गारेर खेलेका तत्कालीन युवा कलाकार टेक नारायण श्रेष्ठ (भारी) थिए। उनको सक्रियतामा त्यस वखत **विष्णु लीला नामक** बास्सा नाच निकालिएको बुझिन्छ। सो समयमा **हरेराम** !

हरेकृष्ण ! आदि धार्मिक भजनको पुकार गदै बजार परिक्रमा गरेको देखिन्छ।

३. स्व. नीलकुमारी गौचनको स्मृतिमा बास्सा नाच २००१

बागलुङ बजार नारायण चोकका चर्चित समाजसेवी ओमप्रसाद गौचनको दोस्रो पत्नी नीलकुमारी गौचनको जन्म विं सं.१९८२ मा भएको थियो र मरण २००० सालमा भएको थियो। काका गौचनकी प्रथम पत्नी ओमकार गौचनकी आमा स्व.पद्मकुमारी गौचनको स्मृतिमा निरहेघाट स्थित करिब एक रोपनी जग्गामा **ओमकारेश्वर ठाँटी पौवा** निर्माण गर्नुभएको थियो भने कान्छा छोरा प्रकाश गौचनकी आमा स्व. निल कुमारी गौचनको स्मृतिमा **कौमास्टर** लगायत अन्य गुरुहरुद्वारा स्थानीय क्षेत्रका महिलाहरुमा शिक्षाको चेतना जगाउने अभिप्रायले करिव ३ वर्ष सम्म निशुल्क रुपमा

अमृत शेरचन ब्रम्हाजीको रुपमा

CC-0. In Public Domain. Digitization by eGangotri

नारीहरुलाई मात्र शिक्षा दिइने व्यवस्था गर्नु भएको थियो । समाजसेवी काका ओमप्रसाद गौचनको चहल पहल र प्रतिष्ठा एवं नेवारहरुको माझमा बस्नु हुँदा नेवारी संस्कृतिमा उहाँको रुचि एव् हरप्रकारको कार्यमा सहयोगी र सहभागी रहने भएको हुँदा नेवारी संस्कृतिको प्रभाव उहाँहरुमा पर्नु स्वाभाविकै थियो । यसर्थ काका ओमप्रसाद गौचनकी पत्नी (दोस्रो) स्व. नीलकुमारी गौचनको स्मृतिमा वि.स.२००१ साल भाद्र ८ गते, शुक्रवार, प्रतिपदाको दिन बजारका नेवार समुदायको अग्रसारितामा उहाँकै निवासबाट भगवान **ब्रह्मा, विष्णु, महेश्वर**को एकै रुपको **दत्तात्रय** नामको बास्सा नाच निकालियो । उक्त बास्सा नाचमा नाच्ने कलाकारहरुमा ब्रह्माको रुपमा अमृतप्रसाद शेरचन विष्णुको रुपमा जगदिश गौचन र महेश्वरको रुपमा हरिकुमार प्रधानले प्रमुख भूमिका निर्वाह गरेको कुरा स्व.ओमप्रसाद गौचनकी कान्छी पत्नी मोहनकुमारी गौचनबाट मिति २०६४ भाद्र १० गते जानकारी प्राप्त भएको आधारमा उल्लेख गरिएको छ ।

थकाली जातिको नेवारी समाजमा **बास्सा नाच** निकालिएको यो नै बागलुङको इतिहासमा पहिलो घटना थियो । यसभन्दा न अघि न त पछि नै हुने गरेको देखिन्छ

४.स्व.देउरुपा अधिकारीको स्मृतिमा बास्सा नाच २००३

बागलुङ बजार किनारा टोलमा स्थायी बसोबास गरेका अधिकारी परिवारको मुख्य व्यक्ति स्व. देउरुपा अधिकारी (सोमबहादुर बास्कोटाकी सासू गोकर्णको वजै) को स्मृतिमा वि.स. २००३ साल भाद्र ११ गते मंगलबार प्रतिपदा गाइजात्राको अवसरमा परिवारको तर्फ वाट बिष्णुलीला नामक बास्सा नाच निकाली बजार परिक्रमा गरेका थिए। नेवार समुदायमा रहनु भएका अधिकारी परिवारमा नेवारी संस्कृतिको प्रभावबाट प्रेरित भई सो नाच निकालेको

जगदिश्वर राजभण्डारी
विष्णुको रुपमा

CC-0. In Public Domain. Digitization by eGangotri

बुझिन्छ । बिष्णुको रुपमा जगदिश्वर राजभण्डारी,लक्ष्मीको रुपमा यमप्रसाद श्रेष्ठ र सावित्रीको रुपमा अश्विनीकुमार जोशी रहनु भएको बुझिन्छ ।

५.स्व.मानकुमारी श्रेष्ठको स्मृतिमा बास्सा नाच २००३

बागलुङ बजार देउराली चोक (भीमसेन चोक) निवासी स्व. शेर बहादुर श्रेष्ठकी धर्म पत्नी मानकुमारी श्रेष्ठको मरण वि.सं. २००२ सालमा भएको थियो । उनको स्मृतिमा परिवारजनबाट वि.सं. २००३ साल भाद्र ११ गते मंगलबार जनै पूर्णिमाको भोलिपल्ट, प्रतिपदाको दिन भगवान रामचन्द्रको स्वरुपमा रामलीला नामक बास्सानाचको शोभा यात्रा गरिएको थियो । सो नाचमा सहभागी कलाकारहरु र त्यससँग सम्वद्ध भजन अज्ञात अवस्थामा रहेको कुरा बागलुङ बजार माझकोट निवासी पछि (काठमाण्डौ कालीमाटीमा रहनु भएकी ८६ बर्षीया बयोबृद्ध श्रीमती चन्द्रकुमारी श्रेष्ठद्वारा जानाकारी प्राप्त भएको आधारमा उल्लेख गरिएको छ ।

६. स्व. रत्नदेवी राजभण्डारीको स्मृतिमा बास्सा नाच २००६

बागलुङ बजार राधाकृष्णटोल निवासी स्व. तेजबहादुर राजभण्डारीकी श्रीमती रत्नकुमारी राजभण्डारीको जन्म वि.स. १९७९ श्रावण ७ गतेमा भएको र मरण वि.सं. २००५ सालमा भएको बताइन्छ । उनको स्मृतिमा परिवारजनबाट २००६ साल भाद्र ९ गते विहिवार, भाद्रपूर्णिमा, प्रतिपदाको दिन, गाईजात्राको अवसरमा भगवान कृष्णको स्वरुपमा **कृष्णलीला**को बास्सा नाच प्रदर्शन गरिएको कुरा साहु अश्विनीकुमार श्रेष्ठको छोरा वुटवल निवासी अग्निकुमार श्रेष्ठका अनुसार उक्त बास्सा नाचमा भगवान कृष्णको स्वरुपमा प्रमुख भूमिका खेलेको कुरा अग्निकुमार श्रेष्ठ स्वयम्द्वारा बताइन्छ भने दायाँ वायाँका कलाकारहरुको नाम स्मरण नभएको बताएको कुरा उल्लेख गरिएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. देवीबहादुर विजुक्क्ष

जन्म: वि.सं. १९५२ जेष्ठ

मरण: वि.सं.२००६/६/२९

CC-0. In Public Domain. Digitization by eGangotri

७. स्व. देवीबहादुर विजुक्षको स्मृतिमा बास्सानाच

विष्णुलीलाको शोभायात्रा २००७

कास्की जिल्ला, भीमसेनटोल, पोखरा निवासी देवीबहादुर बिजुक्षको जन्म वि.सं. १९५२ साल जेठ महिनामा भएको थियो । आफ्नो जागिरे जीवनको सिलसिलामा बागलुङमा स्थानान्तरण भएको केहीकाल पश्चात् उनले बागलुङ राधाकृष्ण टोल निवासी बखतनरसिंह राजभण्डारी (कृष्णप्रसाद राजभण्डारी) कि छोरी भुवनमाया देवी राजभण्डारीको साथ विवाह गरेका थिए । उनीहरुबाट तीनवटा छोरा टोपबहादुर, बैकुण्ठप्रसाद र राधेश्याम विजुक्ष(कमारो) र तीनवटी छोरीहरु टक (फिनी) पूर्ण र मैयाकुमारी जन्माई वि.सं. २००६ साल आश्विन २९ गते (स्थायी बसोवास बागलुङमा) स्वर्गवास भएको थियो । मृतक व्यक्तिको स्मृतिमा वि.सं. २००७ साल भाद्र १२ गते सोमवार भाद्र पूर्णिमा कृष्णपक्ष, रक्षाबन्धनको भोलिपल्ट प्रतिपदा तिथि गाईजात्राको अवसरमा तायोमचा सहित भगवान् विष्णुको स्वरुपमा बास्सानाचको शोभायात्रा गरिएको थियो । उक्त बास्सा नाचको प्रमुख कलाकार, विष्णुको रुपमा जगदिश्वर राजभण्डारी र लक्ष्मीको रुपमा रामप्रसाद शेरचनले भाग लिएका थिए । सावित्रीको रुपमा खेल्ने व्यक्तिको नाम खुल्न नसकेको पाइन्छ । मृतक व्यक्तिको जीवनसँग सम्बद्ध जीवनी गाथा बागलुङका अग्रज शास्त्रीय संगीतकार उस्ताद स्व. हीरामान शाक्यका शब्द र संगीतमा गाजाबाजा सहित बजार परिक्रमा गरिएको बुझिन्छ ।

भजनको भावार्थ- स्व. विजुक्ष सिद्धहस्त वैद्यराज हुनुका साथै उपकारी गुणीव्यक्तिको रुपमा चर्चा गरिएको पाइन्छ । उक्त कुरा बैकुण्ठप्रसाद विजुक्षबाट जानकारी प्राप्त भए अनुसार उल्लेख गरिएको छ । सम्पर्क सूत्र: ५५२०५६८ (पाटन)

८. स्व.डम्बरबहादुर वझान्थाछें (ठूलेबूढा)को स्मृतिमा बास्सा नाच २००७

बागलुङ बजार नौवीसे टोल निवासी स्व.डम्बरबहादुर वझान्थाछेंको मरण वि.सं. २००६ सालमा भएको थियो । उनको स्मृतिमा परिवारको तर्फबाट भगवान कृष्णको स्वरुपमा **कृष्णलीला** रुपी बास्सा नाच मिति २००७ साल भाद्र जनैपूर्णिमाको भोलि पल्ट गाइजात्राको अवसरमा निकालिएको थियो । उक्त कृष्णलीला नामक नाचमा कृष्णको मूल पात्रको रुपमा स्थानीय

CC-0. In Public Domain. Digitization by eGangotri

युवा कलाकार कृष्णलाल राजभण्डारी नाचेको बताइन्छ। बास्सा नाचको साथमा **हरेराम ! हरेकृष्ण** ! नामको भजन गाउदै बजार परिक्रमा गरेको बताइन्छ

९. स्व. हरिकुमारी श्रेष्ठको स्मृतिमा बास्सा नाच २०१०

बागलुङ बजार नारायण चोक निवासी स्वर्गीय बृजमान श्रेष्ठकी श्रीमती हरिकुमारी श्रेष्ठ (हरिबहादुर श्रेष्ठ, व्यत्थरी साहुको आमा)को मरण वि.सं. २०२९ सालमा भएको थियो। उनको स्मृतिमा परिवारजनको तर्फबाट वि.स.२०१० साल भाद्र ९ गते मंगलबार, जनैपूर्णिमाको भोलिपल्ट, प्रतिपदा गाईजात्राको अवसरमा भगवान बिष्णुको स्वरुपमा **बिष्णुलीला**को रुपमा बास्सा नाचको शोभायात्रा प्रदर्शन गरिएको थियो। सो शोभायात्राको प्रमुख कलाकार विष्णुको स्वरुपमा स्थानीय युवा कलाकार **बैकुण्ठप्रसाद बिजुक्छे** लक्ष्मीको रुपमा**बालकृष्ण श्रेष्ठ(नेभा) र** (सावित्रीको रुपमा खेल्ने कलाकारको नाम खुल्न सकेको छैन) ले भाग लिएका थिए । गायन कलामा बद्रिनारायण भारीको सहभागीता रहेको कुरा बिजुक्छ र नेभाबाट जानकारी प्राप्त भएको आधारमा उल्लेख गरिएको छ ।

१०. स्व. बखतनरसिंह राजभण्डारीको स्मृतिमा बास्सा नाच २०११

बागलुङ बजार राधाकृष्ण टोल निवासी बखतनरसिंह राजभण्डारी(शंकरनरसिंह राजभण्डारीको पीता- ने.वै.लि.रोड) को जन्म वि.सं. १९३७ सालमा भएको थियो । मरण वि.सं. २०१० कार्तिक १४ गते भएको थियो । उनको स्मृतिमा परिवारजनबाट वि.सं. २०११ भाद्र १३ गते आइतवार, जनैपूर्णिमाको भोलिपल्ट, प्रतिपदाको दिन गााईजात्राको अवसरमा भगवान रामचन्द्रको स्वरुपमा **रामलीला** नामक बास्सानाच निकालिएको थियो । उक्त वास्सानाचमा सहभागी हुने कलाकारहरुमा रामको स्वरुपमा मूख्य

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका निर्वाह गर्ने स्थानीय युवा कलाकार रामकृष्ण राजभण्डारीले गरेका थिए अन्य कलाकारको नाम अज्ञात अवस्थामा रहेको बुझिन्छ ।

सर्म्पक सूत्रः- शंकरनरसिंह राजभण्डारी काठमाण्डौ, फोनं ०१-४२८०४५२

११. स्व.सन्तकुमारी वझान्थाछेंको स्मृतिमा बास्सा नाच २०११

बागलुङ बजार माझकोट टोल निवासी स्व. सनत्कुमार श्रेष्ठ(वझा)की श्रीमती सन्तकुमारी वझान्थाछें (श्रेष्ठ) को मरण वि.स.२०११ साल श्रावण महिनामा भएको हुदा सोही वर्ष अर्थात् वि.सं.२०११ साल भाद्र १३ गते, जनैपूर्णिमाको भोलिपल्ट, गाइजात्राको पहिलो दिन प्रतिपदा, गाइजात्राको अवसरमा भगवान बिष्णुको स्वरुपमा बास्सा नाच निकालियो । सो नाचको साथमा उनको जीवनीसँग सम्वद्ध जीवनीगाथा गाइ बजार परिक्रमा गरिएको बुझिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri



स्व. नन्दकुमार श्रेष्ठ
जन्म वि.सं. १९३६/११/२२
मृत्यु वि.सं. २०१०/६/२६

CC-0. In Public Domain. Digitization by eGangotri

१२. स्व. नन्दकुमार श्रेष्ठको स्मृतिमा बास्सा नाच-२०११

बागलुङ बजार किनारा टोल निवासी नन्दकुमार श्रेष्ठको मरण वि.सं.२०१० साल असोजमा भएको थियो। उनको स्मृतिमा आफन्तजनबाट वि.सं.२०११ साल भाद्र १३ गते आइतवार, भाद्र पूर्णिमाको भोलिपल्ट, प्रतिपदा गाईजात्राको अवसरमा भगवान बिष्णुको स्वरुपमा **बिष्णुलीला**को शोभायात्रा गरेको थियो। नाच पछाडि मृत्तक व्यक्तिको चिरशान्तिको निम्ति धार्मिक भजन गाउँदै बजार परिक्रमा गरेको थियो। उक्त शोभायात्रामा सहभागि हुने कलाकारहरुमा विष्णुको स्वरुपमा मथुराप्रसाद श्रेष्ठ, रुक्मणिको रुपमा पद्मचन्द्र राजभण्डारी, सावित्रिको रुपमा रामजीकुमार राजभण्डारीले भाग लिएको कुरा नन्दकुमार श्रेष्ठकी नातिनी सुश्री हरिमाया श्रेष्ठबाट जानकारी प्राप्त भएअनुसार उल्लेख गरिएको छ।

१३.स्व. मानबहादुर वझन्थाछेंको स्मृतिमा बास्सा नाथ-२०१२

बागलुङ बजार नौबीसे टोल निवासी मान वहादुर वझाको मरण २०११ सालमा भएको थियो। उनको स्मृतिमा उनका परिवारजनबाट कृष्णलीला नामक बास्सा नाच नचाईएको थियो। उक्त नाच भगवान कृष्णको मुख्य पात्रको रुपमा स्थानीय युवा कलाकार कृष्णलाल राजभण्डारी नाचेको बुझिन्छ।

१४. स्व.खड्गकुमारी श्रेष्ठको स्मृतिमा बास्सा नाच-२०१४

बागलुङ बजार माझकोट टोल निवासी साहु अश्विनीकुमार श्रेष्ठकी श्रीमती खड्गकुमारी श्रेष्ठको वि.सं.२०१३ साल आषाढ २९ गते असामयिक निधन भएको थियो। उनको स्मृतिमा परिवारको तर्फबाट वि.स.२०१४ साल भाद्र १० गते भाद्रपूर्णिमा, कृष्णपक्ष, प्रतिपदा, गाईजात्राको अवसरमा

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान कृष्णको स्वरुपमा **कृष्णलीला** नामक बास्सा नाच निकाली सो नाचको पछाडि उनको जीवनी गाथा सहित गाजाबाजाले बजार परिक्रमा गरेको थियो ।

१५. स्व.मनकाजी श्रेष्ठको स्मृतिमा बास्सा नाच-२०१४

बागलुङ बजार नौविसे टोल निवासी जगत्प्रसाद श्रेष्ठको जेठो छोरा स्व.मनकाजी श्रेष्ठको मरण वि.स. २०१३ मा भएको थियो । उनको स्मृतिमा २०१४ साल श्रावण २७ गते आइतबार श्रावणपूर्णिमा शुक्ल पक्ष, प्रतिपदा गाइजात्राको अवसरमा भगवान रामचन्द्रको स्वरुपमा **रामलीला**को बास्सा नाच निकालिएको कुरा उनका नाति अग्निप्रसाद मलेपतिद्धारा जानकारी प्राप्त भएको थियो । सो अवसरमा मनकाजी श्रेष्ठको जीवनीसँग सम्बद्ध गाथाको भजन तत्कालीन युवा कलाकार शिवकुमार प्रधानद्धारा रचिएको थियो । तिनै भजनको साथमा बास्सा नाच पछाडि गाजावाजा सहित बजार परिक्रमा गरिएको थियो । उक्त बास्सा नाचमा भगवान् रामचन्द्र, लक्ष्मण र सीताको रुपमा सहभागी हुने कलाकारहरु मध्ये स्थानीय देउराली चोक निवासी विश्वप्रसाद श्रेष्ठ सीताको रुपमा सहभागी भएको कुरा उनका अनुसार उल्लेख गरिएको छ । तर राम र लक्ष्मणको रुपमा खेल्ने कलाकार को नाम सम्झनामा नआएको बताइन्छ ।

विश्वप्रसाद श्रेष्ठ (सीताको रुपमा)

CC-0. In Public Domain. Digitization by eGangotri



बागलुङ बजारको झलक

CC-0. In Public Domain. Digitization by eGangotri

१६. स्व.हरिप्रसाद वझ्मान्थाछेंको स्मृतिमा
बास्सा नाच-२०१८

बागलुङ बजार नौबीसे टोल निवासी हरिप्रसाद वझ्मान्थाछें (हरे वूढा)को जन्म १९४४ मा भएको थियो । ताराप्रसाद वझ्मान्थाछेंको पिताको मरण वि.सं. २०१८ साल जेठ १८ गतेको दिन भएको थियो । उनको स्मृतिमा परिवारजनबाट आफन्तहरुबाट भगवान विष्णुको स्वरुपमा विष्णुलीला नामक बास्सा नाच वि.सं. २०१८ साल भाद्र ११ गते आइतवार, रक्षाबन्धनको भोलिपल्ट, शुक्लपक्ष, प्रतिपदा, गाइजात्राको अवसरमा निकालिएको थियो । उनको जीवनीसँग सम्वद्ध गाथा स्थानीय युवा स्रष्टा **बालकृष्ण नेभाद्वारा** रचिएको बुझिन्छ । तिनै जीवनीसँगको गाथा गाएर गाजाबाजा सहित बजार परिक्रमा गरिएको थियो । बिष्णुलीलामा सहभागी हुने कलाकारहरुमा विष्णुको रुपमा **काजीरोशन, लक्ष्मीको रुपमा लक्ष्मणकुमार श्रेष्ठ र सावित्रीको रुपमा सन्तप्रसाद वझ्न्थाछें**ले भाग लिएका थिए । हरिप्रसाद वझ्मान्थाछेंमा शास्त्रीय संगीतमा अभिरुचि रहेको कुरा उनका नाति श्याम वझ्मान्थाछेंबाट प्राप्त जानकारी भएको थियो ।

१७. स्व. बमबहादुर श्रेष्ठको स्मृतिमा
बास्सा नाच-२०१९

बागलुङ बजार राधाकृष्ण टोल निवासी डा. कृष्णबहादुर श्रेष्ठको पिता बमबहादुर श्रेष्ठको मरण २०१८ सालमा भएको थियो । उनको स्मृतिमा २०१९ श्रावण ३२ गते विहिवार श्रावणपूर्णिमा शुक्लपक्ष प्रतिपदा गाईजात्राको अवसरमा **रामलीला**को शोभा यात्रा प्रदर्शन गरिएको थियो । शोभा यात्रा पछाडि मृतक व्यक्तिसँग सम्वद्ध जीवनी गाथा गाउँदै बजार परिक्रमा गरिएको थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. ज्योतिमान प्रधान
जन्म: ई. सम्वत्.१९२०
मरण:ई. सम्वत्: २१ अप्रिल १९६२

CC-0. In Public Domain. Digitization by eGangotri

१८. स्व.ज्योतिमान प्रधानको स्मृतिमा बास्सा नाच–२०१९

बागलुङ बजार नारायणचोक निवासी भैरमवूढाको ज्येष्ठपुत्र क्याप्टेन ज्योतिमान प्रधानको जन्म ई.सं. १९२० मा भएको थियो भने मरण २०१८ चैत्र ८ गतेको दिनमा भएको थियो । उनको स्मृतिमा परिवारजनबाट वि.सं. २०१९ साल श्रावण ३२ गते जनैपूर्णिमाको भोलिपल्ट प्रतिपदा गाईजात्राको अवसरमा उनको जीवनीसँग सम्बद्ध गाथा सहित भगवान विष्णुको स्वरुपमा बास्सा नाच देखाइएको थियो । धार्मिक भजनको रचनाकार बद्रीनारायण भारीको अग्रसरतामा सम्पन्न भएको थियो । मृतक व्यक्तिको जीवनीसँग सम्बद्ध भजन निम्न अवस्थामा रहेको बुझिन्छ ।

स्व. ज्योतिमान प्रधानको स्मृतिमा शान्तिकामना

शब्द तथा संगीत रचना: बद्रीनारायण भारी

हे धनुषधारी ! बास विहारी
आइरहेछ **ज्योति** शरणमा
लगाई देऊ पार, लगाई देऊ पार
लगाई देऊ पार, लगाई देऊ पार
हे धनुषधारी ! बास विहारी
अन्धकारमा सबैलाई छाडी
सबैको मन रुवाई
लगाई देऊ पार, लगाई देऊ पार
लगाई देऊ पार, लगाई देऊ पार
हे धनुषधारी ! बास विहारी
घरको **मोति** नाम **ज्योति**
घरको उज्यालो बत्ती
बत्ती .... बत्ती ....
घरको उज्यालो बत्ती
अन्धकारमा सबैलाई छाडी
सबैको मन रुवाई
लगाई देऊ पार, लगाई देऊ पार
लगाई देऊ पार
हे धनुषधारी ! बास विहारी
आइरहेछ **ज्योति** शरणमा

भजन
प्रदीप प्रधानबाट प्राप्त, बुटवल
सम्पर्क सूत्र: ०७१५४१०१०

CC-0. In Public Domain. Digitization by eGangotri

स्व.गुरु सूर्यप्रसाद श्रेष्ठ
जन्मः वि.सं. १९९४।५।५
मरणः वि.सं. २०२०।३।१३

CC-0. In Public Domain. Digitization by eGangotri

१९. स्व. गुरु सूर्यप्रसाद श्रेष्ठको स्मृतिमा बास्सा नाच-२०२०

बागलुङ बजार किनाराटोल निवासी स्व. माष्टर गणेश प्रसाद श्रेष्ठ (बाङ्गेगुरु) को ज्येष्ठ सुपुत्रको जन्म वि.सं. १९९४ भाद्र ५ गते भएको थियो । दैवको लीला वि.सं. २०२० आषाढ १३ गते २६ बर्षको उमेरमा असामयिक निधन भएको थियो । उनको दुखान्त निधनले परिवारमा ठूलो बज्रपात पऱ्यो । उनको स्मृतिमा परिवारजनबाट भगवान रामचन्द्रको स्वरुपमा **रामलीला** नामक बास्सा नाच वि.सं. २०२० भाद्र ४ गते मंगलवार, भाद्र पूर्णिमाको भोलिपल्ट, कृष्णपक्ष प्रतिपदा तिथि गाईजात्राको अवसरमा बास्सा नाच निकालिएको थियो । बास्सा नाचको सोभायात्रा पछाडि मृत व्यक्तिको जीवनीसँग सम्बद्ध गाथा सामूहिक रुपमा गाएर बजार परिक्राम गरिएको थियो । भजनको रचना र संगीत अज्ञात अवस्थामा रहेको बुझिन्छ ।

२०. स्व. मानकुमारी श्रेष्ठको स्मृतिमा बास्सा नाच-२०२१

बागलुङ बजार कम्पुटोल निवासी स्व.डिल्लीकुमार श्रेष्ठ (विचारी) की स्व. आमा मानकुमारी श्रेष्ठको मरण २०२० सालमा भएको थियो । उनको स्मृतिमा परिवारजनबाट वि.सं. २०२१ साल भाद्र ९ गते सोमवार जनैपूर्णिमाको भोलिपल्ट, प्रतिपदाको दिन गाईजात्राको अवसरमा भगवान रामचन्द्रको स्वरुपमा बास्सा नाच निकालिएको थियो । सो बाच्सा नाचमा सहभागी कलाकारहरुमा रामको स्वरुपमा **रामकुमार राजभण्डारी, सीताको स्वरुपमा अशोक राजभण्डारी र लक्ष्मणको रुपमा किशोर राजभण्डारी**ले भाग लिएका थिए । मृतक ब्यक्तिको जीवनीसँग सम्वद्ध गाथा र भजन सहित बजार परिक्रमा गरिएको थियो । भजन रचना बालकृष्ण नेभा र संगीत स्वयम्ले गरेका थिए । सिंगार कलामा स्थानीय युवा कलाकार सूर्यप्रसाद मिलनले गरेको बुझिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. भुवनमायादेवी बिभुवक्ष
जन्मः वि.सं. १९६२
मरणः वि.सं. २०२१ पौष

CC-0. In Public Domain. Digitization by eGangotri

२१. स्व.भूवनमायादेवी बिजुक्षको स्मृतिमा बास्सा नाच २०२२

बागलुङ बजार नौबीसे टोल निवासी देवीबहादुर बिजुक्छेकी पत्नी श्रीमती भुवनमाया देवीको जन्म वि.सं. १९६२ सालमा भएको थियो भने मरण वि.सं.२०२१ साल पौष महिनामा भएको थियो । उनको स्मृतिमा उनका छोराहरु टोप बहादुर, बैकुण्ठप्रसाद र राधेश्याम विजुक्ष(कमारो)ले वि.सं. २०२२ साल भाद्र ११ गते शुक्रबार अर्थात जनैपूर्णिमाको भोलिपल्ट, कृष्णपक्ष प्रतिपदा तिथि गाईजात्राको अवसरमा भगवान विष्णुको स्वरुपमा **विष्णुलीला**को बास्सा नाचको शोभा यात्रा गरिएको थियो । सो बास्सा नाचमा कलाकारको रुपमा **विष्णुको स्वरुपमा स्व. चिरञ्जीवीनारायण भारी, लक्ष्मीको रुपमा रमेश राजभण्डारी र सावित्रीको रुपमा टोपलाल शाक्यले** भाग लिएका थिए । मृतक व्यक्तिको जीवनीसँग सम्बद्ध भक्तिभावनाले पूर्ण जीवनीगाथाद्वारा गाजावाजा सहित बजार परिक्रमा गरिएको थियो । आफ्नी स्व.आमाको स्मृतिमा उनका छोरा बैकुण्ठप्रसाद विजुक्षद्वारा रचित जीवनीसँगको सम्वद्ध भजनको लिपिको पहिलो चरणको पंक्ती यस प्रकारको छ ।

आमा तिमी छैनौं यहाँ
कहिंपनि यो धर्तीमा
चलमलाउँछ्यौ आएर
तिमी कल्पनाको शून्यमा

भावार्थ: दया, माया, करुणा, धैर्य, साहस र सजकता जस्ता असंख्य प्रेरणादायी गुणहरुको मूर्तिमन्त रुपको चर्चा गरिएको बुझिन्छ ।

संगीत रचना स्व. आनन्दमान शाक्य (गुभाजु)को साथमा अन्य वाद्यवादकहरुको सहभागिता रहेको जनाइन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri



स्व. बंशमान श्रेष्ठ
जन्म: वि.सं. १९५१
मरण: वि.सं. २०२१

CC-0. In Public Domain. Digitization by eGangotri

२२.स्व. बंशमान श्रेष्ठको स्मृतिमा बास्सानाच-२०२२

बागलुङ बजार कम्पुटोल निवासी बंशमान श्रेष्ठको जन्म वि.सं. १९५१ सालमा भएको थियो भने मरण वि.सं. २०२१ साल असोज ८ गते भएको थियो । उनको स्मृतिमा परिवारजनबाट वि.सं. २०२२ साल भाद्र ११ गते शुक्रवार अर्थात जनैपूर्णिमाको भोलिपल्ट प्रतिपदा तिथि गाइजात्राको अवसरमा भगवान रामचन्द्रको स्वरुपमा **रामलीला** नामक बास्सानाचको शोभायात्रा गरिएको थियो । सो बास्सा नाचमा सहभागी हुने कलाकारहरुमा रामको रुपमा **रामकुमार राजमण्डारी, सीताको रुपमा अशोक राजभण्डारी र लक्ष्मणको रुपमा श्रवणकुमार राजभण्डारी**ले भाग लिएका थिए । मृतक ब्यक्तिको जीवनीसँग सम्वद्ध गाथा सहित शोभायात्राद्वारा बजार परिक्रमा गरिएको थियो । मृतक ब्यक्तिको स्मृतिमा भजन रचना वालकृष्ण नेभा र संगीत स्वम्ले गरिएको बुझिन्छ ।

स्रोतः बंशमान श्रेष्ठकी ८६ बर्षिया छोरी श्रीमती चन्द्रकुमारी श्रेष्ठबाट प्राप्त जानकारी अनुसार ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. पूर्णकुमारी बझान्थाछें
जन्म: १९८०।८।१६, मरण: २०२३।३।१४

बास्सानाचका कलाकारहरु
विष्णु-शत्रुघ्न कुमार वझान्थाछें, रुक्मणि-रमेशकुमार राजभण्डारी
सावित्री- नारायणप्रसाद श्रेष्ठ

CC-0. In Public Domain. Digitization by eGangotri

२३. स्व.पूर्णकुमारी वझ्रान्थाछेंको स्मृतिमा बास्सा नाच–२०२३

बागलुङ वजार नौबीसेटोल निवासी स्व.ताराप्रसाद वभ्रान्थाछेंकी श्रीमती पूर्णकुमारी वभ्रान्थाछेंको जन्म वि.सं. १९८० मंसिर, १६ गते भएको थियो भने मरण वि.सं.२०२३ साल आषाढ १४ गते भएको थियो। सोही साल अर्थात् वि.सं.२०२३ साल भाद्र १ गते बुधवार भाद्रपूर्णिमा, कृष्णपक्ष, प्रतिपदाको दिन गाइजात्राको अवसरमा भगवान् विष्णुको स्वरुपमा **विष्णुलीला** नामको बास्सा नाचको शोभा यात्रा गरिएको थियो। उक्त बास्सा नाचको भजन स्थानीय गीतकार **बालकृष्ण नेभाले** रचना गरेका थिए। मातृ–वन्दना नामक भजन यस प्रकार छ।

श्री गणेशाय नम :

इश प्रर्थना

शब्द: बालकृष्ण नेभा
संगीत: आनन्दमान शाक्य

जय रघु नन्दन, जय सीताराम !
जय मधुसुदन जय घनश्याम
हे दु:ख भञ्जन ! तिमीलाई प्रणाम !
लिन्छौ प्रभु कै हामी सुनाम !

कृष्ण मुरारी, हे गिरिधारी !
मृत आत्मालाई पार उतारी
देऊ समाधि शान्ति दिलाऊ !
लीन गराऊ, मोक्ष दिलाऊ !

फूल झैं एकछिन् यहाँ फुलेर
दीप झैँ एकछिन् यहाँ जलेर
अल्पायु मै ममता त्यागी
आइरहेछिन् देऊ सान्त्वना

दिल्ली रमण शर्मा कल्याणी संग्रहालय काठमाडौं, नेपाल GACC 3669
394.2 दो 4259बा

CC-0. In Public Domain. Digitization by eGangotri

जीवनको सब कष्ट सहेर
मायाको सब जाल तोडेर
अन्त्य नभुली तिम्रो चरणमा
आइरहेछिन् तिम्रो शरणमा

धोका, आशा, आकाँक्षाहरु
लिएर साथमा आएकी होलिन्
शान्ति देऊ, हे दुःख भञ्जन !
हे रघुनन्दन, हे मधुसुदन !

(उक्त भजन बालकृष्ण नेभा मार्फत प्राप्त)

२४. स्व.विष्णुकुमारी शाक्यको स्मृतिमा बास्सा नाच-२०२३

बागलुङ नयाँबजार वडा नं. ३ निवासी स्व. पृथ्वीमान शाक्यकी श्रीमती विष्णुकुमारी शाक्यको मरण वि.सं. २०२२ सालमा भएको थियो । उनको स्मृतिमा परिवारजनबाट वि. सं. २०२३ भाद्र १ गते जनैपूर्णिमा, प्रतिपदा गाइजात्राको अवसरमा भगवान रामचन्द्रको स्वरुपमा **रामलीला**को बास्सानाचको शोभायात्रा गरिएको थियो ।

२५. स्व.लालबहादुर श्रेष्ठको स्मृतिमा बास्सा नाच-२०२५

बागलुङ बजार माझकोट टोल निवासी स्व. दीपबहादुर श्रेष्ठ तथा नानीमैया श्रेष्ठको कोखबाट जन्मेका लालबहादुर श्रेष्ठ (खुर्सानी साहुका छोरा) को जन्म वि.सं. १९७४ भाद्र ३ गते भएको थियो भने मरण वि.सं.२०२४ साल फागुन ७ गते भएको थियो । उनको स्मृतिमा वि.सं.२०२५ साल भाद्र ९ गते शनिवार कृष्णपक्ष, प्रतिपदा, गाईजात्राको अवसरमा पहिलो दिन भगवान् रामचन्द्रको स्वरुपमा **"रामलीला"** नामक बास्सा नाच आफ्नै निवासस्थानबाट निकालिएको थियो । मृतकसँग सम्वद्ध जीवनी गाथा उनैका

CC-0. In Public Domain. Digitization by eGangotri

कान्छा भाइ तत्कालीन युवा स्रष्टा प्रेम छोटाले जीवनमा पहिलो पटक भक्ति भावनाले युक्त भजन रचना गरेका थिए। उक्त भजन बास्सा नाचको शोभायात्रा पछाडि गाजाबाजा सहित भजन गाउँदै बजार परिक्रमा गरिएको थियो। संगीत मधुसुदन श्रेष्ठ, गायक गायिकाहरुमा मधुसुदन श्रेष्ठ, ईन्द्र श्रेष्ठ आदिको संलग्नतामा रहेको थियो। स्व. लालबहादुर श्रेष्ठका तीन छोरा १० वटी छोरीहरु छन्। संलग्नता रहेको थियो। भने स्व.लालबहादुर श्रेष्ठसँग सम्बद्ध गाथा यस प्रकार छ।

सामुहिक भजनः *शब्द रचना प्रेम छोटा*
संगीत रचना मधुसुदन श्रेष्ठ

रतना भारी ! हे गिरिधारी !-२
पार लगाऊ। हे कृष्ण मुरारी ! -२
हे वंशीधर लगाऊ हे गिरिधारी -२
तिमी नै सबका नाथ मुरारी !-२

लाल बालमा भारी बिसाई
छाडी गयौ सबलाई रुवाई
एकछिन्को घाम छायाँ झैं
झुल्केर अस्तायौ अँध्यारो पारी

जल्दो आत्मा लिई जीवन पथमा
भार सदाको त्यागी जीवन
छोडी गयौ अव सब परिवारलाई
आँशुले मुख धुने गराई

आफूसँगैको भार उतारी
वियोग बिलौना सबमा पारी
कहिल्यै विर्सि विर्सिनसकिने
तिम्रै यादमा तड्पीरहेने

रतना भारी। हे गिरिधारी २
पार लगाऊ हे कृष्ण मुरारी २
हे प्रभु नन्दन ! सीता राम !
शरण देऊ प्रभु चरणमा छौ
मोक्ष दिलाऊ प्रभु कोटी प्रणाम

रचनाः २०२५ /श्रावण २१

CC-0. In Public Domain. Digitization by eGangotri



स्व. बंशमान श्रेष्ठको
जन्मः
मरणः वि.सं. २०२४ भाद्र

CC-0. In Public Domain. Digitization by eGangotri

२६. स्व.वंशमान श्रेष्ठको स्मृतिमा बास्सा नाच-२०२५

बागलुङ बजार कम्पुटोल निवासी बालकृष्ण नेभा (श्रेष्ठ) को पिता वंशमान श्रेष्ठको स्वर्गवास वि.सं.२०२४ साल भाद्र महिनातिर भएको थियो । उनको स्मृतिमा परिवारजनबाट वि.सं. २०२५ साल भाद्र ९ गते शनिवार अर्थात् भाद्रपूर्णिमा,जनैपूर्णिमाको भोलिपल्ट, कृष्ण पक्ष, प्रतिपदा तिथी, गाईजात्राको अवसरमा भगवान् रामचन्दको स्वरुपमा **रामलीला** नामक बास्सा नाचको शोभा यात्रा प्रदर्शन गरिएको थियो । सो बास्सा नाचको पछाडि स्व.वंशमान श्रेष्ठसँग सम्वद्ध जीवनी गाथाको रचना उनकै पुत्र बालकृष्ण नेभा स्वयम्बाट रचना र संगीत समेत उनीबाट भएको थियो तर बास्सा नाचको पछाडि गाउँदै गरेको रचना अज्ञात अवस्थाका रहेको बुझिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri



स्व.सत्यमान श्रेष्ठ
जन्म: वि.सं. १९४३/५/४
मरण: वि.सं.२०२५/८/७

CC-0. In Public Domain. Digitization by eGangotri

२७. स्व.सत्यमान श्रेष्ठको स्मृतिमा बास्सा नाच २०२६

बागलुङ बजार देउराली चोक निवासी भजन गायक सत्यमान श्रेष्ठको जन्म वि.सं. १९४३ भाद्र ४ गते भएको थियो भने मरण मिति वि.सं.२०२५ साल मार्ग ७ गते शुक्रवारको दिनमा भएको थियो। उनको स्मृतिमा परिवारजनबाट वि.सं.२०२६ साल भाद्र १२ गते विहिवार अर्थात भाद्रपूर्णिमाको भोलिपल्ट, प्रतिपदा, गाइजात्राको अवसरमा भगवान कृष्णको स्वरुपमा **कृष्णलीला** नामक बास्सा नाचको शोभा यात्रा गरिएको थियो। भगवान् र ामचन्द्रको रुपमा विश्वमोहन वझान्थाछें, सिताको रुपमा जनार्द्धन श्रेष्ठ, लक्ष्मणको रुपमा सुदर्शननारायण भारी लव: सुदर्शन श्रेष्ठ र कुशको रुपमा वीरनारायण भारीले भाग लिएका थिए। उनको जीवनीसँग सम्वद्ध गाथाको रचनाकार बद्रीनारायण भारी तथा संगीत स्वयम्ले नै रचना गरेका थिए। भजनको शब्दलिपि अज्ञात अवस्थामा रहेको बुझिन्छ।



स्व.भक्तिलाल श्रेष्ठ (मुलेपति)

जन्म: ०१९३६/१२/२

मरण: वि.सं.२०२५/९/८/१

CC-0. In Public Domain. Digitization by eGangotri

२८. स्व.भक्तिलाल श्रेष्ठ (मलेपती)को स्मृतिमा बास्सा नाच-२०२६

बागलुङ बजार किनारा टोल निवासी भक्तिलाल श्रेष्ठ (मुलेपति)को जन्म वि.सं. १९३६ चैत्र २ गते भएको थियो भने मरण वि.सं.२०२५ साल पुष ८ गते भएको थियो । उनको स्मृतिमा परिवारजनबाट वि.सं.२०२६ साल भाद्र १२ गते विहिवार अर्थात जनैपूर्णिमा, कृष्णपक्ष, प्रतिपदा, गाइजात्राको अवसरमा स्थानीय जागरुक संस्कृतिकर्मी गजेन्द्रकुमार श्रेष्ठको अग्रसरतामा २६ जना स्थानीय युवा कलाकारहरुलाई जोगी भेषभूषामा सिंगाएर **शिवलीला**को बास्सा नाच प्रदर्शन गरिएको थियो । जोगीहरुको बीचमा महादेव, पार्वती,नन्दि भृंगीका भेषभूषामा समेत समावेस गरी सो बास्सा नाचको शोभा यात्रा गरिएको थियो । मृतक व्यक्तिको जीवनीसँग सम्बद्ध गाथाको शब्द रचना तत्कालीन युवाकलाकार गजेन्द्रकुमार श्रेष्ठले गरेको बुझिन्छ तर सो भजन अज्ञात अवस्थामा रहेको देखिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri



स्व.गणेशप्रसाद बझान्थाछैं

जन्मः वि.सं. १९६१

मरणः वि.सं.२०२६

CC-0. In Public Domain. Digitization by eGangotri

२९. स्व. गणेशप्रसाद वझ्रान्थाछेंको स्मृतिमा बास्सा नाच २०२७

बागलुङ बजार नौबीसे टोल निवासी गणेशप्रसाद वझ्रान्थाछें (जन्म १९५१–२०२६) को स्मृतिमा उनका परिवारजनबाट वि.सं.२०२७ साल भाद्र ५ गते जनैपूर्णिमाको भोलिपल्ट, कृष्णपक्ष, प्रतिपदा,गाइजात्राको अवसरमा भगवान रामचन्द्रको स्वरुपमा **रामलीला** नामक बास्सा नाचको शोभायात्रा गरिएको थियो । बास्सा नाचको पछाडि मृतक व्यक्तिसँग सम्वद्ध जीवनी गाथाको साथमा गाजा बाजा सहित बजार परिक्रमा गरिएको थियो । बास्सा नाचमा सहभागी हुने कलाकारहरुमा रामको रुपमा **कल्याण श्रेष्ठ**(हाल न्याय सेवामा कार्यरत छन्), सीताको रुपमा **रामचन्द्र वझ्रान्थाछें** र लक्ष्मणको रुपमा **दीपकले** आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । दिवंगत आत्माको स्मृतिमा बैकुण्ठप्रसाद विजुक्क्षद्वारा रचित भजन निम्नानुसार छ ।

बास्सानाचका कलाकारहरु

CC-0. In Public Domain. Digitization by eGangotri

शान्ति कामना

शब्द रचनाः बैकुण्ठप्रसाद विजुक्ष
संगीतः आनन्दमान शाक्य

मधुर धुनले.......मुरली बजाउने हे मनमोहन ! .... कृष्ण मुरारी !
शान्ति देऊ मृत आत्मालाई ..... शान्ति, शान्ति, चिर शान्ति ....
अविरल शान्ति

सिधा साधा भोला भाला-निश्छल मनको रुप निराला !
प्रभु कै हर्दम भक्ति भावना- गर्ने ती अति भोला भाला !
धरतीमा नश्वर देह छोडेर - आइरहेछन् प्रभु कै शरणमा !
शान्ति देऊं, मृत आत्मालाई शान्ति-शान्ति ! चिर शान्ति !

मधुर धुनले ....
मुरली बजाउने हे मनमोहन ! ... कृष्ण मुरारी !
शान्ति देऊ मृत आत्मालाई ...... शान्ति, शान्ति, चिर-शान्ति,
अविरल शान्ति

अति कोमल ती,अति मृदुल ती, कति नविझाउने कति सरल ती,
राम नाम सधैं भजिरहने ती, दुःखमा सुखमा, हाँसिरहने ती,
धरतीमा नश्वर देह छोडेर- आइरहेछन् प्रभु कै शरणमा
शान्ति देऊ मृत आत्मालाई शान्ति, शान्ति, चिर-शान्ति मधुर धुनले
मधुर धुनले.......मुरली बजाउने हे मनमोहन ! .... कृष्ण मुरारी !
शान्ति देऊ मृत आत्मालाई ...... शान्ति, शान्ति, चिर शान्ति
.... अविरल शान्ति

कल्याण वझाबाट प्राप्त

CC-0. In Public Domain. Digitization by eGangotri

स्व.दुर्गालक्ष्मी श्रेष्ठ

जन्म: वि.सं. १९४८/२/१४

मरण: वि.सं.२०२६/९/१५

CC-0. In Public Domain. Digitization by eGangotri

३० .स्व.दुर्गालक्ष्मी श्रेष्ठको स्मृतिमा बास्सा नाच-२०२७

बागलुङ बजार देउराली चोक निवासी स्व.सत्यमान श्रेष्ठकी श्रीमती दुर्गालक्ष्मी श्रेष्ठको आफ्नो पति सत्यमानको मरण भएको ठीक वर्ष दिन पछि वि.सं.२०२६ साल पुस १५ गते उनको मरण भएको थियो । सत्यमान श्रेष्ठका परिवारजनबाट स्व. दुर्गा लक्ष्मीको स्मृतिमा वि.सं.२०२७ साल भाद्र २ गते मंगलवार अर्थात रक्षाबन्धन, जनैपूर्णिमाको भोलिपल्ट गाइजात्राको अवसरमा भगवान रामचन्द्रको स्वरुपमा **रामलीला**को शोभा यात्रा गरिएको थियो । सो शोभा यात्राको लागि मृतक व्यक्तिको जीवनीसँग सम्बद्ध गाथा उनका ज्वाई बद्रीनारायण भारीद्वारा रचना र संगीत स्वयम्ले गरेको थियो । तिनै जीवनीगाथा एवं गाजा बाजा सहित बास्सा नाचको शोभा यात्राद्वारा बजार परिक्रमा गरिएको थियो । भजन अज्ञात अवस्थामा रहेको बुझिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri



स्व. नन्दप्रसाद प्रधान

जन्म: वि.सं.

मरण: वि.सं.२०२६

CC-0. In Public Domain. Digitization by eGangotri

३१. स्व.नन्दपसाद प्रधानको स्मृतिमा बास्सा नाच-२०२७

बागलुङ बजार किनारा टोल निवासी नन्दप्रसाद प्रधानको मरण वि.सं. २०२६ सालमा भएको थियो । उनको स्मृतिमा परिवारजनबाट मृतआत्माको चिरशान्तिको लागि वि.सं. २०२७ साल भाद्र २ गते मंगलबार,जनैपूर्णिमाको भोलिपल्ट कृष्णपक्ष, प्रतिपदा गाइजात्राको अवसरमा सूर्यप्रसाद मिलनको अग्रसरतामा भगवान विष्णुको स्वरुपमा **विष्णुलीला** नामक बास्सा नाचको शोभा यात्रा गरिएको थियो । बास्सानाचमा सहभागी हुने कलाकारहरु र उनको स्मृतिमा रचिएको भजन अज्ञात अवस्थामा रहेको बुझिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. तिलक प्रसाद श्रेष्ठ (मुलेपति)

जन्म: वि.सं. १९४४/२/२

मरण: वि.सं. २०२८ बैशाख अक्षय तृतीय

CC-0. In Public Domain. Digitization by eGangotri

३२. स्व. तिलकप्रसाद श्रेष्ठ (मलेपति)को स्मृतिमा बास्सा नाच-२०२८

बागलुङ वजार नारायण चोक निवासी प्रसिद्ध भजन गायक तिलकप्रसाद श्रेष्ठ (मुलेपति)को जन्मा वि.सं. १९४४ जेठ ५ गते भएको थियो भने मरण वि.स. २०२८ वैशाख अक्षय तृतीयाको दिन भएको थियो भने सोही वर्ष अर्थात २०२८ भाद्र ५ गते शनिवार, जनैपूर्णिमा, कृष्णपक्ष, प्रतिपदा तिथि, गाइजात्राको पावन अवसरमा भगवान रामचन्द्रको स्वरुपमा **रामलीला** नामक बास्सा नाचको शोभायात्रा गरिएको थियो । सो बास्सा नाचमा रामको रुपमा **कृष्णशंकर श्रेष्ठ, सीताको रुपमा जनार्दन श्रेष्ठ, लक्ष्मणको रुपमा विराटकुमार श्रेष्ठ र हनुमानको रुपमा धनकाजी श्रेष्ठ**ले राम्रो भूमिका निर्वाह गरेका थिए। मृत व्यक्तिको जीवनीसँग सम्वद्ध गाथा सहित बजार परिक्रमा गरिएको थियो । जीवनी गाथाको शब्दरचना बालकृष्ण नेभा संगीत स्वयम्ले नै गरेका थिए ।

स्व.तिलकप्रसाद श्रेष्ठको जीवनीगाथा यस प्रकारको छ ।

ईश बन्दना

शब्द रचना : बालकृष्ण नेभा
संगीत स्वम्

हे राम, हे कृष्ण, हे देव मुरारी !
हे नाथ, नारायण, वासुदेव !
हे राम, हे कृष्ण, शक्ति दिलाऊ !
हे नाथ, प्रभु लौ मोक्ष दिलाऊ !

चौरासी वर्षको आयु विताई
माया र ममताको वन्धन चुँडाली
आइरहेछन् **तिलक** लौ चरणमा
आनन्द देऊ, लेऊ शरणमा ।
सायुज्यमा राम, लौ वास देऊ
यही ईश्वर हाम्रो पुकारा

CC-0. In Public Domain. Digitization by eGangotri

हे राम, हे कृष्ण, देऊ सहारा !

आवाज उनकै आकार उनकै
पाएर हामी बाँचिरहेछौ
रोइरहेछौ, गाइरहेछौ

संझेर दिन रात तड्पिरहेछौ
हरेराम, घनश्याम, सीताराम !
हे मकुटधारी श्रीराम !
हे धनुषधारी श्रीराम !

बिर्सिनसक्नु उनको ममता
उनको याद अपार
उनको गुणमा तल्लीन हामी
जप्छौ बारम्बार

(उक्त भजन बालकृष्ण नेभाबाट प्राप्त)

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. चमेलीकुमारी श्रेष्ठ
जन्म:
मरण: वि.सं.२०२८ चैत्र २७ गते

CC-0. In Public Domain. Digitization by eGangotri

३३. स्व. चमेलीकुमारी श्रेष्ठको स्मृतिमा बास्सानाच-२०२९

बागलुङ कम्पुटोल निवासी स्व. पृथ्वीप्रसाद श्रेष्ठकी पत्नी चमेली कुमारी श्रेष्ठको मरण वि.सं. २०२८ चैत्र २७ गते भएको थियो । उनको स्मृतिमा परिवारजनबाट वि.सं. २०२९ साल भाद्र ५ गते शनिवार जनैपूर्णिमाको भोलिपल्ट, गाइजात्राको अवसरमा **रामलीला** नामक बास्सा नाचको शोभा यात्रा गरिएको थियो । सो शोभायात्रामा सहभागी हुने कलाकारहरुमा रामको स्वरुपमा **श्रवणकुमार राजभण्डारी, सीता दीपक प्रधान र लक्ष्मण सम्पूर्णनारायण भारी**ले भाग लिएका थिए । शब्द र संगीत रचना बालकृष्ण नेभाद्वारा गरिएको थियो । शब्दलिपि अज्ञात अवस्थामा रहेको बुझिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. बुद्धि लक्ष्मी पालिखे
मरणः २०२८ साल

CC-0. In Public Domain. Digitization by eGangotri

३४. स्व. बुद्धिलक्ष्मी पालिखेको स्मृतिमा बास्सा नाच–२०२९

बागलुङ बजार महेन्द्रपथ निवासी गणेश पालिखेकी श्रीमती बुद्धिलक्ष्मी पालिखेको मरण वि.स. २०२८ सालमा भएको थियो। उनको स्मृतिमा वि.सं. २०२९ भाद्र १० गते शुक्रबार गाइजात्राको अवसरमा भगवान रामचन्द्रको स्वरुपमा **रामलीला** नामक बास्सा नाचको शोभा यात्रा गरिएको थियो। सो नाचको पछाडि मृत व्यक्तिको जीवनीसँग सम्वद्ध गाथा संस्कृतिकर्मी बैकुण्ठप्रसाद बिजुक्षद्धारा रचिएको थियो। **रामलीला**मा भाग लिने कलाकारहरुमा रामको रुपमा **राजेन्द्र वझा, सीता-भुदर्शन श्रेष्ठ, लम्मण-सुरेन्द्रनारायण श्रेष्ठ र** हनुमानको रुपमा रामकुमार शाक्य(बलमान शाक्य)ले भाग लिएको कुरा बुद्धिलक्ष्मी पालिखेका छोरा अगम पालिखेबाट प्राप्त जानकारी अनुसार उल्लेख गरिएको छ। भजन अज्ञात अवस्थामै रहेको बुझिन्छ।

कलाकाहरु: राम-राजेन्द्रप्रसाद वभा, सिता-भुदर्शन श्रेष्ठ, लक्ष्मण- सुरेन्द्र नारायण श्रेष्ठ, हनुमान- रामकुमार शाक्य

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. हरिमाया भारी

जन्मः

मरणः वि.सं.२०२८/६/७

CC-0. In Public Domain. Digitization by eGangotri

३५. स्व. हरिमाया भारीको स्मृतिमा बास्सा नाच-२०२९

बागलुङ बजार नारायण चोक निवासी स्व.टेकनारायण भारी(श्रेष्ठ)की श्रीमती हरिमाया भारी (श्रेष्ठ)को मरण वि.सं. २०२८ साल असोज ७ गते विहिवार चौथी तिथिमा भएको थियो । आफ्नो आमा स्व.हरिमाया भारीको स्मृतिमा परिवारजनबाट वि.सं.२०२९ साल भाद्र १० गते शुक्रवार जनैपूर्णिमाको भालिपल्ट, प्रतिपदा तिथि, गाइजात्राको अवसरमा भगवान कृष्णको स्वरुपमा **कृष्णलीला** नामक बास्सा नाचको शोभा यात्रा गराइएको थियो । सो बास्सानाच पछाडि मृतक व्यक्तिको जीवनीसँग सम्बद्ध जीवनी गाथा बालकृष्ण नेभाद्वारा रचिएको थियो भने संगित भगवान श्रेष्ठले राखेका थिए । शोभायात्राको पछाडि गाजाबाजा र धार्मिक भजन सहित भजन गाएर बजार परिक्रमा गरिएको थियो । हार्मोनियममा आनन्दमान शाक्यले साथ दिएका थिए । अधुरो भजनको अंश यस प्रकार छ ।

मातृवन्दना

शब्द रचना :-बालकृष्ण नेभा,
संगीत रचना :-भगवान श्रेष्ठ

हरे राम, घनश्याम,सीताराम !
हे मकुटधारी श्रीराम !
हे धनुषधारी श्रीराम !

विर्सी नसक्नु उनको ममता
उनको याद अपार
उनकै गुनमा तल्लीन भई
हामी जप्छौ बारम्वार ।

(उक्त भजन अधुरो अवस्थामा रहेको भएपनि समावेश गरिएको छ ।)

CC-0. In Public Domain. Digitization by eGangotri



स्व. टेक नारायण भारी
जन्मः वि.सं. १९५०
मरणः वि.सं.२०२९

CC-0. In Public Domain. Digitization by eGangotri

३६. स्व.डि. टेकनारायण भारीको स्मृतिमा बास्सा नाच–२०३०

बागलुङ बजार नारायण चोक निवासी डि.टेकनारयण भारी(श्रेष्ठ) को जन्म वि.सं. १९५० मा भएको थियो । उनको मरण वि.सं.२०२९ साल कार्तिक २५ गते शुक्रबार चौथी तिथिमा भएको थियो । मृतक व्यक्तिको स्मृतिमा परम्परागत रुपमा मनाउदै आएको तायोमचाको साथमा वि.सं. २०३० साल श्रावण ३१ गते बुधवार अर्थात् जनैपूर्णिमाको भोलिपल्ट प्रतिपदा गाइजात्राको अवसरमा परिवारको तर्फबाट **त्रिमूर्ति** भगवानको स्वरुपमा **दत्तात्रयलीला** नामक बास्सा नाचको शोभा यात्रा गराइएको थियो । सो **ब्रहमलीला**को शोभायात्रामा स्व. टेकनारायण भारीसँग सम्बद्ध उनको जीवनी गाथा उनकै पुत्र जगत्नारायण भारीले शब्द र संगीत रचना गरेका थिए । सो समयमा धार्मिक भजनकासाथ गाजाबाजा सहित बजार परिक्रमा गरिएको थियो । दत्तात्रयलीलाको शोभायात्रामा सहभागी हुने कलाकारहरुको नामावली यस प्रकार छन्

पुरुषपात्रहरु:

१.ब्रहमाजी :- सम्पूर्णनारायण भारी
२. विष्णु :- सुदर्शननारायण भारी
३. महेश्वर :- पद्मनारायण भारी
४.नारद :- वीरनारायण भारी

महिलापात्रहरु

१. सरस्वती :- सुश्री कल्पना भारी
२. लक्ष्मी :- सुश्री पुष्पना भारी
३. भगवती :-सुश्री सुलोचना भारी

(स्रोत व्यक्ति: सम्पूर्णनारायण भारीवाट)

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. हिरादेवी श्रेष्ठ

जन्म: वि.सं.

मरण: २०३०/७/७

CC-0. In Public Domain. Digitization by eGangotri

३७. स्व. हीरादेवी श्रेष्ठको स्मृतिमा बास्सा नाच-२०३१

बागलुङ बजार नारायण चोक निवासी स्वर्गीय हरिबहादुर श्रेष्ठ (ब्यत्थरी साहु) की श्रीमती हीरादेवी श्रेष्ठको मरण वि.स.२०३० साल कार्तिक ७ गते भएको थियो । उनको स्मृतिमा परिवार तथा आफन्तहरुको सक्रीय सहभागितामा वि.स. २०३१ साल भाद्र २ गते आइतवार, अर्थात जनैपूर्णिमाको भोलिपल्ट, कृष्णपक्ष, प्रतिपदा, गाइजात्राको अवसरमा बागलुङका करिव २६ जना कन्या केटीहरुको संलग्नतामा **परी**को भेषभूषामा सिंगारी सवैका हातमा दीप जलाई भगवान विष्णुको स्वरुपमा बास्सा नाचको शोभा यात्रा गराइएको थियो । सो शोभा यात्रामा बद्रीनारायण भारी तथा गजेन्द्रकुमार श्रेष्ठको प्रमुख अग्रसरितामा सम्पन्न भएको थियो । स्वर्गीय हीरादेवी श्रेष्ठको (असामयिक निधन) जीवनीसँग सम्वद्ध गाथा बद्रीनारायण भारीद्वारा रचना र संगीत समेत भरी गाजा बाजा सहित बजार परिक्रमा गरिएको थियो ।

३८. स्व. राजकुमारी श्रेष्ठको स्मृतिमा बास्सा नाच-२०३१

बागलुङ बजार किनारा टोल निवासी सूर्यप्रसाद श्रेष्ठ (मिलन गुरु)की आमा राजकुमारी श्रेष्ठको मरण वि.स.२०३० साल कार्तिक महिनामा भएको थियो ।उनको स्मृतिमा परिवारजनबाट वि.स.२०३१ साल भाद्र २ गते आइतवार, भाद्रपूर्णिमा (जनैपूर्णिमा) कृष्णपक्ष, प्रतिपदा, गाइजात्राको अवसरमा भगवान कृष्णको स्वरुपमा **कृष्णलीला** नामक बास्सा नाचको शोभायात्रा गरिएको थियो । स्वर्गीय आमाको जीवनीसँग सम्बद्ध गाथा सूर्यप्रसाद स्वयम्ले रचना गरेका थिए । तिनै जीवनी गाथाका साथमा गाजाबाजा सहित बजार परिक्रमा गरिएको थियो । उनको जीवन गाथा अज्ञात अवस्थामा रहेको बुझिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

३९. इन्द्रकुमारी शाक्यको स्मृतिमा बास्सा नाच २०३२

बागलुङ बजार, नयाँ बजार निवासी स्व. प्रेमलाल शाक्यकी आमा इन्द्र कुमारी शाक्यको मरण २०३१ भाद्र महिनामा भएको थियो । उनको स्मृतिमा परिवारजनबाट वि.सं. २०३२ साल भाद्र ६ गते शुक्रवार अर्थात जनैपूर्णिमाको भोलिपल्ट गाईजात्राको अवसरमा भगवान रामचन्द्रको स्वरुपमा **रामलीला** नामक बास्सानाचको शोभायात्रा निकालिएको थियो । सो बास्सानाचमा सहभागी हुने कलाकारहरुमा रामको स्वरुपमा किशोर राजभण्डारी, सीता- विरेन्द्रनारायण भारी, लक्ष्मण-प्रकाश श्रेष्ठले भाग लिएको कुरा किशोर राजभण्डारीबाट प्राप्त जानकारी अनुसार उल्लेख गरिएको छ । भजन र बाद्यबादक अज्ञात अवस्थामा रहेको बुझिन्छ ।

सम्पर्क सूत्र :- ९८४१२९२८४१, ४४३१०२३

CC-0. In Public Domain. Digitization by eGangotri



स्व. ताराप्रसाद वभ्कान्थाछैं

जन्म: वि.सं. १९७०/२/१६

मरण: वि.सं.२०३३/४/१२

CC-0. In Public Domain. Digitization by eGangotri

४०. स्व. ताराप्रसाद वझान्थाछेंको स्मृतिमा बास्सानाच २०३३

बागलुङ बजार नौबीसे टोल निवासी स्व. हरिप्रसाद वझान्थाछेंको जेठ पुत्र ताराप्रसादको वझान्थाछेंको जन्म वि.सं. १९७० जेठ १६ गतेमा भएको थियो भने मरण वि.सं. २०३३ साल श्रावण १२ गते भएको थियो । सोही सालमा उनको स्मृतिमा परिवारजनबाट वि.सं.२०३३ साल भाद्र १० गते विहिवार,जनैपूर्णिमा, कृष्णपक्ष, प्रतिपदा गाइजात्राको अवसरमा भगवान विष्णुको स्वरुपमा **विष्णुलीला** नामक शोभायात्राको प्रर्दशन गरिएको थियो । मृत आत्माको चिरशान्तिको निम्ति उनको जीवनीसँग सम्बद्ध गाथा स्थानीय संगीतकार बालकृष्ण नेभाद्वारा रचित र संगीत मधुसुदन श्रेष्ठले रचना गरी बास्सा नाचको पछाडि गाजा बाजा सहित बजार परिक्रमा गरिएको थियो । बास्सा नाचको शोभायात्रामा सहभागी हुने कलाकारहरुमा विष्णुको रुपमा **पुकार श्रेष्ठ**, लक्ष्मीको रुपमा **राजन राजभण्डारी** र सावित्रीको रुपमा **सुर्दशन श्रेष्ठले** भाग लिएका थिए ।स्थानीय समाज सेवामा स्व.ताराप्रसाद वझान्थाछेंको अभिरुची रहेको थियो । वहाँका अयोध्याप्रसाद, श्यामप्रसाद, महेन्द्र र केशवप्रसाद वझान्थाछें चार भाइ छोरा छन् भने तीन बहिनी छोरीहरुमा सरस्वती, भागी र यमुना छन् । जीवनी गाथाको बोल यस प्रकारको छ ।

बास्सा नाचका कलाकारहरु
विष्णु:पुकार श्रेष्ठ, लक्ष्मी: राजन रजाभण्डारी, सवित्री: सुदर्शन श्रेष्ठ

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. ताराप्रसाद वझान्थाछेंको स्मृतिमा रचित भजन

हाम्रो पुकार

शब्द: रचना बालकृष्ण नेभा

संगीत रचना: मधुसुदन श्रेष्ठ

गिरिजा ! तिम्रो जय होस् गर्छौं हामी पुकारा !
देऊ हटाई हे भवानी ! **ताराको दुःख सारा** ! -२
हे मा जगदम्वे ! हे मा जगदम्वे ! !

गर्दछौ हामी ब्रत यो स्वीकार गर मा
बीच धारमा छ उनको डुङ्गा **पार गर मा**-२
हे मा जगदम्वे ! हे मा जगदम्वे ! ! -२

दुर्गतिनाशिनी दुर्गा ! जय होस् तिम्रो जय जय होस् ! ! -२
काल विनाशिनी काली ! जय होस् तिम्रो जय जय होस् ! !
जयति शिवाशिव गौरी शक्ति तिम्रो जय जय होस् !
जय जय अम्वे ! जय जगदम्वे ! **जय होस् तिम्रो जय होस्** ।-२

हे दुर्गा माता ! हे माता दुर्गा ! ! -२
चञ्चल मनको उनको भ्रान्ति देऊ आज हटाई-२
दिलमा ज्योति जगमग पारी स्वस्थ शान्त गराई
अमर बनून उनी अजर बनून् आधार देऊ मा !
बीच धारमा छ उनको डुङ्गा **पार गर मा** -२
हे दुर्गा माता ! हे माता दुर्गा ! ! -२

सन्तप्त दिलको हाम्रो पुकारा हे दुर्गा ! सुनिदेऊ-२

पूज्य पीताको आत्मालाई शान्ति, मोक्ष देऊ
देऊ साहरा हे अर्पणा ! उद्धार गर मा ! !
बीच धारमा छ उनको डुङ्गा **पार गर मा** -२

CC-0. In Public Domain. Digitization by eGangotri

हे दुर्गा माता ! हे माता दुर्गा ! ! -२
दुर्भाग्यको पर्खाल उनको आज हटाऊ-२
महेश्वरी ! शान्तिको आभा लौ आजै देऊ
मोक्ष पाउने सपना उनको साकार गर मा !
बीच धारमा छ उनको डुङ्गा **पार गर मा** -२
हे दुर्गा माता ! हे माता दुर्गा ! ! -२

गिरीजा ! तिम्रो जय होस् गर्छौं हामी पुकारा
देऊ हटाई हे भवानी **ताराको दुःख सारा** -२
हे मा जगदम्बे ! हे मा जगदम्बे ! !

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. रत्नकुमारी श्रेष्ठ

जन्म: वि.सं. १९६५/८/१६

मरण: वि.सं.२०३३/११/७ शुक्रवार

CC-0. In Public Domain. Digitization by eGangotri

४१. स्व.आमा रत्नकुमारी श्रेष्ठको पुण्यस्मृतिमा विष्णुलीलाको शोभायात्रा

दिवंगत् आत्माको चिर-शान्तिको लागि

हार्दिक श्रद्धाञ्जलि

समयः दिनको ठीक ३ बजे

मितिः २०३४ भाद्र १३ गते सोमबार

स्थानः बागलुङ बजार किनाराटोल

प्रसाद वितरण समयः साँझ ६: ३० बजे

आयोजक

कनिष्ठ पुत्रः- प्रेम छोटा

पुत्रवधू इन्द्र श्रेष्ठ

तथा स-परिवार

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. आमा रत्न श्रेष्ठको स्मृतिमा आयोजित विष्णुलीला नामक बास्सानाचको औपचारिक पूजा र शुभारम्भ कालमा पुत्र प्रेम छोटाद्वारा आफ्नी आमा-प्रति प्रकट गरिएको भावोद्‌गार

प्रिय श्रोता तथा आमन्त्रित गण !

आमा ! आमा ! आमाका यी दुई अक्षरले पुलकित हुनु एउटा छोराछोरीको नैसर्गिक अनन्त आत्माभित्रबाट स्फुरण भएका ईश्वरीय बाणीका झिल्का हुन्। जन्मजात शिशुको कोमल कर-कमलमा आमाको असीम प्रणय पूर्ण दिनचर्याबाट त्यस बालकको अवस्थामा परिवर्तन ल्याइदिन्छ। आँखाले देख्न सक्छ, कानले सुन्न सक्छ र मुखले खान खोज्दा त्राणमा प्राण भरिदिन्छ। अनि यसरी नै ऊ आमाको महिमा र महत्वलाई शिरमा राखी सत्य मार्गमा लाग्छ भने सम्पूर्ण संसारलाई नै थर्काई दिन्छ। त्यसैले त भने होलान् विश्व प्रसिद्ध दार्शनिक नेपोलियन बोनापार्टले **मलाई असल आमा देऊ, तिमीलाई असल राष्ट्र दिन्छु**। यस भनाइबाट आमाको स्थान सर्वोपरि र सर्वमान्य छ। हाम्रो नीति शास्त्रमा पनि भनिएको छ **मातृ देव भवः पितृ देव भवः** अर्थात आमालाई देवीतुल्य र बाबालाई देवता तुल्य मान।

महान् वेदान्तवादी तथा दार्शनिक कवि स्व. शिरोमणि लेखनाथ भन्नुहुन्छ।

तृष्णाको तुच्छ मन बीच नभए
जो मिल्यो सो उज्यालो

साच्चै ! आजको जटिल संसारका मानव मात्रमा चरम सीमामा पुगेको लोभ,माया, घृणा र पापको पोको जस्ता दुषित र घृणित प्रवृत्तिले गर्दा ती मानवहरु ज्यादै तल गिरिसकेका छन्। त्यसबाट मुक्त हुन हाम्रा पूर्वीय आध्यात्मिक चिन्तनको चश्माले हेरिदिने हो भने विश्व-शान्तिका लागि ठूलो टेवा मिल्नेछ।

CC-0. In Public Domain. Digitization by eGangotri

मैले माथि नै भनिहालें, जसबाट हामीले जीवनदान पायौं उनैको निम्ति भक्ति भावनाले प्रार्थना गरौं र आध्यात्मिक चिन्तन गरौं । यसैमा हाम्रो कल्याण छ । मैले यहाँहरुलाई विनम्र अनुरोध गर्दछु कि मेरी स्वर्गीय आमा रत्नको पुण्यस्मृतिमा आयोजित गाईजात्राको अवसरमा क्षणिक रुपमा नै किन नहोस् सबैमा आध्यात्मिक चिन्तन र भजनका निम्ति प्रार्थना गर्दछु । प्रस्तुत सामूहिक सङ्कीर्तनमा सहयोगी र सहभागी हुने कलाकारहरुमा शब्द रचना आफू स्वयम्, संगीत रचना डा.बद्रीनारायण भारी, मादलमा साथदिने हरिकृष्ण प्रधान, खैंचडीमा युवराज श्रेष्ठ, मुजुरामा शिव शाक्य र प्रचण्ड श्रेष्ठ, तालीममा साथदिने काशीप्रसाद श्रेष्ठ र मोतीकुमार श्रेष्ठ, गायिकाहरुमा सुलोचना भारी, लता श्रेष्ठ, दुर्गा श्रेष्ठ, समूह गानमा रचना भारी, उषा श्रेष्ठ, सम्झना श्रेष्ठ आदि लगायत हाम्रो निमन्त्रणालाई स्वीकार्नु भएका सम्पूर्ण आफन्तजन तथा महानुभावहरुमा आजको दिनमा हार्दिक अभिवादन टक्रयाउँदछु।

उक्त उद्गार पश्चात् प्रातः स्मरणीय स्व. रत्न श्रेष्ठको दिवंगत् आत्माको चिर-शान्तिको कामना गर्दै भगवान विष्णुको स्वरुपमा **विष्णुलीलाको शोभायात्रा** प्रस्थानको क्रममा सर्वप्रथम **गणेश बन्दना** पश्चात् मूल आयोजक प्रेम छोटाको निवासस्थानबाट मृतक व्यक्ति रत्न कुमारी श्रेष्ठको जीवनीसँग सम्वद्ध गाथा, बाजा गाजा सहित गाउँदै बजार परिक्रमा गरिन्छ ।

विष्णुलीलाको शोभायात्राको प्रस्थान गर्नुभन्दा अधि मुलिद्वारा टीका प्रसाद प्रदान

CC-0. In Public Domain. Digitization by eGangotri

बास्सानाचमा सहभागी कलाकारहरु विष्णु-राजनलाल राजभण्डारी
लक्ष्मी-करुणा प्रसाद श्रेष्ठ सावित्री-सुदर्शन श्रेष्ठ

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. रत्न श्रेष्ठको स्मृतिमा आयोजित बास्सानाचका कलाकारहरु

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. आमा रत्न श्रेष्ठको स्मृतिमा
कालजयी सङ्कीर्तन

शब्द रचना प्रेम छोटा

संगीत रचना डा. वद्रीनारायण भारी

छैन कतै तिमी आमा ! यस ...धरतीमा
छाडी सब परिवार यो संसारमा
प्रभु राम ! श्याम !
पुऱ्याऊ सुख धाम
राम सीता ! राम सीता !
राम सीता ! राम !

लिएर नाङ्गो शरीर मात्र
नपैह्री बस्त्र, न केहीसाथ
सदाको लागि छाडी तमाम
प्रभु राम र श्याम ! पुऱ्याऊ सुख धाम

राम सीता ! रामसीता !
राम सीताराम !
प्रभु राम र श्याम.....
पुऱ्याऊ सुख धाम

छैन कतै तिमी आमा ! यस धरतीमा
छाडी सबपरिवार यो संसारमा
प्रभु राम र श्याम !
पुऱ्याउ सुख धाम

रिस द्वेष कसैमा नराखी
माया, ममता सवजनमाथि
निश दिन प्रभुको हरिगुणगान

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभु राम र श्याम ! पुऱ्याऊ सुखधाम !
रामसीता ! रामसीता ! रामसीता ! राम !
प्रभु राम र श्याम !

नाम **रतन** घरको दियालो
सुख दुःखमा पनि हँसी उज्यालो
सदाको लागि डुब्न गो घाम
प्रभु राम र श्याम पुऱ्याऊ सुखधाम

राम सीता ! रामसीता ! रामसीता ! राम!
प्रभु राम र श्याम ! पुऱ्याऊ सुखधाम
छैन कतै तिमी आमा ! यस धरतीमा
छाडी सव परिवार यो संसारमा

रचना: वि.सं. २०३४।५।५।२

CC-0. In Public Domain. Digitization by eGangotri

विष्णुलीला नामक शोभायात्रामा सहभागी हुने कलाकारहरुको नामावली

१.विष्णुको स्वरुपमा - राजनलाल राजभण्डारी
२. लक्ष्मीको स्वरुपमा - करुणाप्रसाद श्रेष्ठ
३.सावित्रीको स्वरुपमा - सुदर्शन श्रेष्ठ

बाद्यवादन

१. हारमोनियममा - डा.बद्रीनारायण भारी
२. मादलमा - हरिकृष्ण प्रधान
३. खैंचडीमा - युवराज श्रेष्ठ
४. मुजुरामा - शिव शाक्य र प्रचण्ड श्रेष्ठ

गायन

१.डा.बद्रीनारायण भारी
२.सुश्री सुलोचना भारी
३.सुश्री लता श्रेष्ठ
४.सुश्री दुर्गा श्रेष्ठ

अन्य कलाकारहरुमा

रचना भारी, उषा श्रेष्ठ, सम्झना श्रेष्ठ, सुलोचना भारी

तालिममा सहयोगी

कलाकार काशीप्रसाद श्रेष्ठ र वाद्यवादक मोतीकुमार श्रेष्ठ

बागलुङ बजार किनारा टोल निवासी स्वर्गीय दीपबहादुर श्रेष्ठकी पत्नी स्व. रत्नकुमारी श्रेष्ठको स्मृतिमा उनैका कनिष्ठ सुपुत्र प्रेम छोटाको संयोजनमा वि.सं. २०३४ साल भाद्र १३ गते सोमवार अर्थात कृष्णपक्ष, प्रतिपदा तिथि, गाइजात्रा पर्वको पहिलो दिन भगवान विष्णुको स्वरुपमा प्रदर्शित **विष्णुलीला** नामक **शोभायात्रा**को बखतमा मृत व्यक्तिको जीवनीसँग सम्बद्ध गाथा, मृतकको फोटो, **विष्णुलीला**का लागि सिंगारिएका कलाकारहरुको तस्वीर हार्मोनियम एवं अन्य वाद्यवादकहरुको नाम, शब्द रचना, संगीत

CC-0. In Public Domain. Digitization by eGangotri

रचनाको नाम, गायक गायिकाहरुको नाम सहित विवरण, बुलेटिनको रुपमा जनसमक्ष प्रकाशनमा ल्याइएको **बागलुङ्को इतिहासमा यो पहिलो हो।** यस प्रकारको सोचाइको शुरुवात बागलुङ्को बास्सानाच सम्वन्धी उल्लेख गरिएको यो नै पहिलो प्रयास हो। यसभन्दा पहिले फाट्टफुट्ट भजन मात्र गाउने चलन चलेको देखिन्छ भने वि.सं. २०३४ सालदेखि यता एकाध व्यक्तिका घर बाहेक अधिकाँश मृतक व्यक्तिहरुको जीवनीसँग सम्बद्ध गाथासहित पूर्णरुपमा जनाइएको लिखित एवं प्रकाशित बुलेटिन सार्वजनिक रुपमा ल्याउने प्रथाको प्रचलन पनि पहिलो मानिन्छ।

४२. स्व. पानकुमारी श्रेष्ठको स्मृतिमा बास्सानाच-२०३६

बागलुङ सुल्डाँडा बजार निवासी गोविन्दलाल श्रेष्ठकी आमा पानकुमारी श्रेष्ठको मरण वि.सं. २०३५ साल मंसीरको ठूलो एकादशीको दिनमा भएको थियो। उनको स्मृतिमा परिवारजनबाट वि.सं. २०३६ भाद्र ३ गते शनिवार भाद्रपूर्णिमा कृष्णपक्ष, प्रतिपदा गाइजात्राको अवसरमा भगवान कृष्णको स्वरुपमा **कृष्णलीला**को शोभायात्रा गरिएको थियो। सो लीलाको पछाडि मृत व्यक्तिसँग सम्बद्ध जीवनीगाथा गाएर बजार परिक्रमा गरिएको थियो। सामूहिक भजनको लिपि त्यसको रचनाकार र सहभागी कलाकारहरुको विवरण अज्ञात अवस्थामा रहेको बुझिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. पृथ्वीदेवी श्रेष्ठ

जन्म: वि.सं. १९८४/५/२५

मरण: वि.सं.२०३७/४/२४

CC-0. In Public Domain. Digitization by eGangotri

४३. स्व.पृथ्वीदेवीको स्मृतिमा बास्सानाच-२०३७

बागलुङ बजार कम्पुटोल निवासी स्वर्गीय प्रेमबहादुर श्रेष्ठकी पत्नी पृथ्वीदेवी श्रेष्ठको जन्म वि.सं. १९८४ भाद्र २५ गते भएको थियो । मरण वि.सं.२०३७ श्रावण २४ गते शुक्रवारको दिन भएको थियो । उनको स्मृतिमा परिवारजनबाट मिति २०३७ भाद्र ११ गते विहिवार जनैपूर्णिमाको भोलिपल्ट प्रतिपदा तिथि गाइजात्राको अवसरमा तायोमचा सहित भगवान विष्णुको स्वरुपमा बास्सानाचको शोभायात्रा गरिएको थियो । उक्त शोभायात्रामा सहभागी कलाकारहरुमा विष्णुको रुपमा **सन्देश राजभण्डारी, लक्ष्मीको रुपमा जिद्धिराज श्रेष्ठ र सावित्रीको** रुपमा कल्याणकिरण श्रेष्ठले भाग लिएका थिए । सो बास्सानाच पछाडि मृत व्यक्तिको जीवनीसँग सम्बद्ध गाथाको साथमा गाजाबाजा सहित बजार परिक्रमा गरिएको थियो । स्व. पृथ्वीदेवकि तीन छोराहरुमा सूर्यप्रसाद, चन्द्रप्रसाद, ताराप्रसाद श्रेष्ठ छोरीहर मा मंगला, रत्न र दुर्गा श्रेष्ठ जन्मेका छन् ।

विष्णुलीलाका कलाकारहरु

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. पृथ्वीदेवी श्रेष्ठको स्मृतिमा रचित
मातृ- वन्दना

शब्द रचनाः श्रीमती मंगलादेवी श्रेष्ठ
संगीत रचनाः स्वयम्

हरे राम ! हरे कृष्ण ! पार लगाऊ !
पार लगाऊ प्रभु ! शीतल गराऊ
शान्ति दिलाऊ
हरे राम ! हरे राम !
सुख दुःखको यो संसारमा
आशा र निराशााको भव सागरमा
घरवार परिवार सवैलाई नै त्यागी
परमधाम भयौ आमा (पृथ्वीदेवी) तिमी
विचलित गरायौ आमा घायल तुल्यायौ
विव्होल बनायौ.....
हे प्रभु भगवान ! पार लगाऊ !
पार लगाऊ प्रभु ! शीतल गराऊ
शान्ति दिलाऊ
हरे राम ! हरे कृष्ण !
श्रावण महिना चौबीस गते दिन शुक्रवार,
त्रयोदशी तिथि पारी छोड्यौ घरबार
सन्तती मोहको बन्धनलाई तोडी
वेदना र विलौनाको उपहार छोडी
छोडी गयौ नि आमा पारी अन्धकार,
यो शून्य संसार,
हे प्रभु भगवान ! पार लगाऊ !
पार लगाऊ प्रभु ! शीतल गराऊ

CC-0. In Public Domain. Digitization by eGangotri

शान्ति दिलाऊ
हरे राम ! हरे कृष्ण !
सपना र सम्भनाको संसारमा आई,
माया र ममताको सृष्टि गराई
आँखा भरि, मुटु भरि तिम्रै तस्वीर,
आई रहन्छ, भल्को तिम्रो छैन मन स्थिर,
छोडी गयौ नि आमा सधैंलाई रुवाई
टुहुरी पारी, एक्लो बनाई...........
हे प्रभु भगवान ! पार लगाऊ !
पार लगाऊ प्रभु ! शीतल गराऊ
शान्ति दिलाऊ
हरे राम ! हरे कृष्ण !
आँशुमा दिन वित्दैछ, विरहमा रात,
शोक मग्न परिवारले नपाउँदा तिम्रो साथ,
जन्मनु मर्नु लीला हो यो ईश्वरको
चिर-शान्ति मिलोस् प्रभु दिवंगत आत्माको,
शरणमा लेऊ प्रभु तिम्रै सृष्टिलाई
पृथ्वी देवीलाई
हे प्रभु भगवान ! पार लगाऊ,
पार लगाउ प्रभु ! शीतल गराऊ
शान्ति दिलाऊ
हरे राम ! हरे कृष्ण !.....................

रचना २०३७/४/२८

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. भद्रकुमारी श्रेष्ठ

CC-0. In Public Domain. Digitization by eGangotri

४४. स्व.भद्रकुमारी श्रेष्ठको स्मृतिमा रामलीलाको बास्सानाच–२०३८

बागलुङ नयाँ बजार निवासी स्वर्गीय गजेन्द्रबहादुर श्रेष्ठकी पत्नी भद्रकुमारी श्रेष्ठको मरण वि.सं.२०३७ फागुन १५ गते भएको थियो । उनको स्मृतिमा परिवारको तर्फबाट वि.सं.२०३८ श्रावण ३२ गते आइतवार श्रावणे पूर्णिमाको भोलिपल्ट, प्रतिपदा गाइजात्राको अवसरमा **रामलीला** नामक बास्सानाचको शोभायात्रा गराइएको थियो । उक्त बास्सानाचमा सहभागी हुने कलाकारहरुमा रामको रुपमा **करुणाप्रसाद श्रेष्ठ, सीता–दर्शन श्रेष्ठ, लक्ष्मण- निर्देशन राजभण्डारी र हनुमान–सूर्यमान शाक्य** ले भाग लिएका थिए । उक्त बास्सानाचको पछाडि मृतक व्यक्तिको जीवनीसँग सम्वद्ध गाथा र गाजावाज सहित बजार परिक्रमा गरिएको थियो ।

रामलीलाका कलाकारहरु

CC-0. In Public Domain. Digitization by eGangotri

मातृवन्दना

शब्द रचना : वालकृष्ण नेभा

संगीत रचना : मधुसुधन श्रेष्ठ

समूह -रचना - जप तिमी श्याम मुरारी २
जगत् नियन्ता हर्ता भर्ता २
हरदम जप गीरधारी ! २

पुरुष- हेर प्रभु ! तिम्रै करुणा पाई
जन्म लिएको भद्र कुमारी
स्त्री- आइरहेछिन् तिम्रै शरणमा
लीन गराऊ मुरारी । २

पुरुष-माया गर्दै हाम्रो लागि
नश्वर चीजमा चित्त लगाई
स्त्री- दुखै दुःखमा जीवन उनको

वित्यो भव भय हारी २
पुरुष- उनको जीवन रस बृष्टिले
सिंचित जीवित पोषित हामी
स्त्री-टुहुरासरी छौं उनको वियोगमा
देऊ शान्ति मुरारी २

पुरुष- ईश्वर उनलाई हाम्रो पुकारा
जन्म मरणको दुःख नहोस्
स्त्री- मृत आत्मालाई मोक्ष मिलोस्
देऊ मुक्ति मुरारी २

पुरुष- ईश्वर तिमी नै पालनकर्ता
तिमी नै ईश्वर स्रष्टा द्रष्टा
स्त्री - हे अविनाशी ! हे सुखकारी !

CC-0. In Public Domain. Digitization by eGangotri

देऊ शान्ति मुरारी

४५. स्वं. बालकुमारी श्रेष्ठको स्मृतिमा बास्सानाच–२०३९

बागलुङ बजार नौबीसे टोल निवासी श्रीमती बालकुमारी श्रेष्ठ(ढोल्म बजै) को जन्म वि.सं.१९५० मा भएको थियो भने मरण वि.सं.२०३८ सालमा भएको थियो उनको स्मृतिमा परिवारजनबाट वि.सं. २०३९ साल भाद्र ४ गते शुक्रवार जनैपूर्णिमा, कृष्णपक्ष, प्रतिपदा, गाईजात्राको अवसरमा **कृष्णलीला** नामक बास्सानाचको शोभायात्रा गराइएको थियो। उक्त बास्सानाचको पछाडि मृत व्यक्तिको जीवनीसँग सम्बद्ध गाथाको साथमा गाजाबाजा सहित सामूहिक भजन गाउदै बजार परिक्रमा गरिएको थियो। सो बास्सानाचमा सहभागी हुने कलाकारहरुको नाम अज्ञात अवस्थामा रहेको देखिन्छ।

स्व. बालकुमारी श्रेष्ठको स्मृतिमा रचित सामूहिक **शान्ति कामना** यस प्रकारको छ।

शान्ति कामना

रचयिता: डा.बद्रीनारायण भारी

संगीत स्वयम्

जप्दै भज्दै प्रभुको नाम
छाडेर सारालाई तमाम
श्रीराम प्रभु राम
गराई घर सुन सान
हे ? धनुषधारी ! बनवास विहारी !
पुऱ्याइदेऊ न सुख धाम
नाम उनको बाल कुमारी
सत्य धर्मका पालनकारी

CC-0. In Public Domain. Digitization by eGangotri

निस दिन हरिको नाम भज्ने
निस दिन हरिको नाम
छाडेर सारालाई तमाम
जगत् गृहका हे मालिकिनी
सात सन्ततिका हुन् जननी
नब्बे दुईमा देह त्यागे
शक्तिकी थियौ रे महान
छाडेर सारालाई तमामा
कथा पुराणको महिमा भारी
दीन दु:खीका हुन उपकारी
साधु सन्तलाई दान गर्ने
निस दिन प्रभुकै ध्यान
छाडेर सारालाई तमाम
बर्षौं बर्षौंको अनुभव सारा
दिन्थे शीतल अधिक धारा
आपत विपतमा काम गर्ने
आत्मा थियौ रे महान ।

CC-0. In Public Domain. Digitization by eGangotri

४६. स्व.बहुतप्रसाद भारीको स्मृतिमा बास्सानाच–२०३९

बागलुङ बजार नारायणचोक निवासी बहुतप्रसाद भारीको जन्म वि.सं. **१९६९** सालमा भएको थियो भने मरण वि.सं. २०३८ साल पुष २५ गते भएको थियो । उनको स्मृतिमा परिवारजनबाट वि.सं. २०३९ साल भाद्र ४ गते शुक्रवार, पूर्णिमाको भोलिपल्ट ,प्रतिपदा, गाइजात्राको अवसरमा भगवान रामचन्द्रको स्वरुपमा **रामलीला** नामक बास्सानाचको शोभायात्रा गरिएको थियो । सो बास्सानाचको पछाडि उनको जीवनीसँग सम्बद्ध गाथा र गजावाजा सहित सामूहिक गानमा बजार परिक्रमा गरिएको थियो । बास्सानाचमा सहभागी हुने कलाकारहरुमा रामको स्वरुपमा **-शुभराम भारी, सीताको रुपमा-राजाराम राजभण्डारी, लक्ष्मणको रुपमा-शुभास राजभण्डारी र हनुमानको रुपमा- महेन्द्र श्रेष्ठ**ले भाग लिएका थिए ।

मृतक व्यक्तिको जीवनी गाथाको शब्द र संगीत रचना डा. बद्रीनारायण भारी, गायिकाहरुमा सुश्री सहनशीला शाक्य, सावित्री शाक्य र मोहनमाया शाक्य, बाद्यवादनमा चन्द्रप्रसाद श्रेष्ठ, गीतारमा रघुपति राजभण्डारी र महेन्द्र श्रेष्ठले साथ दिएका थिए ।

रामलिलाका कलाकारहरु

CC-0. In Public Domain. Digitization by eGangotri

सामूहिक भजन

शब्द रचना डा. वद्रीनारायणभारी

संगीत स्वयम्

छाडी गयौ सधैंको लागि स-परिवारलाई
गयौ जिन्दगी भरि विर्सिएर हामीलाई २
प्रभु पार लगाऊ उनलाई
प्रभु शान्ति दिलाऊ आत्मालाई
बन विहारी रघुराई
देऊ शान्ति आत्मालाई
छाडी गयौ सधैंको लागि स-परिवारलाई
गयौ जिन्दगी भरि विर्सिएर हामीलाई
नाम बहुतप्रसाद भारी
सदा धर्म सेवा ब्रतधारी
दीन दुःखीका थिए उपकारी
बाल, बृद्धका थिए उपकारी
छाडी गयौ सधैंको लागि स-परिवारलाई
गयौ जिन्दगी भरि विर्सिएर हामीलाई
सदा राम भजने पुजारी
सत्य अहिंसाका अधिकारी
साधु सन्तका थिए उपकारी
ज्ञान धर्ममा अति मनकारी
छाडी गयौ सधैंको लागि स-परिवारलाई
गयौ जिन्दगी भरि विर्सिएर हामीलाई ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. लल्लहरिजङ्ग राजभण्डारी
जन्म: वि.सं. १९९८
मरण: वि.सं.२०३९

CC-0. In Public Domain. Digitization by eGangotri

४७. स्व. लल्लहरिजङ्ग राजभण्डारीको स्मृतिमा बास्सानाच-२०४०

बागलुङ बजार शिवधाराचोक (भूपिचोक) निवासी बा.न.पा. ४ का लल्लहरिजंग राजभण्डारीको जन्म वि.सं. १९९८ सालमा भएको थियो। उनको मरण २०३९ साल कार्तिक ११ गते विजयादशमी कै दिनमा भएको थियो। दिवंगत आत्माको स्मृतिमा आफन्तजनबाट वि.सं. २०४० साल भाद्र ८ गते बुधवार, जनैपूर्णिमाको भोलिपल्ट, प्रतिपदा, गाइजात्राको अवसरमा भगवान विष्णुको स्वरुपमा **विष्णुलीला** नामक बास्सानाचको शोभायात्रा गरिएको थियो। सो विष्णुलीलामा भाग लिने कलाकारहरुमा विष्णुको रुपमा- **राजु श्रेष्ठ, लक्ष्मीको रुपमा- गगनलाल शाक्य र सावित्रीको रुपमा- जोनसन खड्का**ले भाग लिएका थिए। मृतक व्यक्तिको जीवनीसँग सम्वद्ध गाथा र गाजाबाजा सहित सामूहिक गानमा बजार परिक्रमा गरिएको थियो भने भजन अज्ञात अवस्थामा रहेको देखिन्छ।

बास्सानाचमा सहभागी कलाकारहरु

CC-0. In Public Domain. Digitization by eGangotri

मृत आत्माको स्मृतिमा

इश वन्दना

शब्दः सूर्य प्रसाद श्रेष्ठ मिलन
संगीत स्वयम्

हरे राम ! हरे कृष्ण ! हरे विष्णु भगवान् !
हरे देवो ! हरे देव ! हरे नमोनारायण !
हरे राम ! हरे कृष्ण
कृष्ण कृष्ण हरे राम !
उन्नानचालीस सालको कार्त्तिक मासमा
प्राण त्याग्यौनी यही विहीवारमा
अनाथलाई त्यागी गयौ हे भगवान् ।
हरे राम ! हरे कृष्ण ! हरे विष्णु भगवान् !
हरे देवो ! हरे देव ! हरे नमोनारायण !
शून्य छ घरबार शून्य भो सब परिवार
पारि छाड्यौं अन्धकार
हरे राम ! हरे कृष्ण ! हरे विष्णु भगवान् !
हरे देवो ! हरे देव ! हरे नमोनारायण !
हरे राम ! हरे कृष्ण
कृष्ण कृष्ण हरे राम !

CC-0. In Public Domain. Digitization by eGangotri

४८. स्व.मैनाकुमारी श्रेष्ठको स्मृतिमा बास्सानाच-२०४२

बागलुङ बजार कम्पुटोल निवासी मैनाकुमारी श्रेष्ठको मरण वि.सं. २०४२ साल जेठ १७ गतेका दिन भएको थियो। उनको स्मृतिमा परिवारजनबाट वि.सं.२०४२ साल भाद्र १ गते, शनिवार, कृष्णपक्ष, प्रतिपदा, गाइजात्राको अवसरमा **रामलीला**को शोभायात्रा गरिएको थियो। मृतक व्यक्तिको जीवनीसँग सम्वद्ध गाथा बालकृष्ण नेभाद्वारा रचना गरिएको थियो भने संगीत रचना स्वयम्ले गरेका थिए। बास्सानाचको पछाडि उक्त जीवनगाथा सहित गाजाबाजा बजाएर बजार परिक्रमा गरिएको थियो। जीवनगाथाको बोल यस प्रकारको छ।

श्री गणेशायनमः

शब्द रचना-*बालकृष्ण नेभा*
संगीत *स्वयम्*

हे रघुनन्दन ! पारलगाऊ
तिमी हौ माता, पिता तिमी नै
तिमी हौ बन्धु

हे रघुनन्दन..........

१-तिम्रै हो मन्दिर, धाइरहेछौं
तिम्रै हो संगीत, गाइरहेछौं
सकल जगत्का कर्ता तिमी नै
हर्ता तिमी नै भर्ता तिमी नै
हे प्रभु ! सुनिदेऊ हाम्रा पुकार
देऊ साहारा

हे रघु नन्दन............

२-डुवेर दुःखमा, मुमाको जीवन
वितेका हामी, कसरी विर्सौं

CC-0. In Public Domain. Digitization by eGangotri

झल्झली उनको, आउँछ याद
उदार गर लौ लगाऊ पार
पार लगाऊ प्रभु लगाऊ

हे रघु नन्दन...........

३-चन्द्र विनाको, रात्रि जस्तै
नयन विनाको, देह जस्तै
पानी विनाको, माछा जस्तै
मुमा विनाका, टुहुरा हामी
कल्पि रहेछौं, तड्पी रहेछौं
कल्पि रहेछौं

हे रघु नन्दन........

४-जेठ महिना १७ गते दिन विहिवार
एकादशी तिथि पारी, छाड्यौ घरवार
सम्झी रहेछौं, रोइरहेछौ
सम्झी रहेछौं

हे रघु नन्दन पार लगाऊ

५-पाएर उनकै, ममता सारा
पिएर उनकै, अमृत धारा
हुर्केको जीवन, गर्छौं समर्पण
लीन गराऊ, उनलाई तिमी मै
लीन गराऊ

हे रघु नन्दन पार लगाऊ.........

CC-0. In Public Domain. Digitization by eGangotri

४९. स्व. पृथ्वी जोशीको स्मृतिमा एकल बास्सानाच २०४३

बागलुङ बजार किनारटोल निवासी बद्रीप्रसाद जोशीको छोरा पृथ्वी जोशीको मरण वि.सं. २०४२ साल मंसिर २८ गतेका दिन भएको थियो । उनको स्मृतिमा परिवार जनबाट वि.सं. २०४३ साल भाद्र ४ गते बुधवार, भाद्रपूर्णिमा, कृष्णपक्ष,प्रतिपदा, गाइजात्राको अवसरमा विना गाजावाजा सहित एकल विष्णुको स्वरुपमा **विष्णुलीला**को बास्सानाचको शोभायात्रा गरिएको थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. चन्द्रकुमारी श्रेष्ठ

जन्म: वि.सं.

मरण: वि.सं.२०४२/१०/४

CC-0. In Public Domain. Digitization by eGangotri

५०.स्व. चन्द्रकुमारी श्रेष्ठको स्मृतिमा बास्सानाच २०४३

बागलुङ सुल्डाँडा बजार निवासी जबरनारायण श्रेष्ठकी पत्नी श्रीमती चन्द्रकुमारी श्रेष्ठको असामयिक मरण वि.सं.२०४२ साल माघ ४ गते भएको थियो । उनको स्मृतिमा परिवारजनवाट वि.सं.२०४३ साल भाद्र ४गते बुधवार,जनैपूर्णिमाको भोलिपल्ट, कृष्णपक्ष, प्रतिपदा, गाइजात्राको अवसरमा भगवान रामको स्वरुपमा **रामलीला**को बास्सानाचको शोभायात्रा निकालिएको थियो । बास्सानाच पछाडि मृतक आत्माको चिरशान्तिको लागि मृत व्यक्तिको जीवनीसँग सम्वद्ध गाथा र गाजाबाजा सहित बजार परिक्रमा गरिएको थियो । उक्त **रामलीलामा** सहभागी हुने कलाकारहरुमा रामको रुपमा **शुभराम भारी,** सीताको रुपमा **भूषण वैद्य,** लक्ष्मणको रुपमा **निर्मल श्रेष्ठ** र हनुमानको रुपमा **रविन्द्र श्रेष्ठ** आदि कलाकारहरुले भाग लिएका थिए ।

रामलिलामा सहभागी कलाकारहरु

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. चन्द्रकुमारी श्रेष्ठको जीवनीसँग सम्वद्ध भजनको बोल यस प्रकारको छ।

शान्ति कामना

शब्द रचना डा. वद्रीनारायण भारी
संगीत स्वयम्

श्री राम ! SS प्रभु राम ! -२
देऊ राम SS सुख धाम -२

किन ? छाडि गयौ हामीलाई यसरी ।
भन ? मन बुझाऊ अव हामी कसरी ॥
मनको ब्यथा मन SS मनै राखि ।
त्यागी गयौ तिमी सधै भरिलाई ॥

॥१॥

श्री राम ! SS प्रभु राम ! -२
देऊ राम SS सुख धाम -२

प्रभुकै चरण कमलको दासी ।
धाएर आए बनी S वन बासी ॥
प्रभुजी ! पार लगाई देऊ हुन्छ जसरी ।
मनको ब्यथा मन S मनै राखी ।
कसरी गयौ तिमी सधै भरिलाई ॥

॥२॥

श्री राम ! SS प्रभु राम ! -२
देऊं राम SS सुख धाम -२

जन्म दिए तीन भाइ नौ बहिनी ।
रातको निद दिनको भोक नभनि
माया ममताले सवलाई हुर्कायौ ।
कसोरी गयौ सवलाई टुहुरो बनाई ॥ रुवाई
मनको ब्यथा मन S मनै राखि ।
त्यागी गयौ तिमी सधै भरिलाई ॥

CC-0. In Public Domain. Digitization by eGangotri

॥३॥

श्री राम ! ऽऽ प्रभु राम ! -२
देऊ राम ऽऽ सुख धाम -२

सत धर्म कर्मका पालनकारी ॥
दीन दुःखीको थिए उपकारी ।
प्रभुजी ! पार लगाई देऊ हुन्छ जसरी ।
मनको व्यथा मन ऽ मनै साँची ।
त्यागी गयौ तिमी सधैं भरि लाई ॥

॥४॥

श्री राम ! ऽऽ प्रभु राम ! -२
देऊ राम ऽऽ सुख धाम -२

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. हरिबहादुर श्रेष्ठ

जन्म: वि.सं. १९७३

मरण: वि.सं.२०४४

CC-0. In Public Domain. Digitization by eGangotri

५१. स्व. हरिबहादुर श्रेष्ठको स्मृतिमा बास्सानाच कृष्ण लीलाको शोभायात्रा-२०४५

बागलुङ बजार नारायणचोक निवासी बृजलाल श्रेष्ठ तथा हरि कुमारी श्रेष्ठको कोखबाट वि.सं. १९७२ सालमा बागलुङ्मा जन्मेका हरिबहादुर श्रेष्ठ (ब्यत्थरि साहु)को मरण भने वि.सं. २०४४ सालमा बुटवलको आफ्नै निवास स्थानमा भएको थियो। मृतक व्यक्तिको स्मृतिमा परिवारजनबाट वि.सं. २०४५ साल भाद्र १२ गते आइतबार भाद्र पूर्णिमा कृष्ण पक्ष रक्षा बन्धनको भोलिपल्ट प्रतिपदा तिथि, गाईजात्राको अवसरमा भगवान कृष्णको स्वरुपमा कृष्णलीला नामक बास्सानाच परम्परागत रुपमा बुटवलमा शोभायात्रा गरिएको थियो। भगवान् कृष्णको स्वरुपमा मुख्य कलाकार हुने संजय प्रधानले भाग लिएका थिए भने अन्य कलाकारहरु अज्ञात अवस्थामा रहेको बुझिन्छ। उक्त कुराको जानकारी काठमाडौं निवासी उनैका छोरा विरेन्द्रनारायण श्रेष्ठ मार्फत प्राप्त भएको जानकारी अनुसार उल्लेख गरिएको छ।

सम्पर्क सूत्र: ४२२४४२२, मो. ९८५१०२२३३४

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. हेलमाया श्रेष्ठ
जन्मः वि.सं. १९७३
मरणः वि.सं.२०४४

CC-0. In Public Domain. Digitization by eGangotri

५२. स्व. हेलमाया श्रेष्ठको स्मृतिमा बास्सानाच-२०४५

बागलुङ बजार राधाकृष्णटोल(महेन्द्रपथ २) निवासी डा.कृष्णबहादुर श्रेष्ठकी आमा श्रीमती हेलमाया श्रेष्ठको जन्म वि.सं. १९७३ सालमा भएको थियो । उनको मरण वि.सं.२०४४ साल मंसीरमा भएको थियो । मृतक व्यक्तिको स्मृतिमा परिवारजनबाट वि.सं. २०४५ साल भाद्र १२ गते, जनैपूर्णिमाको भोलिपल्ट, कृष्णपक्ष, प्रतिपदा गाइजात्राको अवसरमा भगवान कृष्णको स्वरुपमा **कृष्णलीला** नामक बास्सानाचको शोभायात्रा गराइएको थियो । सो बास्सानाचमा सहभागी हुने कलाकारहरुमा रामको रुपमा **विभुषण श्रेष्ठ**, सीताको रुपमा **रविन्सन श्रेष्ठ,** लक्ष्मणको रुपमा **दीपक श्रेष्ठ**ले भाग लिएका थिए । मृतक व्यक्तिको जीवनीसँग सम्वद्ध रचनाको बोल यस प्रकारको छ ।

आमा हेलमायाको सम्झनामा सामूहिक गान

शब्द: मधु सुदन श्रेष्ठ
संगीत: स्वम्

दु:खले तड्पेर आयौं प्रभु अव
तिम्रै शरणमा आयौं
तन र मनले भक्ति भाव लिई
तिम्रो मन्दिर आयौं प्रभु अव
जय रघुनन्दन ! जय सीताराम!!
जय मधुसुदन ! जय घनश्याम!!
१-उन्नाईस सय त्रिहत्तरमा जन्म लिएर
चौवालीस मंसीरमा देह त्यागी
छाडी गयौ तिमी दश छोरा छोरी
कल्पी रहेछौं सम्झी सम्झी

CC-0. In Public Domain. Digitization by eGangotri

जय रघुनन्दन...........!

जय मधुसुदन............!!

२-पाएर मुमाको ममता सारा
पिएर उनको अमृत धारा
फूले फलेका हुर्केका हामी
टुहुरा सरी छौं उनको वियोगमा

जय रघुनन्दन....

३-पाएर तिम्रो करुणाको छाँया
जन्म लिएकी हेलमाया
आईरहिछिन् तिम्रै शरणमा
लीन गराऊ मुरारी

जय रघुनन्दन....

४-जीवन भर दु:खकष्ट सहेर
हामीलाई न्यानो माया दिएर
छाडी गएको मृतात्मालाई
देऊ शान्ति मुरारी

जय रघुनन्दन.............

५-फूल झैं एकैछिन् यहाँ फूलेर
दीप झैं एकछिन् यहाँ बलेर
दुखै दु:खमा जीवन उनको
वित्यो अव भय हारी

जय रघुनन्दन..........

६-बिर्सी नसक्नु उनको ममता
भूली नसक्नु उनको क्षमता
सही नसक्नु उनको वियोग
भोग्नु पर्‍यो कस्तो शोक

जय रघुनन्दन.............

७- ईश्वर तिमीलाई हाम्रो पुकार
देऊ सदा तिमी उनलाई सहारा
ममताकी खानीलाई मोक्ष मिलोस्
देऊ भक्ति मुरारी

रचना : २०४५/५/७

CC-0. In Public Domain. Digitization by eGangotri



स्व. यज्ञमान श्रेष्ठ

जन्म: वि.सं. १९७९/४/७

मरण: वि.सं.२०४६/७/२२

CC-0. In Public Domain. Digitization by eGangotri

५३. स्व. भजनिक यज्ञमान श्रेष्ठको स्मृतिमा बास्सानाच २०४७

अविनाशी विष्णुलीलाको
शोभायात्रा
२०४७ श्रावण २३ गते मंगलवार
शुक्लपक्ष

दर्शनाभिलाषी छोराहरु
१. पशुपतिमान श्रेष्ठ
२. इन्द्रराज श्रेष्ठ
३. युवराज श्रेष्ठ
४. जिद्धिराज श्रेष्ठ

संयोजिका
श्रीमती गणेशकुमारी श्रेष्ठ
बागलुङबजार, देउरालीचोक-४,

कार्यक्रम
मितिः वि.सं.२०४७ श्रावण २३ गते
समयः दिनको ३ बजे
प्रसाद वितरण साँझ ६ बजे
स्थानः देउरालीचोक, बागलुङ

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. यज्ञमान श्रेष्ठको संक्षिप्त परिचय

नाम - यज्ञमान श्रेष्ठ
जन्म वि.सं. - १९७९ श्रावण ७ गते
जन्मस्थान - देउराली चोक, बागलुङ
पिता - स्व.सत्यमान श्रेष्ठ, माता- स्व.दुर्गालक्ष्मी श्रेष्ठ
स्वर्गारोहण - वि.सं. २०४६ कार्तिक २२ गते मंगलवार
(घनिष्टा पञ्चक शुरु, शुक्ल पक्ष)
विवाह - २००३ सालमा, गणेशकुमारी श्रेष्ठको साथमा
पत्नी - १, पुत्र-४र पुत्री-३

रुचि र सामाजिक योगदान

वि.सं. १९९० देखि अर्थात ५० बर्ष भन्दा बढी स्थानीय लोक,नृत्य लोकगीत तथा बाद्यबादनमा सम्वद्धता/वि.सं. १९८३ सालमा स्थापित लक्ष्मीनारयण मन्दिर (धार्मिक स्थान)मा बुवाको प्रेरणाबाट धार्मिक र नृत्य क्षेत्रमा प्रवेश/सो समयदेखि साधुसन्त योगी महात्मजनहरुसँग सत्सङ्ग/रामायण/महाभारत/सुखसागर र गीता जस्ता धार्मिक ग्रन्थहरुको अध्ययन/ब्रहमानन्दको विभिन्न चरणहरु लयवद्धरुपमा गाउनमा बढी अभिरुचि/वि.सं.२०३४ सालमा स्थापित **लक्ष्मीनारायण कला मन्दिर**को संस्थापक सदस्य र संरक्षक उक्त कला मन्दिरको स्थापनाकालदेखि २०४५ साल तक कार्यकारिणी सदस्य र २०४६ मा उपाध्यक्ष/२०३६ सालमा नवनिर्मित हनुमान पौवा(सत्तल) र बगैचाको निर्माणमा सक्रिय योगदान/१५ औं शताब्दीमा प्रतिस्थापित देउराली माईको(देउराली स्थित) मन्दिरको २०३८ सालमा निजी खर्चबाट पूर्ण जिर्णोद्धारा/२०४५ सालदेखि राङ्कोट विहुँ स्थित संचालित प्रा.वि.मा एकजना छात्रालाई चाहिने शुल्क जति ब्याजबाट प्राप्त हुने एकमुष्ठ रकम (आर्थिक सहयोग) प्रदान /स्थानीय समाजिक संघसंस्थाहरु र नारायणघाट चितवन स्थित हरिहर मन्दिरमा समेत आर्थिक सहयोग एवं प्रशस्त धार्मिक क्षेत्रमा सहयोगी र सहभागी, पेशा ब्यापार र खेती ।

CC-0. In Public Domain. Digitization by eGangotri

विष्णुलिलामा सहभागी कलाकारहरु

विष्णु: जितेन्द्र राजभण्डारी, लक्ष्मी:सुजन वैद्य, सरस्वती: सुवास रेग्मी

स्व. यज्ञमान श्रेष्ठको स्मृतिमा
भक्ति रचना

शब्द रचना-प्रेम छोटा

संगीत रचना-जिद्धीराज श्रेष्ठ

छुटायौ दैवले उनको प्राण पारी चोट सदा भरि
प्रभुकै शरणमा आइरहे छन्, विन्ती गर्छौं पाउ परि
जयराम ! सीता राम ! जय राम ! सीता राम ! २

कार्तिक बाईस मंगलबार
रविको रोशनी सृष्टिको हार
ढुङ्गे ठाँटी वर-पीपल माथि
प्रहार भयो अन्जान माथि

छुटायौ दैवले प्राण........
प्रभुकै शरणमा.........

CC-0. In Public Domain. Digitization by eGangotri

बन्धु, बान्धव सबका साथी
माया, ममता सवजन माथि
जहाँ छ, तिम्रो कथा कीर्तन
उही छ, तिम्रो स्वरुप दर्शन

छुटायौ दैवले प्राण............
प्रभुकै शरणमा..............

नाम **'यज्ञ मान'** रसिलो
श्याम वर्ण सदा हँसिलो
घरको दियो मनको उज्यालो
छाडी गयौ तिमी पारी अध्यारो

छुटायौ दैवले प्राण............
प्रभुकै शरणमा................

बास्सानाचको कलाकारहरुको विवरण

विष्णु- जितेन्द्र राजभण्डारी
लक्ष्मी- सुजन वैद्य
सरस्वती- सुवास रेग्मी

मेकअप गर्नेहरु

नारायण श्रेष्ठ र प्रकाश श्रेष्ठ

बाद्यबादकहरु

हारमोनियममा -राजेश श्रेष्ठ
मादल/तवला बादक -हरिकृष्ण प्रधान र शिव शाक्य

अन्य बादकहरु

मोतीकुमार श्रेष्ठ, जीवन आचार्य, युवराज श्रेष्ठ

गायक/गायीकाहरु

मनमोहन श्रेष्ठ, जीवन श्रेष्ठ, तारा श्रेष्ठ, रघुराम भारी,सुश्री विमला पुरी, मिनु शाक्य र सावित्री श्रेष्ठ

प्रस्तोता:- प्रेम छोटा

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. खड्गबहादुर श्रेष्ठ

जन्म: वि.सं. १९७७/६/२७

मरण: वि.सं.२०४८/४/१२

CC-0. In Public Domain. Digitization by eGangotri

५४. स्व. खड्गबहादुर श्रेष्ठको स्मृतिमा बास्सानाच

बिष्णुलीलाको शोभायात्रा

निराकार

२०४८ भाद्र १० गते सोमबार

(२६अगष्ट १९९१)

दर्शनाभिलाषी

आदर्श श्रेष्ठ र सम्पूर्ण परिवार

समय: दिनको ३.३० बजे

प्रसाद वितरण: ६.३० बजे

संयोजिका

श्रीमती खड्कुमारी श्रेष्ठ

बागलुङ बजार किनारटोल

आर्दश भवन

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. खड्गबहादुर श्रेष्ठको संक्षिप्त परिचय

नाम	- खड्गबहादुर श्रेष्ठ
जन्म	- वि.सं. १९७७ असोज २७ बुधवार
स्वर्गारोहण	- २०४८ श्रावण १२ गते रविवार, १०:३० बजे
स्थान	- नारायण चोक, बागलुङ बजार
पिता	- स्व. बृजलाल श्रेष्ठ, माता- स्व. हरिकुमारी श्रेष्ठ
विवाह	- वि.सं. १९९८ सालमा खड्गकुमारी श्रेष्ठकोसाथमा
परिवार	- पत्नी १, छोरा १ र छोरी ८

सामाजिक योगदान

स्पष्ट बक्ता,मृदु भाषी र कर्मठ समाज सेवी स्व. खड्ग बहादुर श्रेष्ठ तत्कालीन बागलुङ ब्यापार संघको अध्यक्ष (०२७-३४), नेपाल बाल संगठन जिल्ला कार्यसमितिको कोषाध्यक्ष (२०३७-२०४१) तथा उपसभापति (२०४२-२०४८) बाल सभा भवन निर्माण समिति बागलुङको अध्यक्ष (०४०/०४१) र सोही संगठनको आजीवन सदस्य, अध्यक्ष सञ्चालक समिति धवलागिरि माध्यमिक विद्यालय, रातमाटा, कार्यकारिणी सदस्य विद्या मन्दिर माध्यमिक विद्यालय, बागलुङ लगायत लक्ष्मीनारायण कला मन्दिर, प्राचीन लोक संस्कृति हनुमान नाचको कजी आदि बागलुङ स्थित विभिन्न सामाजिक, धार्मिक संघ, संस्थाहरुको उत्थानका लागि सक्रीय सहभागिता र पेशा ब्यापार ब्यवसाय थियो।

विष्णुलीनामा सहभागी कलाकारहरुको फोटो

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. खड्गबहादुर श्रेष्ठको स्मृतिमा
भक्ति रचना

शब्द रचना- प्रेम छोटा

संगीत रचना- जिद्धीराज श्रेष्ठ

सुनिदेऊ प्राणी ! दुःखको कहानी
बागलुङ निवासी, खड्गको जीवनी
हे अविनाशी ! तिम्रो अनेक नाम
मोक्ष दिलाऊ प्रभु ! कोटी प्रणाम ! !
राम सीता : राम पुऱ्याइदेऊ सुख धाम ।

१

उन्नाईस सय सतहत्तर साल असोज महिनामा
शिशु जन्मेथे नारायण चोक बजारमा
बालकदेखि भार थियो काँधमा
दुई भाइ-बहिनी रमाई, खेल्थे साथमा

२

खाई हुर्की खेल्थे यही सँगी साथमा
बुझी दर्द मानिसको, गर्थे सेवा कालमा
रीस, राग, द्वेष, केही कसैमा नराखी
निर्मल, मनोहर उनी सवका साथी

३

एक छोरा, आठ छोरी रुन्छन् बुवा गुमाई
रुन्छिन् सदा सम्झी विरह जगाइ
कसरी छुटाए भन्छिन् कत्रो प्रहार !
सिउँदोको सिन्दूर पुच्छिन् विधिको यो हार

४

श्रावण मास, कृष्ण पक्ष, १२ गते रविवार
कसरी चुडाईस् दैव ! ईश्वरोपहार

CC-0. In Public Domain. Digitization by eGangotri

सदा नै चोट पारी, पुऱ्याई अन्धकार
शरण देऊ प्रभु ! गर्छौं पुकार

बास्सानाचमा सहभागी कलाकाहरु
१. विष्णु - सुश्री जलजला श्रेष्ठ
२. लक्ष्मी - सिलसिला श्रेष्ठ
३. सावित्री- लीला सुवेदी

मुकुट सझावटमा
१. लालप्रसाद मलेपति
२. कृष्ण प्रधान
३. दिवाकर मलेपति

वाद्यवादक

हारमोनियम - श्री जिद्धिराज श्रेष्ठ
श्री हरिकृष्ण प्रधान
श्री शिव शाक्य

गायक-गायिकाहरु
१.सुश्री बिमला पुरी
२.सुश्री मिनु शाक्य
३.सुश्री सावित्री श्रेष्ठ
४.सुश्री अन्जु राजभण्डारी
५.सुश्री मेनुका श्रेष्ठ
६.सुश्री सुभद्रा शाक्य
७.सुश्री रजनी शाक्य र अन्य साथीहरु
८.श्री मनमोहन श्रेष्ठ
९.श्री ताराप्रसाद श्रेष्ठ
१०.श्री रघुराम भारी

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. हरिशंकर श्रेष्ठ

जन्म:१९७४।३।२६

मरण:२०५२।५।११

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तोता: प्रेम छोटा

५५.स्व. हरिशंकर श्रेष्ठको स्मृतिमा
रामलीलाको
शोभायात्रा
मृत्युंजय
गाईजात्राको अवसरमा

२०५३ भाद्र १३ गते विहिवार

(२९अगष्ट १९९६)

दर्शनाभिलाषी

छोरा- बुहारी

श्री गणेशशंकर श्रेष्ठ-श्रीमती किरण भामा श्रेष्ठ

श्री कृष्णशंकर श्रेष्ठ-श्रीमती शान्ति श्रेष्ठ

श्री भवानीशंकर श्रेष्ठ-श्रीमती नैना श्रेष्ठ

श्री प्रवीणशंकर श्रेष्ठ-श्रीमती माया श्रेष्ठ

श्री दीपशंकर श्रेष्ठ

नाति नातिना

छोरी ज्वाईहरु

तथा भक्तिलाल परिवार

समय: दिनको ३.३० वजे

प्रसाद वितरण: ६.३० बजे

संयोजिका

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमती कमलकुमारी श्रेष्ठ
किनाराटोल, बागलुङ बजार

स्वर्गीय हरिशंकर श्रेष्ठको संक्षिप्त परिचय

नाम हरिशंकर श्रेष्ठ
जन्म : वि.सं. १९७४ आषाढ २६ गते
स्थान : किनाराटोल, बागलुङ बजार
पिता : स्व. भक्तिलाल श्रेष्ठ
माता : स्व. रत्नकुमारी श्रेष्ठ
स्वर्गबास : वि.सं. २०५२ भाद्र ११ गते रविवार प्रातः काल ९ बजे
विवाह : दुई पत्नी
१. स्व. श्रीमती बुद्धिकुमारी श्रेष्ठ
२. श्रीमती कमलकुमारी श्रेष्ठ
छोरा छोरीः पाँच छोरा, पाँच छोरी

सामाजिक योगदान

होचो कद, सरल स्वभाव, मृदुभाषी, स्पष्टबक्ता एवं समाजसेवी स्व. हरिशंकर श्रेष्ठले निम्न कार्यहरु गर्नुभएको थियो।

१. श्री ५ को सरकार निजामती कर्मचारी सेवामा वि.सं. १९९१ देखि नियुक्ति भै वि.सं. २०२२ सालसम्म स्थानीय माल तथा डोल्पा माल अड्डामा समेत गरी ३१ बर्षसम्मको लामो सेवा पश्चात् वि.सं. २०२२।११।१९ देखि निवृत्ति भरणमा अवकाश ।
२. वि.सं. २०११ सालमा म्याग्दी, मुस्ताङ जाने उत्तर दिशा तर्फको बागलुङ श्रीनगरटोल स्थित स्व. विचारी डिल्ली कुमार श्रेष्ठको पुरानो घरबाट ऐ दुंङ्गढुङ्गासम्म करीव २ हजार मिटर लामो ८ फुट चौडाको मूल सडक आफ्नै निजी खर्चमा नयाँ सडक निर्माण ।
३. बागलुङ उपल्लाचौर **देउकीमाई** निरको करिव एक लाख मूल्यको ०-१०-२-३ क्षेत्रफलको निजी जग्गा स्व. हरिशंकरको स्मृतिमा **राम मन्दिर**(सत्सङ्ग भवन)निर्माण गर्न निःशुल्क रुपमा जग्गा प्रदान गरिएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

४. बागलुङ ब्यारेकको हाताभित्रको वर पिपलको चौतारी निर्माण गरिनुका अतिरिक्त स्थानीय प्रसिद्ध नारायणचोक स्थित भक्तिलाल चौतारीको संरक्षण, विद्यालय, क्याम्पस, पुस्तकालय, रेडक्रस एम्बुलेन्स, ब्लड बैंक लगायतका विभिन्न सामाजिक संघ संस्थाहरुमा यथेष्ट आर्थिक सहयोग प्रदान।

५. बागलुङ सूर्यप्रसाद मिलनको पुरानो घरदेखि हालको बागलुङ अस्पताल जाने पुरानो बाटोको निर्माण गर्नुभएको थियो।

स्व. हरिशंकर श्रेष्ठको स्मृतिमा
सामूहिक संत्कीर्तन

शब्द रचना-*प्रेम छोटा*
संगीत-*शुभराम भारी*

राम सीताराम ! प्रभु राम ! सीताराम -२
राम सीताराम ! प्रभु राम ! सीताराम -२

सुनीदेऊ प्राणी दुःखको कहानी
बागलुङ निवासी हरिको जीवनी
हे प्रभु नन्दन ! हे अविनाशी
मुक्ति दिलाऊ प्रभु ! घट घट बासी।
सीता राम ! राम राम राम -२

उन्नाईस सय चवत्तर असार छब्वीस
जन्मेथे शिशु, किनारा टोलमा
सुख दुःख गर्दै उनासी बसन्त
पार भयो जीवन लीलाको अन्त। राम राम सीता राम.....................

पाँच भाइ छोरा, पाँच बहिनी छोरी
बाटेका थियौ दुई जीवन डोरी
चहराउने भयो सदा विछोडको घाऊ
तरेर गयौं हरि संसारको नाउँ। सीता **राम राम राम राम !**

साँझ विहान रामको नाम
लिनमा गौरव **शंकर**को काम
करमा कर्म मखमा राम

CC-0. In Public Domain. Digitization by eGangotri

जपी रहने प्रभुको नाम । **राम सीता राम प्रभु राम सीता राम...............**

छोरा छोरी रुदै आँशु बगाउँदा
मन पोल्छ सवको विरह जगाउँदा
शून्य भयो आँगन, शून्य भयो टोल
सुन्न नपाउँदा **हरि** को बोल । **सीता राम राम राम............**

भाद्र मास (२०५२) शुक्ल पक्ष रविवारको दिन
प्रातः काल नौ बज्दा **हरि** लाई लिन
आयौ नि दैव हरे ! निष्ठुरी काल
मुक्ति दिलाऊ अव, हे नन्दलाल ! **राम सीता राम । प्रभु सीता राम...............**

रामलीला

शोभा-यात्राका कलाकारहरु

मर्यादा पुरुष भगवान रामचन्द्र- श्री रविन्सन श्रेष्ठ
जनक नन्दनी सीता - श्री प्रकान्त श्रेष्ठ
भाइ लक्ष्मण - श्री उपहार श्रेष्ठ
अङ्गरक्षक हनुमान - श्री रविन्द्रबहादुर श्रेष्ठ
पोशाक, श्रृंगार तथा अन्य सहयोगीहरु
१. श्री सूर्यप्रसाद मिलन
२. श्री नारायणप्रसाद श्रेष्ठ
३. श्री लालप्रसाद मलेपति
४. श्री ईश्वरजङ्ग राजभण्डारी

बाद्यबादक

हारमोनियम- श्री शुभराम भारी
तवला- श्री सुदेश राजभण्डारी

CC-0. In Public Domain. Digitization by eGangotri

मादल- श्री बसन्त के.सी.

गीतार- श्री भूषण बैद्य

गीतार- श्री रोशन के.सी.

रेकडिंङ - श्री हरि अमात्य

गायिकाहरुः

१. सर्वश्री विमला पुरी

२.सुश्री शोभिता बभ्कान्थाछें

३. सुश्री बविता शाक्य

४. सुश्री गणदेवी शाक्य

५. सुश्री सुनिता शाक्य

६. सुश्री सुरक्षा श्रेष्ठ

७. सुश्री मेरिना श्रेष्ठ

८. सुश्री प्रतिक्षा श्रेष्ठ

९. सुश्री सिलसिला श्रेष्ठ

१०. सुश्री मणिका श्रेष्ठ

११. सुश्री नविना श्रेष्ठ

१२. सुश्री दिपिका श्रेष्ठ

१३. सुश्री सविना श्रेष्ठ

गायकहरु

१. श्री शुभराम भारी

२. श्री दुर्गा काजी शाक्य

३. श्री सुदेश राजभण्डारी

४. श्री नारायणप्रसाद श्रेष्ठ

CC-0. In Public Domain. Digitization by eGangotri

५६.स्व. होमकुमारी राजभण्डारीको स्मृतिमा

बास्सानाच
रामलीलाको
शोभायात्रा
मृत आत्माको चिरशान्तिको लागि
गाईजात्राको अवसरमा

२०५५ श्रावण २४

पतिः श्री लोकनरसिंह राजभण्डारी

छोरा-बुहारी : श्री/श्रीमती गोविन्द नरसिंह राजभण्डारी
श्री/श्रीमती महेशकुमार राजभण्डारी
श्री/श्रीमती रामजीकुमार राजभण्डारी
श्री/श्रीमती विश्वनरसिंह राजभण्डारी
श्री/श्रीमती शम्भुनरसिंह राजभण्डारी
श्री/श्रीमती रमेशकुमार राजभण्डारी

छोरी : श्रीमती सुभद्रा वझा
एवम् सम्पूर्ण नाति, नातिनी, पनाति,पनातिनीहरु
र समस्त राजभण्डारी परिवार

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. होमकुमारी राजभण्डारीको स्मृतिमा
भक्ति संङ्कीर्तन–१

शब्द रचनाः प्रेम छोटा
गीत रचनाः महेशचन्द्र प्रधान

छाडी गयौ सदा हामी सबलाई
विलायौ जीवनभर हामीलाई रुवाई
हरेराम ! हरेकृष्ण ! कीर्तन गाऔं
मृत-आत्मालाई प्रभु ! मोक्ष दिलाऊ ।

१

उन्नाईस सय उन्सत्तरी साउन मास
जन्मिन् शिशु श्री पोखरा काख
सुख- दुःख गर्दै छ्यासी बसन्त
पार भयो जीवनलीलाको अन्त ।

छाडी गयौ सदा हामी सबलाई
मृत-आत्मालाई प्रभु ! पार लगाऊ ।

२

छ भाइ छोरा, एक बहिनी छोरी
जन्माई, हुर्कायौ दुई जीवन डोरी
दुईमा एकको विछोडको घाउ
असहय भो प्रभु ! तरी संसार नाउ ।

छाडी गयौ सदा हामी सबलाई
मृत-आत्मालाई प्रभु ! शीतल गराऊ ।

३

नाम **होम** घरकी लक्ष्मी
इष्टमित्र दीन दुःखीका साथी
साधु सन्तको थिइन् उपकारी
धर्म कर्मको परोपकारी ।

CC-0. In Public Domain. Digitization by eGangotri

छाडी गयौ सदा हामी सबलाई
मृत-आत्मालाई प्रभु ! मुक्ति दिलाऊ ।

४

सत्य सत्कर्म साथमा राखी
सुखमा मात्र होइन दुःखमा
रीस-द्वेष नराखी काम
जपी रहने प्रभुको नाम ।

छाडी गयौ सदा हामी सबलाई
मृत-आत्मालाई प्रभु ! मोक्ष दिलाऊ ।

५

रुन्छन् छोराछोरी आमा गुमाई
रुन्छ पति **लोक** आफैमा हराई
विधिको प्रहार सृष्टिको हार
मुक्ति दिलाऊ प्रभु ! हे नन्दलाल !

छाडी गयौ सदा हामी सबलाई
मृत-आत्मालाई प्रभु ! मुक्ति दिलाऊ ।

६

पार उतार प्रभु ! **पाञ्चाली**लाई
शान्ति दिलाऊ प्रभु मृत आत्मालाई
कृष्ण मुरारी ! तिम्रो चरणमा
लिई देऊ हे नाथ ! तिम्रो शरणमा

छाडी गयौ सदा हामी सबलाई
मृत-आत्मालाई प्रभु ! मोक्ष दिलाऊ ।

विलायौ जीवनभर हामीलाई रुवाई
हरेराम ! हरेकृष्ण ! कीर्तन गाऔं
मृत आत्मालाई प्रभु ! मोक्ष दिलाऊ ।
छाडी गयौ सदा हामी सबलाई

CC-0. In Public Domain. Digitization by eGangotri

भक्ति सङ्कीर्तन-२

शब्द रचनाः विश्वनसिंह राजभण्डारी(सुपुत्र)
संगीत संयोजनः महेशचन्द्र प्रधान

कहाँ गयौ मातेश्वरी हामीलाई रुवाई
छाडीगयौ बाबालाई एकलो बनाई

जन्म्यौ पोखरामा उन्नीससय उनत्तर
छ्यासी पुरा गरी गयौ नि स्वर्गवास ।

१

आफूले कष्ट सही हामीलाई हुर्कायौ
दूधको भारा तिर्न नै पाएनौं ।

कहाँ गयौ मातेश्वरी हामीलाई रुवाई
छाडीगयौ बाबालाई एकलो बनाई

छ भाइ छोरा, बुहारी एक बहिनी छोरी
पच्चीस नाति-नातिनी तेह्र पनाति ।
कहाँ खोजौ माया र ममताकी मूर्ति ?
भूल भएमा क्षमा देऊ हामीलाई ।

कहाँ गयौ मातेश्वरी हामीलाई रुवाई
छाडीगयौ बाबालाई एकलो बनाई

२

भोक र निद्रा कहिल्यै भनिनौ
पर-उपकारमा जीवन बितायौ ।
कृष्ण मुरारी ! तिम्रो चरणमा
लिई देऊ आमालाई तिम्रो शरणमा

हरेराम ! हरेकृष्ण ! हे साई राम !
चढाउँछौ श्रद्धाञ्जली मृतात्माको नाम ।
कहाँ गयौ मातेश्वरी हामीलाई रुवाई
छाडीगयौ बाबालाई एकलो बनाई

३

CC-0. In Public Domain. Digitization by eGangotri

रामलीलाका सहभागी कलाकारहरु

सीताः- श्री रेष्टा राजभण्डारी
रामः- श्रीजय राजभण्डारी
लक्ष्मणः -श्री सुगम राजभण्डारी
हनुमानः- श्री रविन्द्रकुमार श्रेष्ठ

बाद्यवादक

हारमोनियमः- श्री महेशचन्द्र प्रधान
मादलः- श्री हरिकृष्ण प्रधान र श्री मन्जुल शाक्य
तवलाः- श्री बसन्त के.सी.

गायक/ कलाकारहरु

श्री दुर्गाकाजी शाक्य, श्री वेदविकल शाक्य
सुश्री गणदेवी शाक्य, सुश्री सुनम प्रधान
सुश्री ज्योत्स्ना शाक्य, सुश्री सुनिता शाक्य
सुश्री सम्झना राजभण्डारी र साथीहरु।

प्रसाद वितरणः- ६.३० बजे
स्थानः- पूजा चलचित्र मन्दिर, बागलुङ
मितिः- २०५५।४।२४

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. मोहनमाया राजभण्डारी
जन्म: १९५८ श्रावण हरिशयनी एकादशी
मरण: २०५५ फागुन ९ गते रविवार, षष्ठी

CC-0. In Public Domain. Digitization by eGangotri

५७.स्व. मोहनमाया राजभण्डारीको स्मृतिमा बास्सानाच रामलीलाको शोभायात्रा

दिवंगत् आत्माको चिरशान्तिको कामनासाथ

हार्दिक श्रद्धा सुमन

छोरा
श्री नारायणप्रसाद राजभण्डारी
श्री हरिगोविन्द राजभण्डारी

नाति
श्री रामकुमार राजभण्डारी
श्री श्रवणकुमार राजभण्डारी
श्री अशोकगोविन्द राजभण्डारी
श्री किशोर राजभण्डारी
श्री कृष्णगोविन्द राजभण्डारी

नातिनी बुहारी
श्रीमती कमला राजभण्डारी
श्रीमती रमला राजभण्डारी
श्रीमती मंगला राजभण्डारी
श्रीमती विना राजभण्डारी
श्रीमती उषा राजभण्डारी

ज्वाईहरु
श्रीमान् शान्तलाल मुल्मी
श्रीमान् बुद्धरत्न मानन्धर
श्रीमान् बद्रीमान जोशी
श्रीमान् रामकुमार जोशी

बुहारी
श्रीमती बालकुमारी राजभण्डारी
श्रीमती धनकुमारी राजभण्डारी

नातिनीहरु
श्रीमती तीर्थमाया मुल्मी
श्रीमती सरिता मानन्धर
सुश्री सविता राजभण्डारी
श्रीमती सचिता जोशी
श्रीमती विनिता जोशी

पनाति/ पनातिनीहरु
अञ्जु, अरविन्द आर्या, अमूल्य
अविषेक
मनिष, निलेश
विवेक, सुश्री बेविका
अनिमेष

पानाति/पनातिनीहरु
सुश्री स्मृति, स्तुति, आरधना
सम्यक, सुश्री लुमना
अनुप, दिलिप
राज, सुश्री प्रीति

एवं सम्पूर्ण राजभण्डारी परिवार
स्थान: बागलुङ, महेन्द्रपथ-२
मिति: २०५६साल भाद्र ११ गाइजात्रा(सापारु) नेपाल सम्वत् १११९गुँलागा १)
फोन नं. ५२०१६८/५२०१७०/५२०३८०

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्णलीलामा सहभागी कलाकारहरु

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. मोहनमाया राजभण्डारीको स्मृतिमा

भजन सङ्कीर्तन-१

रचनाः किश्मत राजभण्डारी

संगीत संयोजनः महेशचन्द्र प्रधान

आमा थियौ हाम्रो धरती आकाश
भगवान ! चुँड्यौ हाम्रो सुखका सागर

अन्ठाउन्न हरिशयनी एकादशीमा जन्मी
अन्ठानब्वे बर्षमा भव सागर तरी
जन्म र मृत्युको खेल यो संसार
जननी विना जीवन रहेछ निसार !

आमा **मोहन**को स्मृति हृदयभरि
रुदै पुकार्दछन् छोरा **नारायण-हरि**
विर्सी नसक्नु महिमा अपार
गड्छ यो मनमा झलझली तस्वीर !

तिमी विना घर शून्य संसार
न रोई आउनु न चिच्याई पाउनु
हा दैव ! पाऱ्यौ नि कस्तो विलाप !
परिवारजनमा पारी यो ताप !

दुःख कष्टमा हामीलाई हुर्कायौ
नाति पनातिलाई आँगनमा खेलायौ
आँखा नदेख्दा नि मायाले रुझायौ
ममतामयी मा ! कहाँ हरायौ !

आइरहेछिन् लेऊ शरणमा
विश्रान्ति देऊ प्रभुको चरणमा
पार लगाऊ शरणमा लेऊ
मृत आत्मलाई मोक्ष दिलाऊ !

CC-0. In Public Domain. Digitization by eGangotri

भक्ति सङ्कीर्तन–२

रचनाः *श्रीमती मंगलादेवी श्रेष्ठ*

शब्द/ संगीत संयोजनः *महेशचन्द्र प्रधान*

हे राम ! हे कृष्ण ! पार लगाऊ
मोहनमायालाई
श्रद्धासुमन अर्पन्छौ हामी
मृत आत्मालाई ।

साउन मास हरिशयनी एकादशी तिथिमा
जन्म लियौ हे आमा ! तिमी बागलुङ नगरीमा
दुई हजार पचपन्न फागुन नौ षष्ठीको तिथिमा
परमपदमा बिलायौ तिमी हामीलाई भुलाई ।

दुई छोरा, दुई बुहारी, नाति पनातिलाई
छाडी गयौ नि हे आमा ! तिमी सबैलाई रुवाई
मातृमोहको सांसारिक बन्धन तोडेर घरद्वार
विरह विछोडको अमीट घाउ शून्य भो यो संसार ।

जन्मेर एक दिन मर्नु नै पर्ने लीला यो जगत्को
मुक्ति दिलाऊ **मोहनमाया** तिम्रै हो सृष्टि यो
आँखाभरि, मुटुभरि राखेर तस्वीर तिम्रो
आइरहन्छ याद तिम्रो स्थिर छैन मन हाम्रो ।

राधाकृष्ण–लीला शोभा–यात्राका सहभागी कलाकारहरु

राधा :- सुश्री अस्मिता श्रेष्ठ
लक्ष्मी :- सुश्री कुमुदा श्रेष्ठ
नारायण :- सुश्री सन्ध्या श्रेष्ठ
कृष्ण :- सुश्री प्रनिता राजभण्डारी

CC-0. In Public Domain. Digitization by eGangotri

कलस् समात्नेः

सुश्री बेविका राजभण्डारी

सुश्री लुमना मानन्धर

बाद्यबादक

हारमोनियम :- श्री महेशचन्द्र प्रधान

मादल :- श्री शिव शाक्य/ श्री मञ्जुल शाक्य/ श्री हरिकृष्ण प्रधान

तवला :- श्री विक्रम शाक्य/ श्री बसन्त के.सी.

गायक कलाकारहरु

श्री दुर्गाकाजी शाक्य, श्री शुभराम भारी,

श्री रमेशकुमार राजभण्डारी, श्री वेद विकल शाक्य

सुश्री गणदेवी शाक्य, सुश्री सुनिता शाक्य,

सुश्री अमिना शाक्य, सुश्री सुस्मिता शाक्य

कार्यक्रम

स्थानः- बागलुङ महेन्द्रपथ

समयः- दिउसो १२.३० बजे

मितिः- २०५६ साल भदौ ११ गते शुक्रवार

प्रसाद वितरणः- साँझ ६ बजे

होटल. पीस प्यालेस

तपाईहरुको हार्दिक स्वागत गर्दछु

फोनं ५२०१७०/५२०३८०

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. सन्तकुमारी श्रेष्ठ

जन्म: १९७०/१/३०/६

मरण: २०५७/११/११

CC-0. In Public Domain. Digitization by eGangotri

५८. स्व. सन्तकुमारी श्रेष्ठ (मुलेपती) को स्मृतिमा बास्सा नाच
रामलीलाको शोभायात्रा २०५८

बागलुङ बजार नौबिसे निवासी स्व. देवराज श्रेष्ठ (मुलेपती) जन्म १९७०-१९९४) की श्रीमती सन्तकुमारी श्रेष्ठको जन्म वि.सं. १९८० साल बैशाख ३० गते शुक्रबारको दिन भएको थियो। विवाह भएको करिव ५ बर्षको फरकमा एक छोरा सुरजकुमार एक छोरी सुरजकुमारी श्रेष्ठ जन्माई वि.सं. २०५७ साल फागुन ११ गतेको दिन काठमाडौंमा स्वर्गवास भएकी थिइन्। काठमाडौं स्थित आफ्नो निवासस्थानमा मरण भएकी हुँदा काठमाडौंका नेवार समुदायद्वारा शोभायात्रा गरिने परम्परा अनुसार उनको स्मृतिमा परिवारजनबाट वि.सं. २०५८ साल श्रावण २१ गते आईतबार श्रावणेपूर्णिमाको भोलिपल्ट कृष्णपक्ष प्रतिपदा तिथि गाईजात्राको अवसरमा भगवान रामचन्द्रको स्वरुपमा राम लिला नामक बास्सा नाचको शोभायात्रा प्रदर्शन गरिएको नाती विराट कुमार श्रेष्ठबाट प्राप्त जानकारी अनुसार उल्लेख गरिएको छ।

उक्त प्रदर्शित रामलीला बास्सा नाचमा सहभागी हुने कलाकारहरुमा रामको रुपमा पनाति निरञ्जन बडगामी सीताको रुपमा सुमन वडगामी, लक्ष्मणको रुपमा पुकार बडगामी र हनुमानको रुपमा निराकार बडगामी सहभागी कलाकारहरु रहेको बताइन्छ।

सम्पर्क सुत्र: ४२८७१६०,मो. ९८५१०५०८१० टंकेश्वर, काठमाडौं।

रामलीलामा सहभागी कलाकारहरु

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. दिलप्रसाद प्रधान

जन्म:२००१।१।१८

मरण:२०५८।११।१६

CC-0. In Public Domain. Digitization by eGangotri

५९.स्व. दिलप्रसाद प्रधानको स्मृतिमा
बास्सानाच
रामलीलाको
निर्गुण शोभायात्रा
दिवंगत् आत्माको चिरशान्तिको कामनाका
साथ हार्दिक श्रद्धासुमन
गाईजात्राको अवसरमा
२०५९ भाद्र ७ गते

आमा
श्रीमती धनकुमारी प्रधान

पत्नी
गंगादेवी प्रधान

छोरा
श्री दीपक प्रधान
श्री प्रकाश प्रधान
श्री दिपेश प्रधान
श्री प्रताप प्रधान

बुहारी
श्रीमती कमला प्रधान
श्रीमती अञ्जु प्रधान

छोरी
श्रीमती शुभकामना श्रेष्ठ

नाति/नातिनी
दिकुश प्रधान,
दिपिका प्रधान
सुरभी प्रधान

नाति
साकार श्रेष्ठ

ज्वाई
नवीनकुमार श्रेष्ठ

एवं सम्पूर्ण प्रधान (श्रेष्ठ) परिवार
स्थानः बा.न.पा. २, महेन्द्रपथ, वागलुङ
२०५९/५/७ फोनः ५२०६०५

CC-0. In Public Domain. Digitization by eGangotri

रामलीलामा सहभागी कलाकारहरु

स्व. दिलप्रसाद प्रधानको स्मृतिमा
कालजयी सङ्कीर्तन–१

शब्द रचना: प्रेम छोटा

संगीत रचना: जिद्धिराज श्रेष्ठ

जय श्रीराम ! जय जय घनश्याम !
हे अविनाशी ! तिम्रो अनेकौ नाम
मोक्ष दिलाऊ ! प्रभु कोटी प्रणाम !
हे प्रभु नन्दन ! हे अविनाशी ! !
शरण देऊ प्रभु ! चरणमा छौ हामी
जय श्रीराम ! जय जय घनश्याम !

दुई हजार एक साल बैशाख अठार
जन्मेंथे शिशु आफ्नै निवास
सुख दु:ख गर्दै अन्ठाउन्न बसन्त
विलायौ जगत्मा अचानक अन्त
जय श्रीराम ! जय जय घनश्याम !

CC-0. In Public Domain. Digitization by eGangotri

दिलको "**दिपक**" मनको उज्यालो
छाडी तमाम पारि अध्याँरो
अल्प आयु लिई जन्म भो तिम्रो
इस्ट मित्र स्वःजन हुन गयो विरानो
जय श्रीराम ! जय जय घनश्याम !

उत्साह, उमङ्ग साथमा राखी
राग, द्वेष कसैमा नराखी
हरदिन प्रभुको हरिगुण जप्ने
चुडायौ प्रभु ! उनलाई तिमीले
जय श्रीराम ! जय जय घनश्याम !

पाइनौ चाल केही बोली राख्न !
जुनी भरमा पाऱ्यौ अकमक
मुटुमा चोट दिलमा घाउ
रुन्छिन् **आमा** कसरी बुझाऔं ?

जय श्रीराम ! जय जय घनश्याम !

चार भाइछोरा एउटी छोरी
बाटेका हौ दुई जीवन डोरी
तरेर गयौ संसारी नाऊ
शून्य भो बास, शून्य भो ठाऊँ

जय श्रीराम ! जय जय घनश्याम !

जन्मेपछि एक दिन मुर्न पर्ने चोला
तार्न सक्छ कसले प्रभुको लीला
परिवार रुदै आँशु बगाउँदा
मन रुन्छ सबको विरह जगाउँदा

जय श्रीराम ! जय जय घनश्याम !

CC-0. In Public Domain. Digitization by eGangotri

२.स्व. प्रधानको स्मरणमा

भजन–२

रचना: मुकुन्द शाक्य
संगीत: मुकुन्द शाक्य

घरबाट छोडी जाने दुखी:या
माया मारेर गयौ................................

पंक्षी झै रुखको डालीमा आई क्षण भर बास बसेर
काखको आफ्नो सन्तानको माया बासमै त्यसै छोडेर
फागुन १६ गते कालो रातमा, पंख फुकाई उडेर
बास तिम्रो अर्को कुन हो ? कुन्नि कुन हो ? कुन हो ?

हाँस्नु रुनु मानिसको नै चोला हो दुई दिनको
जन्मेपछि मर्नुपर्ने नियम त्यो विधिको
नश्वर शरीर माटो हो, जानी दु:ख मुक्त भएर
सांसरिक माया छल रहेछ जानी गयौ छोडेर

मन्दिर बन्यो, पाटी पौवा बन्यो, पानी पँधेरो
राख्छु भन्ने कीर्ति अरु मनमै रह्यो अधुरो
बृद्ध आमा सधैं रुन्छिन् मन पारि अँधेरो
दिलकी गंगा विहोल हुन्छिन् संझी संझी विरानो

छोरा छोरीको अन्तर मनमा छाया बनी बसेछौं
माया बनेर परिवार जनको कसरी विध्न भिजेछौ
छैनौ गुरु **दिल प्रधान,** यो पृथ्वी भरिमा
श्रद्धा सुमनको आँशु चढाउँछौ सधै सधै तिमीमा ।

घरबाट छोडी जाने दुखी:या
माया मारेर गयौ.................................

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्मी-नारायण-सावित्रीको लीला शोभायात्राका सहभागी कलाकारहरु

लक्ष्मी :-सुश्री सुम्निा श्रेष्ठ
नारायण :-सुश्री कल्पना श्रेष्ठ(प्रधान)
सावित्री :-सुश्री ज्योति श्रेष्ठ
कलस समात्ने :-सुश्री सुनिता खड्का
:-सुश्री रक्षा राजभण्डारी

बाद्यवादक

हारमोनियम :- श्री जिद्धिराज श्रेष्ठ
मादल :-श्री शिव शाक्य /श्री मञ्जुल शाक्य

गायक कलाकार

:- श्री जिद्धिराज श्रेष्ठ
:- सुश्री सुनिता शाक्य
:- सुश्री सचिना श्रेष्ठ
:- सुश्री सावित्री श्रेष्ठ

कार्यक्रम

स्थान :- महेन्द्रपथ,बा.न.पा.-२,
:- फोनं. ५२०६०५
समय :- दिनको अपरान्ह
मिति :- २०५९/५/७ गते शुक्रवार
प्रसाद वितरण:- साँझ ७ बजे

प्रस्तोता: प्रेम छोटा

CC-0. In Public Domain. Digitization by eGangotri

६०. स्व. लोकनरसिंह राजभण्डारीको स्मृतिमा

बास्सानाच रामलीलाको

शोभायात्रा

मृत्त-आत्माको चिरशान्तिको लागि

हार्दिक श्रद्धाञ्जलि

छोरा बुहारीहरु

श्रीमान्/श्रीमती गोविन्दनरसिंह राजभण्डारी
श्रीमान्/श्रीमती महेशकुमार राजभण्डारी
श्रीमान्/श्रीमती रामजीकुमार राजभण्डारी
श्रीमान्/श्रीमती विश्वनरसिंह राजभण्डारी
श्रीमान्/श्रीमती शम्भुनरसिंह राजभण्डारी
श्रीमान्/श्रीमती रमेशकुमार राजभण्डारी

छोरी श्रीमती सुभ्रदा वझा

एवंम सम्पूर्ण नाति- नातिनी, पनाति- पनातिनीहरु
र समस्त राजभण्डारी परिवार

२०५९ भाद्र ७ गते गाइजात्रा(सापारु)को शोभायात्रा
समय: दिनको ठीक ३ बजे
स्थान: पूजा चलचित्र मन्दिर, बागलुङ
प्रसादवितरण: साँझ ६.३० बजे

CC-0. In Public Domain. Digitization by eGangotri

स्व.बाबा लोकनरसिंहको स्मृतिमा संरचित
भक्ति सङ्कीर्तन-१

शब्द रचना: विश्वनरसिंह राजभण्डारी
संगीत : महेशचन्द्र प्रधान, शुभराम भारी

मुटुमा गाँठो पारेर गाउँछौ
लोक नरसिंह बाबाको जीवनी
औसीको कालो रात जस्तै
दू:खले भरेको जीवन कहानी
मुटुमा गाँठो् पारेर गाउँछौ...

श्रीराम : जयराम जय जय राम :
श्रीराम: जयराम जय जय राम:

उन्नाईस सय सतसठ्ठी जेठ बा-हको दिन
जन्मेथ्यौ मुस्ताङको कोवाङ गाउँ
पोखराकी होमकुमारीसित
बाँधिएथ्यौ वैवाहिक बन्धन ॥ **मुटुमा.........**

छ भाइछोरा छोरी सुभद्रा
जन्माई हुर्कायौ इलम सिकायौ
उपकारी बनी अमर कृति राख्यौ
गो.द.बा.बाट बिभूषित भयौ ॥ **मुटुमा.............**

चारै धाम चौमासे वत्रमा
अटुट साधना भगवद् भक्तिमा
तन मन लगाई समाज सेवामा
दान पूण्य गरी गयौ स्वर्ग लोकमा ॥ मुटुमा..........

दुई हजार उनान्सठ्ठी असार सोह्र रातमा
श्रीराम भन्दै विदा लियौ अन्तिम कालमा
आइरहेछ प्रभु ! तिम्रो चरणमा
मृत आत्मालाई लेऊ शरणमा ॥ **मुटुमा..........**

CC-0. In Public Domain. Digitization by eGangotri

भजन–२

हरे राम ! हरे राम !
राम राम ! हरे हरे !
हरे कृष्ण ! हरे कृष्ण !
कृष्ण कृष्ण ! हरे हरे !

खोली दिनुस् नारायण
स्वर्गको मूल ढोका
आउँदै छन् स्वर्ग लोक
लोक नरसिंह हाम्रो बुवा ॥
हरे राम...............

के के ईच्छा थियो बुवा
अधुरो नै रही गयो ।
भन्ने कति आशा होला ?
साथैमा रही रह्यो ॥
हरे राम.................

नाता-गोता संगी साथी
समाजले सम्झेका छन् ।
मृदु भाषी, सरल बाणी
सत्गुणलाई सम्झेका छन् ॥
हेर राम.................

सेतो बस्त्र पहिरेर
बाँसको डोली माथि चढी ।
लावा अवीर फूलमाला
छोराहरुको काँध चढी ॥
हरे राम...........

दिवंगत् आत्मालाई
शान्ति मिलोस् भनी हामी ।

CC-0. In Public Domain. Digitization by eGangotri

पुकार्दै छौ ईश्वरलाई
शरणमा लिनुस् भनी ॥
हेर राम..................

बागलुङ बजार समाजैको
यही तिमीलाई कामना छ।
चिरशान्ति मिलोस् भनी
यही हाम्रो बन्दना छ॥
हेर राम..................
हेर राम..................

भक्ति सङ्कीर्तन–३

शब्द रचनाः- प्रेम छोटा
संगीतः-महेशचन्द्र प्रधान,शुभराम

श्रीराम ! जय राम !
भक्त बत्संल ! जय जय राम !
नाम लोक जगत् पुजारी
धर्मकर्ममा अति मनकारी।
निस दिन प्रभुको सेवा ब्रतधारी
मुस्काई हरदम जयराम पुकारी।
श्रीराम ! जय राम !...................
भोक, निद्रा, कष्ट सहेर
हुर्कायौ तिमीले यो परिवार।
कहाँ गयौ बाबा ? कता छौं आज ?
नै पैट्टी बस्त्र, न केही साथ ॥
श्रीराम ! जय राम ! ....
नाति-नातिना, छोरा-बुहारी
रुन्छिन्, छोरी विरह जगाई।

CC-0. In Public Domain. Digitization by eGangotri

हे दैव ! तिम्रो कस्तो प्रहार
प्रभुकै लीला सृष्टिको हार ॥

श्रीराम ! जय जय !..................

आइरहेछ प्रभुकै चरणमा
लेऊ भगवान तिम्रै शरणमा ।
बन्दना गर्छौं, हे कृष्ण नन्दन ।
मृत-आत्मालाई पार लगाउन ॥

श्रीराम ! जय राम !............

भक्ति सङ्कीर्तन-४

रचना:- मुकुन्द शाक्य

संगीत:- महेशचन्द्र प्रधान, शुभराम भारी

श्रीराम ! जयराम ! सीताराम जयराम !
पार लगाऊ । उनलाई मेरो राम, प्रभु राम !

जन्मेपछि मर्नु पर्ने विधिको विधान हो
कीर्ति छर्‍यौ लोक तिमीले सदा त्यो अमर भो
हजार चन्द्र हेरी, तिमी गयौ शरणमा प्रभुको

श्रीराम !.....................

ब्यवहारमा मेलमिलाप बोली थियो लाखको
शिक्षा प्रचारमा उद्यमी बन्यौ, थियौ प्रेरणा श्रोतको
सुदामाको
कनिका जस्तै थियो भक्ति तिम्रो

श्रीराम.........................

जप रामको कर्म बुद्धको धर्ममा विश्वास यो
निष्ठा, आस्था भगवतीको साधना भक्तिको
जो आफूले धारणा गर्‍यौ परंको उपकार भो

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीराम........................

सँसारिक नरचोलाको जीवन मुक्त हुनु हो
आखिर छुट्नु छुट्टिनु संसारको रीत हो
शक्ति देऊ सहन सक्ने, घाउ त्यो विछोडको

श्रीराम........................

जयराम बोली गयौ परिवारको माझमा
आशा पलायो देखिन्छ कि तुलसीको मठमा
जीवन केही रै न छ जानी जप्यौ **रामको नाम**

श्रीराम ! जयराम ! सीताराम जयराम !
पार लगाऊ । उनलाई मेरो राम, प्रभु राम !
श्रीराम ! प्रभुराम ! जयराम प्रभुराम ! सीताराम प्रभुराम !

रामलीलाका सहभागी कलाकारहरु

रामः- श्री राजेन्द्र राजभण्डारी
सीताः- सुश्री निरु कुँवर
लक्ष्मणः- प्रकान्त श्रेष्ठ
हनुमानः- मिनकुमार राजभण्डारी

बाद्यबादक

हार्मोनियमः- श्री शुभराम भारी, श्री महेशचन्द्र प्रधान
मादल/तवलाः-श्री बसन्त के.सी., श्री जीवन आचार्य, श्री विक्रम शाक्य

गायक/गायिका कलाकारहरु

श्री शुभराम भारी
श्री महेशचन्द्र प्रधान
श्री सुदर्शन शाक्य
श्री मुकुन्द शाक्य
सुश्री अमिना शाक्य
सुश्री सुस्मिता शाक्य
सुश्री निता काउचा

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. भीमकुमारी श्रेष्ठ
जन्म-वि.सं.१९९३।५।।३ बेनी, पर्वत
मरण-वि.सं २०५९।८।१३।६

CC-0. In Public Domain. Digitization by eGangotri

६१.स्व. भीमकुमारी श्रेष्ठको स्मृतिमा
बास्सानाच
कृष्णलीलाको
निर्गुण शोभायात्रा
दिवंगत् आत्माको चिरशान्तिको लागि
हार्दिक श्रद्धाञ्जलि

देवरहरु
श्यामसुन्दर श्रेष्ठ
मनोहरप्रसाद श्रेष्ठ

देवरानीहरु
श्रीमती राममैया श्रेष्ठ
श्रीमती चन्द्रकुमारी श्रेष्ठ

छोराहरु
कल्पनाकिशोर श्रेष्ठ
हिमालकिशोर श्रेष्ठ
बसन्तकिशोर श्रेष्ठ

बुहारीहरु
श्रीमती उषाकिरण श्रेष्ठ
श्रीमती सुशिला श्रेष्ठ
श्रीमती निरु श्रेष्ठ

नाति-नातिनीहरु
तथा सम्पूर्ण श्रेष्ठ परिवार
२०६० श्रावण २८ गते, बुधवार, समय दिनको १२ बजे

गाईजात्रा(सापारु)
स्थानः- श्रीनगरटोल, बा.न.पा. ११
फोन नं. ५२०५९०

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्णलीला शोभायात्राका सहभागी कलाकारहरु

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. भीमकुमारी श्रेष्ठको स्मृतिमा

कालजयी–सङ्कीर्तन

शब्द रचनाः-प्रेम छोटा
संगीतः- जिद्धिराज श्रेष्ठ

हे प्रभु नन्दन ! हे दुःख भञ्जन !
पार लगाऊ सव तोडी बन्धन
हे मातेश्वरी ! ममताकी मूर्ति !
छाडी गयौ सव सदाको निम्ति

१

सुन हे प्राणी ! **भीमको** जीवनी
कसरी बताऔं दुःखको कहानी
जन्मेकी थिइन् बेनी बजार
बिश्राम लिइन् काली कै किनार

हे प्रभु नन्दन ! हे दुःख भञ्जन !

२

गुरु गणेशकी ज्येष्ठ बुहारी
उनी थिइन् घरकी बाहिनी
पति सूर्यकी प्रियश्वरी !
बाटेकी थिइन् जीवन डोरी

हे प्रभु नन्दन ! हे दुःख भञ्जन !

३

सिंदूर पोते यौवनमै खोसियो
वियोगको चोट असह्य भयो
कसरी भूल्यौ ? कसरी सह्यौ ?
मनको कुरा मनमै राख्यौ

हे प्रभु नन्दन ! हे दुःख भञ्जन !

CC-0. In Public Domain. Digitization by eGangotri

४

भोक निद्रा सदा समान
जो मिल्यो सो अमृतपान
निश्चल मूक शरीर बनायौ
सठसठ्ठी बर्षमा छाडेर गयौ
हे प्रभु नन्दन ! हे दुःख भञ्जन !

५

रीस-राग न कहिल्यै पलायो
सहनशील सुशील भई रमायौ
हरिको चरणमा नित्य रमाई
गुञ्जाई रहने प्रभु गुण गाई
हे प्रभु नन्दन ! हे दुःख भञ्जन !

६

भातृ-बधू सरल भइकन
थियौ तिमी आमा समान
हाँसी रमाउँथ्यौ हुँदामासाथ
गुँड रित्तो पार्‍यौ बाह्रैमास
हे प्रभु नन्दन ! हे दुःख भञ्जन !

७

नन्द-अमाजू, नातिनातिना
तीन भाइछोरा, जेठो कल्पना
हिमाल, बसन्त आमा गुमाई
रुन्छन् परिवार विरह जगाई
हे प्रभु नन्दन ! हे दुःख भञ्जन !

८

दश मासको प्रसव पीडा
कठोर विपत सहेर सदा
सकेनौ तिर्न दूधको भारा
पर्दछौ पाऊं प्रभुकै सहारा

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्णलीला शोभायात्राका सहभागी कलाकारहरु

राधाः-सुश्री स्वस्तिककिरण श्रेष्ठ
कृष्णः-सुश्री शिल्पाकिरण श्रेष्ठ
सुधामाः-सुश्री पूजा पुरी
गोपिनीः-सुश्री प्रनिषा जोशी
गोपिनीः-सुश्री सनम श्रेष्ठ

कलशमा साथदिने

सुश्री नेहा श्रेष्ठ
सुश्री अलकासिंह श्रेष्ठ

बाद्यबादक

हारमोनियमः-जिद्धिराज श्रेष्ठ
तवलाः-विक्रम शाक्य
मादलः-मञ्जुल शाक्य/शिव शाक्य

गायक कलाकारहरु

जिद्धिराज श्रेष्ठ
महेशचन्द्र प्रधान
सुश्री सुनिता शाक्य
सुश्री अमिना शाक्य
सुश्री सुस्मिता शाक्य
तथा अन्य कलाकारहरु

CC-0. In Public Domain. Digitization by eGangotri

६२. स्व. मायादेवी भारीको स्मृतिमा बास्सानाच रामलीलाको शोभायात्रा गाइजात्रा(सापारु)

सन्तति विवरण

छोरा/बुहारीहरु

हरेराम/पूर्णलक्ष्मी भारी

हरेराम/रमादेवी भारी

रामकृष्ण/मीरा भारी

छोरी

सुश्री दुर्गालक्ष्मी भारी

सुश्री मंगललक्ष्मी भारी

विद्यालक्ष्मी राजभण्डारी

महालक्ष्मी राजभण्डारी

श्रीलक्ष्मी राजभण्डारी

ज्वाईहरु

स्व.टिकाबहादुर राजभण्डारी

लालबहादुर राजभण्डारी

जगदिश्वर राजभण्डारी

नाति/नातिना ४०

पनाति/पनातिनी ६२

खनाति/खनातिना २

(ईति सम्वत् २०६१ साल भाद्र १५ गते मंगलवार रोज ३ शुभम्)

समयः-दिनको ३ बजे

प्रसाद वितरणः-६.३० बजे

CC-0. In Public Domain. Digitization by eGangotri

रामलीलाको भक्ति सङ्कीर्तन-१

रचनाकार तथा संगीतकारः-शुभराम भारी

मा-सा । निध निध मग म। ग-ध-। मग मग सानि सा ।
धनि साग मध नि । सास निध मग सा। नि सा ग..................
सा ग म......................

जय जय जननी ! जय जय माता !
तिमी हौ हाम्रा भाग्य विधाता !
गाथा तिम्रो गाउँदछौ आमा !
ममताकी देवी हे मायादेवी !
दयाकी खानी हे मायादेवी आमा !

तिमी दुर्गा काली मंगला लक्ष्मी माता !
तिमी अम्वे भगवती बंगलामुखी माता !
जन्म लियौ ! ज्ञान दियौ ! तिम्रो जय होस् माता !

पाल्पा जन्मभूमि, बागलुङ कर्मथलो !
चिताएनौ कहिल्यै कसैको कुभलो !
संझाई बुझाई दिन्थ्यौ ज्ञानधारा !
दुःखित मनको हुन्थ्यौ साहारा जय जय जननी !

दुःखमा कहिल्यै आत्तिएनौ आमा !
सुखमा पनि, मात्तिएनौ आमा !
तिमी राधाकृष्ण अनि सीतराम !
तिमी नै हाम्रो हौ चारधाम !

मा-सा । निध निध मग म। ग-ध- । मग मग सानि सा ।
धनि साग मध नि । सास निध मग सा। नि सा ग..................
सा ग म......................

पतिको सेवा, छोरालाई कर्म !
छोरीलाई सिकायौ, नारीको धर्म !
ज्वाई चेलीको, सधै राख्यौ मान !

CC-0. In Public Domain. Digitization by eGangotri

पाहुना कुटुम्वको उस्तै सम्मान !
जय जय जननी...............

नाति र नातिना, कति धेरै होलान्
हाम्रो विछोडमा कति आँखा रोलान्
भोगी सकेथ्यौ पनाति पनि !
देखेर गयौ खनाति पनि !
मा-सा । निध निध मग म। ग-ध- । मग मग सानि सा ।
धनि साग मध नि । सास निध मग सा। नि सा ग...................
सा ग म..............

त्रौरानब्बे बर्षको, हिउँद बर्ष काटी !
कृष्णजन्माष्टमीको, नौ बजे राति !
छोडी जालान् भन्ने थिएन विश्वास !
सय बर्षसम्म, बाँच्लान् भन्ने आशा !
जय जय जननी............................

जन्म मरणको यो नित्य चोला !
तैपनि माया लाग्ने किन होला ?
आत्मा मिल्छ प्रभु नै शरीर माटोमा !
आउँदैछिन् उनी प्रभु तिम्रो बाटोमा !
मा-सा । निध निध मग म। ग-ध- । मग मग सानि सा ।
धनि साग मध नि । सास निध मग सा। नि सा ग...................

CC-0. In Public Domain. Digitization by eGangotri

भक्ति सङ्कीर्तन–२

रचनाकार तथा संगीतकारः-शुभराम भारी

हे रघुनन्दन ! विश्व विधायक !
भक्तहरुमा राखिदेऊ विवेक !
तिमी त एक प्रभु नाम अनेक
गर्दछौ हामी तिम्रो अभिषेक ।
रघुपति राधव राजाराम ! जयराम राजाराम राजाराम !
पतित पावन सीताराम ! सीताराम, सीताराम, सीताराम !

तिम्रो लीलामा नाचिरहेछौ
हाँसिरहेछौ बाँचिरहेछौ ।
तिम्रै ईच्छामा चल्दछ श्वास
तिम्रै जगत्मा बसेका छौ बास ।

हरेराम हरेराम ! रामराम हरेहरे हरेराम !
हरेकृष्ण ! हरेकृष्ण ! कृष्णकृष्ण हरेहरे हरे कृष्ण !

खालि हात आयौ जाने खालि हात
पाप-पुण्य दुई जाने रैछ साथ ।
धनबल रुपको अभिमान किन ?
आफूभित्र बस्ने प्रभुलाई चिन ।

रघुपति राधव राजाराम ! जयराम राजाराम राजाराम !
पतित पावन सीताराम ! सीताराम, सीताराम, सीताराम !

आज गइन् उनी भोलि हाम्रो पालो
आउँछ सबको पालो न किन कालो ?
जानुपर्ने सम्झी गरौं ब्यवहार
साथी भाइ समाजको नवनौं न भार ।

हरेराम हरेराम ! रामराम हरेहरे हरेराम !
हरेकृष्ण ! हरेकृष्ण ! कृष्णकृष्ण हरेहरे हरे कृष्ण !

सत्य र सेवा धर्मको आधार

CC-0. In Public Domain. Digitization by eGangotri

परउपकार जीवनको सार्
भित्रभित्रै पोल्ने नगरौं न काम
सत्य वचन बोलौ त्यही हो राम-नाम ।

हरेराम हरेराम ! रामराम हरेहरे हरेराम !
हरेकृष्ण ! हरेकृष्ण ! कृष्णकृष्ण हरेहरे हरे कृष्ण !

हे रघुनन्दन ! विश्व विधायक !
भक्तहरुमा राखिदेऊ विवेक !
तिमी त एक प्रभु नाम अनेक
गर्दछौ हामी तिम्रो अभिषेक ।

रघुपति राधव राजाराम ! जयराम राजाराम राजाराम !
पतित पावन सीताराम ! सीताराम, सीताराम, सीताराम !

हरेराम हरेराम ! रामराम हरेहरे हरेराम !
हरेकृष्ण ! हरेकृष्ण ! कृष्णकृष्ण हरेहरे हरे कृष्ण !

CC-0. In Public Domain. Digitization by eGangotri

रामलीलामा सहभागी कलाकारहरु

रामः- श्री प्रद्युम्न भारी
सीताः- सुश्री इच्छा राजभण्डारी
लक्ष्मणः- श्री सजेश राजभण्डारी
हनुमानः- श्री आशिष भारी

स्वर

जिद्धिराज श्रेष्ठ	सुनिता शाक्य
उत्तम राजभण्डारी	सुनिता शाक्य
सुदर्शन शाक्य	सुस्मिता शाक्य
दिपेन्द्र शाक्य	दिपाञ्जलि शाक्य
रोशनी शाक्य	सविना पुन
सविता शाक्य	उषा लामा
सिलता ब्रजाचार्य	रोजी थापा
सावित्री श्रेष्ठ	निता काउचा

र साथीहरु

वाद्यवादन

श्री जीवन आचार्य
श्री विक्रम शाक्य
श्री मुकेश राजभण्डारी
श्री सुदेश राजभण्डारी
र साथीहरु

CC-0. In Public Domain. Digitization by eGangotri



स्व.माथवरसिंह श्रेष्ठ
जन्मः वि.सं. १९८४।२।७
मृत्युः वि.सं. २०६३।८।२७

CC-0. In Public Domain. Digitization by eGangotri

६३.स्व. माथवरसिंह श्रेष्ठको स्मृतिमा
बास्सानाच
कृष्णलीला-रामलीलाको
शोभायात्रा
दिवंगत् आत्माको चिरशान्तिको लागि
हार्दिक श्रद्धाञ्जलि

पत्नी
देवीकुमारी श्रेष्ठ

पुत्र
अमृतलाल श्रेष्ठ
भूपेन्द्रलाल श्रेष्ठ

पुत्रबधू
शोभाकुमारी श्रेष्ठ
यमुना श्रेष्ठ

छोरीहरु
शशिकिरण श्रेष्ठ
पुष्पकिरण सैजू
कल्याणीकिरण भारी
बर्णकिरण वन्त
अनुशुयाकिरण वन्त

ज्वाईहरु
भूजेन्द्रकुमार श्रेष्ठ
श्यामप्रसाद सैजू
बीरनारायण भारी
मिष्टरराज वन्त
धुव्रराज वन्त

२०६४ भाद्र १२ गते गाइजात्रा(सापारु)को शोभायात्रा
(जनैपूर्णिमाको भोलिपल्ट, कृष्णपक्ष, प्रतिपदा)
(ई.स. २९ अगष्ट २००७)

CC-0. In Public Domain. Digitization by eGangotri

सम्वोधित-उद्गार

स्व. माथवरसिंह श्रेष्ठको स्मृतिमा आयोजित कृष्णलीला-रामलीला नामक बास्सानाचको शोभायात्रा शुभारम्भ हुनुभन्दा अघि सम्पूर्ण आफन्तजन, आमन्त्रित महानुभावहरुको भेलामा संगीत संयोजक महेशचनद्र प्रधानद्वारा संवत् २०६४।५।१२।४ को दिन मृत व्यक्तिप्रतिको प्रस्तुत उद्‌गार यस प्रकार छ ।

आदरणीय सम्पूर्ण दर्शकवृन्द !

आज प्रतिपदा तिथिको दिन अर्थात भाद्रजनैपूर्णिमा रक्षबन्धनको भोलिपल्ट भाद्र १२ गते गाइजात्रा(सापारु) नेवारी सँस्कृतिमा विगत १ बर्षभित्र दिवंगत् हुनुभएका मृत व्यक्तिको स्मृतिमा तायोमचा, साँढे र बास्सानाच(रामायण, महाभारतमा आधारित)को शोभायात्राको सिलसिलामा कतै घिन्ताकिसी, कतै ताहामचा त कतै परीनाच निकाली मृत आत्माप्रति चिरशान्तिको कामना गर्ने परम्परा नेपाल अधिराज्य भरि कै नेवारी समुदायमा रहेको पाइन्छ ।

यसै क्रममा बागलुङमा वि.सं. १९८३ सालको गाइजात्रा(सापारु)को भोलिपल्ट प्रतिपदाको तिथिमा स्व. अश्विनीकुमार श्रेष्ठ(वभ्का)को अग्रसरतामा स्व. चित्रलाल भारीको स्मृतिमा बास्सानाच सर्वप्रथम प्रस्तुत गरिएको तथ्य हाम्रा वरिष्ठ साहित्यकार तथा अनुसन्धाता प्रेम छोटाज्यूबाट जानाकारी प्राप्त भएको छ ।

समयक्रमका दौडानमा हाम्रा प्रातः स्मरणीय स्व. माथवरसिंह श्रेष्ठको स्मृतिमा आज २०६४ साल भाद्र १२ गते बुधवारका दिन हामी दिवंगत् आत्माको चिरशान्तिको कामना गर्दै रामलीला-कृष्णलीला नामको बास्सानाचको शोभायात्रामा जुटिरहेका छौ । यस शोभायात्रामा सहभागी हुनुहुने कलाकारहरु तथा सहयोगी बन्धुहरु निम्नानुसार हुनुहुन्छ ।

आजको शोभायात्राको कार्यक्रममा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सघाउनु हुने परिवारजन, इष्टमित्र, छिमेकी, शुभेच्छुक सवैमा हामी र हाम्रो तर्फबाट हार्दिक आभार प्रकट गर्दै दिवंगत् आत्माको चिरशान्तिका लागि कामना गर्दछौ ।

CC-0. In Public Domain. Digitization by eGangotri

रामलीलामा सहभागी कलाकारहरु

कृष्णलिलामा सहभागी कलाकारहरु

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. माथवरसिंह श्रेष्ठको पुण्यस्मृतिमा
कालजयी सङ्कीर्तन

शब्द रचना:-प्रेम छोटा
संगीत:-महेशचन्द्र प्रधान

सियाराम ! राधेश्याम ! सियाराम ! राधेश्याम !
सियाराम ! राधेश्याम ! सियाराम ! राधेश्याम !
हे रघुनन्दन ! जनक किशोरी ! सीताराम ! मनोहर जोडी
हे यदुनन्दन ! भानुकी छोरी ! राधेश्याम ! मनोहर जोडी ।

गाउँछौ बाबा हरपल गाउँछौ
माथवरसिंहको जीवनी पुकार्छौं
मनमा गाँठो मुटुमा भक्कानो
पारी अलाप्छौ प्रभु ! पार लगाऊ ।

सियाराम ! राधेश्याम ! सियाराम ! राधेश्याम !
सियाराम ! राधेश्याम ! सियाराम ! राधेश्याम !
हे रघुनन्दन ! जनक किशोरी ! सीताराम ! मनोहर जोडी
हे यदुनन्दन ! भानुकी छोरी ! राधेश्याम ! मनोहर जोडी ।

उन्नाईस सय चौरासी, जेठ सातमा
जन्मी हुर्क्यौं बागलुङ बजारमा
सुखमा दु:खमा हाँसी रमायौ
यसरी नै असिऔं गाँठ मनायौ !

सियाराम ! राधेश्याम ! सियाराम ! राधेश्याम !
सियाराम ! राधेश्याम ! सियाराम ! राधेश्याम !
हे रघुनन्दन ! जनक किशोरी ! सीताराम ! मनोहर जोडी
हे यदुनन्दन ! भानुकी छोरी ! राधेश्याम ! मनोहर जोडी ।

दुई भाइ छोरा, पाँच बहिनी छोरी
जन्माई हुकार्यौ सक्षम बनायौ
नाति, नातिना पनातिलाई

CC-0. In Public Domain. Digitization by eGangotri

दुःख कष्ट सहेर बोल्न सिकायौ ।

सियाराम ! राधेश्याम ! सियाराम ! राधेश्याम !
सियाराम ! राधेश्याम ! सियाराम ! राधेश्याम !
हे रघुनन्दन ! जनक किशोरी ! सीताराम ! मनोहर जोडी
हे यदुनन्दन ! भानुकी छोरी ! राधेश्याम ! मनोहर जोडी ।

साँझ विहान पलपलमा जपी
प्रभुको नाम लिई प्रभुको ध्यान धरी
धर्म कर्ममा सदा मनकारी
निश दिन प्रभुको नाम पुकारी ।

सियाराम ! राधेश्याम ! सियाराम ! राधेश्याम !
सियाराम ! राधेश्याम ! सियाराम ! राधेश्याम !
हे रघुनन्दन ! जनक किशोरी ! सीताराम ! मनोहर जोडी
हे यदुनन्दन ! भानुकी छोरी ! राधेश्याम ! मनोहर जोडी ।

लौकिक जीवन लिई मुक्त हुनु
छुट्टिनु दैवको परमलीला हो
देवीको प्राणप्रीय ! जीवन साथी !
बज्र प्रहार भो प्रभु ! परिवारमाथि ।

सियाराम ! राधेश्याम ! सियाराम ! राधेश्याम !
सियाराम ! राधेश्याम ! सियाराम ! राधेश्याम !
हे रघुनन्दन ! जनक किशोरी ! सीताराम ! मनोहर जोडी
हे यदुनन्दन ! भानुकी छोरी ! राधेश्याम ! मनोहर जोडी ।

दुई हजार त्रिसठ्ठी, मंसीर सत्ताईस
कसरी हऱ्यौ यो अनाथलाई **नाथ** ।
हरपल हरक्षण प्रभु नाम जप्दै
आइरहेछ प्रभु ! तिम्रै चरण ॥

सियाराम ! राधेश्याम ! सियाराम ! राधेश्याम !
सियाराम ! राधेश्याम ! सियाराम ! राधेश्याम !
हे रघुनन्दन ! जनक किशोरी ! सीताराम ! मनोहर जोडी
हे यदुनन्दन ! भानुकी छोरी ! राधेश्याम ! मनोहर जोडी ।

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्णलीला-रामलीलामा शोभायात्राका सहभागी कलाकारहरु

कृष्ण:- सुश्री काजल श्रेष्ठ

राधा:- सुश्री अर्चना विजुक्ष

राम:- सुश्री सिर्जना बिजुक्ष

सीता:- सुश्री ज्योस्तिका श्रेष्ठ

लक्ष्मण:-सुश्री सिजु अधिकारी

हनुमान:-श्री फेमसराज वन्त

बाद्यवादन

हार्मोनियम:- श्री महेशचन्द्र प्रधान

मादल/तवला:-श्री पद्मप्रसाद श्रेष्ठ

:-श्री मञ्जुल शाक्य

मुजुरा :-श्री राजेन्द्रप्रसाद श्रेष्ठ

गायक/गायिकाहरु

श्री महेशचन्द्र प्रधान, श्री वेदविकल शाक्य, श्रीमती उषा लामा सुश्री सुस्मिता शाक्य, सुश्री सेवा श्रेष्ठ, सुश्री सञ्जिना शाक्य तथा अन्य कलाकारहरु

कार्यक्रम

स्थान:- भीम (देउराली) चोक, बा.न.पा.-४

फोन:-५२०४२३

समय:- दिनको १.०० बजे

मिति:- २०६४ भाद्र १२ गते बुधवार

प्रसाद वितरण:- साँझ ६ बज

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. डा.बद्रीनारायण भारी
जन्म:वि.सं.१९८८।१०।१०
मरण: वि.सं. २०६३।६।२०

CC-0. In Public Domain. Digitization by eGangotri

६४.स्व. डा. बद्रीनारायण भारीको पूण्यस्मृतिमा बास्सानाच रामलीलाको शोभायात्रा गाईजात्रा(सापारु)

सन्तति विवरण

भाइबुहारी

श्रीमान्/श्रीमती केदारनारायण भारी

श्रीमान्/श्रीमती जगत्नारायण भारी

श्रीमान्/श्रीमती द्वारिकानारायण भारी

स्व. चिरञ्जिवीनारायण भारी

छोरा बुहारी

डा. ब्रहमनारायण भारी/सरीता भारी

श्री पद्मनारायण भारी/सोफिया भारी

श्री सुर्दशननारायण भारी/साधना भारी

श्री सम्पुर्णनारायण भारी/संगम भारी

श्रीमती रुपा भारी

छोरी स्व. जीवन प्रधान र मिलन प्रधान

ज्वाईः- रत्नमान प्रधान

नातिः-विन्सन, डा, रुपक भारी(निपूर्ण, निर्देशन, निराजन, अन्नपूर्ण, बैभव भारी)

नातिनी शुभकामना बडगामी, मनकामना श्रेष्ठ, सुश्री अनुजा भारी,

पनातिहरुः- ४

इतिसम्वत्२०६४साल भाद्र १२ गते बुधवार रोज् ४ शुभम्।

ई.सं. २९अगष्ट २००७

गाइजात्रा शोभायात्रा प्रारम्भ १२ बजे

स्थानः- नारायणचोक ३, बागलुङ(९८५१०३३३१८)

प्रसाद ग्रहणः- ४.००बजे

प्रार्थी

श्रीमती सन्तकुमारी भारी, श्रीमती जयनदेवी भारी

CC-0. In Public Domain. Digitization by eGangotri

रामलीलाको भक्ति सङ्कीर्तन

रचना तथा संगतिः-शुभराम भारी

राम ! जय जय राम ! प्रभु राम ! जय जय राम !

हे रघु नन्दन ! सबका प्यारा
सुनिदेऊ तिमीले हाम्रो पुकारा
आइरहेछ प्रभु ! फेरि एक आत्मा !
लीन गराऊ प्रभु ! तिम्रै साथमा !

सीताराम राम राम ! राधेश्याम श्याम श्याम श्याम !
प्रभुराम राम राम राम ! जय घनश्याम श्याम श्याम !

सुनसुन उनको, राम कहानी,
माघ १४ गते एक, सुन्दर विहानी
उन्नाईससय अठासीको थियो नि त्यो बर्ष
टेकनारायण र हरिमायाको कोखमा छायो हर्ष

CC-0. In Public Domain. Digitization by eGangotri

रघुपति राधव राजाराम ! पतित पावन सीताराम !
रघुपति राधव राजाराम ! पतित पावन सीताराम !

तीन दिदी बैनी उनका पाँच दाजुभाइ
वरावरी माया दिन्थे सबै जनालाई
परिवारको सेवा गर्ने सन्तान बद्री उनको नाम
बिरामीको सेवा गर्ने रोजे उनले काम

सीताराम राम राम ! राधेश्याम श्याम श्याम श्याम !
प्रभुराम राम राम राम ! जय घनश्याम श्याम श्याम !

साथीभाइ इष्टमित्र सबका प्यारा थिए
भक्ति, संगीत कलालाई दिनु माया दिए
मीठो बोल्ने, सफा लाउने, थियो उनको बानी
सल्लाह र सुझाउ दिन्थे, सबलाई आफ्नो ठानी

रघुपति राधव राजाराम ! पतित पावन सीताराम !
रघुपति राधव राजाराम ! पतित पावन सीताराम !

धर्मपत्नी दुई उनको, कर्मको खेला
परिवारलाई मिलाई राखे, गरेनन् है हेला
भाइ, छोरा, छोरी नाति सपरिवार भारी
जानै पर्ने एक दिन सबलाई माया मारी

सीताराम राम राम ! राधेश्याम श्याम श्याम श्याम !
प्रभुराम राम राम राम ! जय घनश्याम श्याम श्याम !

बर्मामा जन्मे उनी बागलुङमा कर्म घर
कसको मरण कहाँ हुन्छ, कसलाई थाहा छ र ?
दशै मान्न, आशिष दिन, गएको त्यो बेला
कान्तिपुर मै उड्यो प्राण, यो दैवको खेला

रघुपति राधव राजाराम ! पतित पावन सीताराम !
रघुपति राधव राजाराम ! पतित पावन सीताराम !

को पहिले जाने होला ? को पछि जाने ?

CC-0. In Public Domain. Digitization by eGangotri

कसको बसमा छ र ? त्यो त, काल रै छ लाने
पचहत्तर बर्षको त्यो जीवन समस्त
२० असोज २०६३ मा भयौ छिन मै अस्त

सीताराम राम राम ! राधेश्याम श्याम श्याम श्याम !
प्रभुराम राम राम राम ! जय घनश्याम श्याम श्याम !

खालि हात आयौ हामी, जाने खालि हात
पाप र पुण्य दुई, जाने रैछ साथ
जानुपर्ने सम्झी, गरौ ब्यवहार
परउपकार नै जीवनको सार

रघुपति राधव राजाराम ! पतित पावन सीताराम !
रघुपति राधव राजाराम ! पतित पावन सीताराम !

आज गए उनी भोलि हाम्रो पालो
आउँछ सबैको पालो गरौं हातेमालो
धन, बल, रुपको अभिमान किन ?
आफूभित्र बस्ने, प्रभुलाई चिन !

सीताराम राम राम ! राधेश्याम श्याम श्याम श्याम !
प्रभुराम राम राम राम ! जय घनश्याम श्याम श्याम !

राम ! जय जय राम ! प्रभु राम ! जय जय राम !

हे रघु नन्दन ! सबका प्यारा
सुनिदेऊ तिमीले हाम्रो पुकारा
आइरहेछ प्रभु ! फेरी एक आत्मा !
लीन गराऊ प्रभु ! तिम्रै साथमा !

सीताराम राम राम ! राधेश्याम श्याम श्याम श्याम !
प्रभुराम राम राम राम ! जय घनश्याम श्याम श्याम !
रघुपति राधव राजाराम ! पतित पावन सीताराम !
रघुपति राधव राजाराम ! पतित पावन सीताराम !
सीताराम राम राम ! राधेश्याम श्याम श्याम श्याम !
प्रभुराम राम राम राम ! जय घनश्याम श्याम श्याम !

CC-0. In Public Domain. Digitization by eGangotri

बास्सानाचमा सहभागी कलाकारहरु

राम :- विपिन वझा
सीता :- सुमन श्रेष्ठ
लक्ष्मण :-धिरज शाक्य
हनुमान :-प्रचण्ड राजभण्डारी

अन्य हनुमानहरु

युवराज राजभण्डारी
तुल्सीनारायण भारी
प्रद्युम्न भारी
रञ्जित मलेपति
नमोनारायण श्रेष्ठ
अनु श्रेष्ठ
लोकेन्द्र रोका
सुरज वझा

भजनमा सहभागी कलाकारहरु

स्वर : शुभराम भारी
उत्तम राजभण्डारी
ओमकार थापा
शुदर्शन शाक्य र साथीहरु

केटी :- सुनिता शाक्य
दीपाञ्जली शाक्य
रोशनी शाक्य
सावित्रि श्रेष्ठ
दिलमाया थापा क्षेत्री
पार्वती थापा क्षेत्री र साथीहरु

बाद्यबादक : शिव शाक्य, बलबहादुर थापा र टेकबहादुर थापा
बाँसुरी : मनु रोका र साथीहरु

CC-0. In Public Domain. Digitization by eGangotri

पुनश्च::

६५. बागलुङ बजार नौबिसे टोल निवासी स्व. रत्नबहादुर वझन्थाछेँको स्मृतिमा बागलुङ बजारमा उनका परिवारजनबाट बास्सानाचको शोभायात्रा गरिएको कुरा बालगुङका काठमाडौं निवासी टोपबहादुर विजुक्षबाट जानकारी प्राप्त भएको आधारमा उल्लेख गरिएको छ । सो बास्सानाचमा प्रमुख कलाकारको रुपमा टोपबहादुर विजुक्ष स्वयम् भाग लिएको बताइन्छ तर प्रदर्शित बास्सानाचको मिति भने स्पष्ट रुपमा खुल्न नसकेको बुझिन्छ ।

६६. त्यस्तै बागलुङ बजार नौबिसे टोल निवासी स्व. गणेशप्रसाद वझान्थाछेँको छोरा गोपालप्रसाद बझान्थाछेँ बुटवलमा गई आफ्नै निवास स्थानमा मरण भएको हुँदा उनको स्मृतिमा परिवारजनबाट बुटवलमा नै बास्सानाचचको शोभायात्रा गरिएको कुरा उनका छोरा कल्याण वझाबाट जानकारी प्राप्त भएको आधारमा उल्लेख गरिएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ ग्रन्थ तथा स्रोत ब्यक्तिहरु

१. **सत्यमोहन जोशीः**-"नेपाली चाडपर्व" प्रकाशक नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान रजत् जयन्ती, प्रकाशन माला, ११-०३८, पृष्ठ-१०१

२. **सुनिल सिटौला** "सय बर्षे पात्रो" वि.सं. २००१-२१००, प्रकाशक गौतम ब्रर्दश दिल्लीबजार मुद्रण-लुम्विनी प्रेस, दिल्ली बजार, काठमाण्डौ

३. **प्रो. ढुण्डीराज भण्डारीः**- "नेपालको ऐतिहासिक विवेचना" प्रकाशक, कृष्णकुमारी दुग्धविनायक बाराणसी, २०१५, पृष्ठ १२३-१२८

४. **नेपाली बृहत् शब्दकोष-**नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान कमलादी, काठमाण्डौ-नेपाल-२०४०

५. बागलुङ बजार माँझकोट टोलका (तत्कालका)९४ बर्षीय बयोबृद्ध साहु अश्विनी कुमार श्रेष्ठसँग मितिः-२०६४।५।२३ मा उहाँबाट प्राप्त जानकारी अनुसार

६. बागलुङ बजार देउरालीचोक निवासी ९२ बर्षीय बयोबृद्ध सँस्कृतिकर्मी मोतिकुमार श्रेष्ठसँग मिति २०६४।५।१३ मा उहाँबाट प्राप्त जानकारी अनुसार ।

७. पोखरा भैरव टोल निवासी ८६ बर्षीय बैद्य **श्री गोपाल वैद्य**बाट मिति २०६४ भाद्रमा उहाँबाट प्राप्त जानाकारी अनुसार

८. बागलुङ बजार किनाराटोल निवासी ७३ बर्षीय कृष्णलाल राजभण्डारीसँग मितिः- २०६४भाद्र ११ गते उहाँबाट प्राप्त जानाकारी अनुसार ।

९. लुम्विनी अंचल, बुटवल(बागलुङबासी) का अग्निकुमार श्रेष्ठ मितिः- २०६४।५।११ गतेको दिन बागलुङमा प्रदर्शन गरिने गाइजात्राको अवसरमा बागलुङमा आउँदाको समयमा उहाँबाट प्राप्त जानकारी अनुसार

१०. बागलुङ बजार किनाराटोल ३, निवासी सूर्यप्रसाद श्रेष्ठ मिलनबाट प्राप्त जानकारी अनुसार

११. बागलुङ बजार नारायणचोक निवासी ७८ बर्षीय काकी **मोहनकुमारी गौचन**,बाट प्राप्त जानकारी अनुसार, श्रीनगरटोल निवासी ७३ बर्षीय श्रीमती ज्ञानकुमारी खड्का तथा नयाँबजार निवासी लक्ष्मीप्रसाद शाक्यबाट प्राप्त जानकारी अनुसार

१२. बागलुङ बजार कम्पुटोल निवासी (काठमाडौंबासी) बालकृष्ण नेभाबाट

CC-0. In Public Domain. Digitization by eGangotri

६ वटा भजन र सम्पूर्णनारायण भारीबाट ४ वटा भजन

१३. बागलुङ बजार नौबिसे टोलका (काठमाडौ निवासीं) टोपबहादुर तथा बैकुण्ठप्रसाद विजुक्षबाट प्राप्त जानकारी अनुसार ।

१४. बास्सानाचसँग सम्बन्धित विभिन्न सरोकार व्यक्तिहरुसँगको भेटवार्ताको आधारमा उल्लेख छ ।

१५. **हरिराम जोशी-गोयात्रा,** "नेपालका चाड पर्व", प्रकाशक जोशी रिसर्च इन्स्टिच्युशन निर्मित-२०६०, पृष्ठ ८३-८४

394.3
जो429बा

Kathmandu, Nepal
काठमाण्डौ
G Acc. No. 3669

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

जन्म: २००२ बैशाख १४ गते
बागलुङ बजार किनारा टोल, बा.न.पा. ३

शिक्षा: स्नातकसम्म
क) प्रकाशित कृति-२२
(कविता, कथा, लोक संस्कृति, साहित्य, समीक्षा, अन्वेषण- अनुशीलन र सम्पादन आदि)
ख) प्रकाशोन्मुक कृति-२०

पदक पुरस्कार तथा सम्मान

प्रहसन प्रतिभा रजत पदक-२०१८
प्रहसन प्रतिभा रजत पदक-२०१९
The Honorary Mention- Award-1996 INLS,USA
राष्ट्रिय प्रतिभा पुरस्कार-२०५३
गोपाल पाँडे असीम पुरस्कार-२०५६

सम्मान: बागलुङस्थित ७ ओटा सामाजिक संघसस्थाद्वारा सम्मान-२०५६
नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट विद्धत्बृत्ति प्राप्त-२०५८
गणेश-खिलकुमारी दुवाल जनमत सम्मान - २०५९

सम्मान: बृहत् साहित्यिक तथा साँस्कृतिक भेला, लेखानी, बागलुङ-२०६१

सम्मान: नेपाल भाषा मंकाः खलः बागलुङ-२०६२
राष्ट्रिय नागरिक स्वर्ण सम्मान तथा नागरिक अभिनन्दन, Civil Forum Nepal-2063

सम्मान तथा अभिनन्दन: घुम्टे प्रकाशन प्रा.लि. बागलुङ-२०६३
AMBASSADOR FOR PEACE -UNIVERSAL PEACE FEDERATION.NEPAL-2006

सम्मान तथा अभिनन्दन: स्व. आदित्य पन्तको स्मृतिमा लोकार्पित समारोह-२०६४

सम्मान तथा अभिनन्दन: ओशो जीवन जागृती केन्द्र, बागलुङ-२०६५

सम्बद्ध: संस्थापक संरक्षक- रत्न-श्रेष्ठ पुरस्कार गुठी-२०३४, रत्न-श्रेष्ठ पुरस्कार पुस्तकालय-२०३७
कार्यकारिणी सदस्य-नेपाल भाषा एकेदमि, नेपाल-२०४८
सस्थापक संरक्षक-रत्न श्रेष्ठ राष्ट्रिय सम्मान-२०५३
सस्थापक संरक्षक- जगत्चन्द्र स्मृति सम्मान कोष-२०५८
संरक्षक:विद्या मन्दिर पुस्कालय-२०५९
संरक्षक:जनमत प्रकाशन-२०५९
सदस्य:लोक साहित्य उपसमिति, तत्कालीन ने.रा.प्र.प्र.-२०६२ लगायतका दुई दर्जन भन्दा बढी आञ्चलिक, क्षेत्रीय तथा राष्ट्रिय स्तरका प्राज्ञिक संघ सस्थाहरूमा सक्रिय संलग्नता



प्रेम छोटा

ISBN- 978-9937-8014-3-0